# परिच्छेद १. परिचय

## १.१ पृष्ठभूमी

मध्ममकालीन खर्च संरचनाले आवधिक योजना, एकीकृत गाउँ विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । लालझाडी गाउँपालिकाको आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्न अनिवार्य कानुनी व्यवस्था गरेको छ । गाउँ कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र अन्य सरोकारवालासँग राय परामर्शका साथै आवधिक योजना, उपलब्ध शाखागत सूचना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक विकास योजना तथा मध्यमकालीन खर्च संरचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधार मानी यो दस्तावेज तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो जसले सरकारसँग उपलब्ध सीमित स्रोत–साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरु समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework ( MTFF)) निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाट, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा÷शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework (MTB)) तयार गरिन्छ । यस दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework (MTRF)) तयार गरिएको हुन्छ ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रुपमा तयार गरिने योजना दस्तावेज हो । यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ, यो प्रकृया वार्षिकरुपमा गरिरहनु पर्दछ । मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रकृयालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । साथै मध्यमकालीन खर्च संरचनाको तयारीका विशिष्ठ उद्देश्य देहायअनुसार रहेका छन् :

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।
ख) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत–साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु;
ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु;
घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु;
ङ) सार्वजनिक खर्चलाई प्रभावकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, एकीकृत नगर विकास योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

क) नेपालको संविधान २०७२
ख) दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५–२०३०)
ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
घ) राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६ /०७७–२०८१ / ०८२)
ङ) सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना (२०७६ / ०७७ – २०८१ / ०८२)
च) नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७ / ०७८)
छ) राष्ट्रिय तथा प्रदेश सरकारको मार्गनिर्देशन
ज) लालझाडी गाउँपालिकाको आवधिक योजना (२०७८ / ०७९ – २०८२ / ०८३)
झ) लालझाडी गाउँपालिकाको प्रोफाइल
ञ) गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्य (Millennium Development Goals - MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (Sustainable Development Goals – SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ ।

उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य–१ हो । यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति÷समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुर्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य–१ (शून्य गरिबी), लक्ष्य–२ (भोकमरीको अन्त्य), लक्ष्य–८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य–१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता

स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य–३ (स्वस्थ जीवन), लक्ष्य–४ (गुणस्तरीय शिक्षा), लक्ष्य–५ (लैंगिक समानता) र लक्ष्य–६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य–९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (दिगो तथा सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य–१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य–१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य–१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

लालझाडी गाउँपालिकाले हालसम्म दिगो विकास लक्ष्यमा केन्द्रित गरी दिगो विकास लक्ष्य, महत्व, जिम्मेबारी सम्बन्धी जनप्रतिनिधी, कर्मचारीहरुलाई जानकारीमूलक तालिम कार्यक्रम प्रस्तावित गरेको छ । दिगो विकासका लक्ष्य हासिल गर्न प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा योगदान पुर्याउन वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीलाई दिगो विकास मैत्री तुल्याउने अठोट लिएको छ । दिगो विकास लक्ष्य स्थानियकरणमा आधारीत रही गाउँपालिकाको सङ्घीय सरकार तथा सुदुरपस्चिम प्रदेशसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने र गाउँपालिकाका शाखागत कार्यक्रमहरु दिगो विकास लक्ष्यमा आधारित भई समिक्षा गरी प्रतिवेदन तयार गर्ने प्रयास गरिएको छ ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता एकरुपमा कायम गर्ने प्रयास छ । यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन–कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुर्याउने खालका रहेका छन् । समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा यस लालझाडी गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा बिधी तथा प्रकृया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९, लालझाडी गाउँपालिकाको आवधिक योजना लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यसका साथै संघ, प्रदेश र स्थानीय तहका बिभिन्न ऐन, नीति, नियम, कार्यबिधी लगायत लालझाडी गाउँपालिकाका प्रतिवेदनहरु, बिभिन्न स्रोतमार्फत प्राप्त तथ्याङ्कहरु पनि समेट्ने प्रयास गरिएको छ। मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरिएको छ :

**चरण १: तयारी चरण**

***प्रकृया १: प्राविधिक सहयोगका लागि टोलि परिचालन***

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण गरियो। अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो। साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो।

***प्रकृया २: नीतिगत, कानुनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा अध्ययन***

प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरु पहिचान गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियो :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर–सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- लालझाडी गाउँपालिकाको आवधिक योजना
- लालझाडी गाउँपालिकाको प्रोफाइल
- लालझाडी गाउँपालिकाको विषय क्षेत्रगत नीति र योजनाहरु
- सुदूरपश्चिम प्रदेशको पहिलो आवधिक योजना
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरु
- लालझाडी गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि।

*प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो । यस बैठकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न महाशाखा - शाखाका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो । बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण २: लेखाजोखा चरण**

*प्रकृया ६: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना*

वि.सं. २०८० चैत्र ४ गते मध्यमकालीन खर्च संरचनाको तर्जु प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिने अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा नगरपालिकाका विषयगत शाखाको कर्मचारीको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धमा गठन गरिएको कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ ।

*प्रक्रिया ७: विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल*

विषयगत रणनीतिक योजना, आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो । यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप–क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

*प्रक्रिया ८: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

अन्तर–सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित नगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र एकीकृत नगर विकास योजना, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**चरण ३: तर्जुमा चरण**

*प्रक्रिया ९: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो विषयगत महाशाखा÷शाखा÷एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप–क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता

निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप–क्षेत्रको सांकेतीकरण गरियो ।

***प्रक्रिया १०: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी***

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा / शाखा / एकाइ सँग छलफल गरी उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

***प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी***

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा आवधिक योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम तथा आयोजनाको सारांश तयार गरि प्रस्तुत गरिएको छ ।

**चरण ४: स्वीकृति चरण**

***प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन***

उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरि आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले गाउँपालिकामा वि.सं. २०८३ जेठ २८ गते अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो ।

***प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी***

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न महाशाखा / शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

***प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको स्वीकृति***

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त गाउँ सभामा पेश गरी स्वीकृत गरियो ।

## परिच्छेद २: मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमि

नेपालमा दशौं योजनादेखि नै मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) तर्जुमा तथा कार्यान्वयनको अभ्यास प्रारम्भ गरिएको हो । विकासका प्राथमिकताप्राप्त क्षेत्रहरूमा उपलब्ध साधन तथा स्रोतको प्रभावकारी परिचालन, सार्वजनिक खर्चको नतिजामुखी व्यवस्थापन तथा वित्तीय अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचनालाई महत्वपूर्ण सार्वजनिक वित्त व्यवस्थापन उपकरणका रूपमा प्रयोग गरिँदै आएको छ । सामाजिक, आर्थिक तथा पूर्वाधार विकासमार्फत समृद्धि हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्रोत तथा साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनबीच सन्तुलन कायम हुनु आवश्यक हुन्छ । यी तीनवटै पक्षलाई सुदृढ गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने प्रमुख माध्यमका रूपमा मध्यमकालीन खर्च संरचनालाई लिने गरिन्छ ।

संघीय शासन प्रणाली कार्यान्वयनसँगै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका कानुनी व्यवस्थाले संघ, प्रदेश तथा स्थानीय तहलाई प्रत्येक आर्थिक वर्षमा आगामी तीन आर्थिक वर्षको स्रोत तथा खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थाअनुसार चालु, पुँजीगत तथा वित्तीय व्यवस्थापनतर्फ हुने खर्चको यथार्थपरक अनुमान तथा स्रोत व्यवस्थापनको स्पष्ट खाका तयार गर्नुपर्ने हुन्छ । संवैधानिक तथा कानुनी व्यवस्थाको परिपालना गर्दै लालझाडी गाउँपालिकाले आफ्नो दीर्घकालीन सोच, आवधिक योजना, क्षेत्रगत रणनीति तथा विकास प्राथमिकतासँग तादात्म्यता कायम हुने गरी स्रोत–साधनको व्यवस्थित विनियोजनका लागि यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो ।

नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" दीर्घकालीन राष्ट्रिय सोच, राष्ट्रिय विकास योजनाहरू, सुदूरपश्चिम प्रदेशको आवधिक योजना तथा लालझाडी गाउँपालिकाको आवधिक योजनाले परिकल्पना गरेका विकास लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकताहरूको कार्यान्वयनमा वित्तीय व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको छ । विकास योजनाको सफल कार्यान्वयन, वित्तीय संघीयताको प्रभावकारी अभ्यास, समावेशी आर्थिक वृद्धि, गुणस्तरीय सेवा प्रवाह तथा दिगो विकास लक्ष्यहरूको प्राप्तिका लागि मध्यमकालीन खर्च संरचनाले मार्गनिर्देशक दस्तावेजको रूपमा कार्य गर्ने अपेक्षा गरिएको छ ।

आर्थिक वर्ष २०८३/०८४ देखि २०८५ /०८६ सम्मको अवधिलाई समेटेर तयार गरिएको यस मध्यमकालीन खर्च संरचनाले संघ, प्रदेश तथा स्थानीय तहका नीति, योजना, प्राथमिकता र विकास प्रतिबद्धताबीच समन्वय कायम गर्ने प्रयास गरेको छ । साथै गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, विगतका विकास उपलब्धि, दिगो विकास लक्ष्य (SDGs), जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका पक्षहरूलाई समेत समेटिएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्र, स्थानीय आवश्यकता, जनअपेक्षा तथा स्थानीय तहको अधिकार क्षेत्रभित्रका कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकताका आधारमा समावेश गरी उपलब्ध स्रोतको अधिकतम उपयोगमार्फत समृद्ध, समावेशी र दिगो स्थानीय विकास हासिल गर्ने उद्देश्यले यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको हो ।

### २.२ चुनौति तथा अवसर

लालझाडी गाउँपालिकाले नेपालको संविधानद्वारा प्रदत्त स्थानीय तहका २२ वटा एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहबीच साझा रहेका १५ वटा अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दायित्व वहन गरेको छ । यी अधिकारहरूको पूर्ण कार्यान्वयनका लागि आवश्यक कानुन, नीति, कार्यविधि तथा संस्थागत संरचनाको विकास गर्नु आवश्यक भए पनि सबै क्षेत्रमा पर्याप्त नीतिगत तथा कानुनी आधार तयार भइसकेको अवस्था छैन । संविधानले प्रत्याभूत गरेका मौलिक हक, दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय तथा प्रादेशिक विकास योजनाका लक्ष्यहरू तथा गाउँपालिकाको आवधिक योजनाले निर्धारण गरेका उद्देश्यहरू हासिल गर्न पर्याप्त वित्तीय स्रोत, दक्ष जनशक्ति, संस्थागत क्षमता तथा प्रभावकारी कार्यान्वयन संयन्त्रको आवश्यकता पर्दछ । सीमित स्रोत–

साधनका बीच विकासका प्राथमिकताहरू निर्धारण गरी लगानी केन्द्रित गर्नु, सार्वजनिक खर्चलाई नतिजामुखी बनाउनु तथा विनियोजन दक्षता, कार्यान्वयन प्रभावकारिता र वित्तीय अनुशासन कायम गर्नु गाउँपालिकासामु रहेका प्रमुख चुनौतीहरू हुन् ।

यसका अतिरिक्त जङ्गली जनावरसँगको मानव द्वन्द्व, बाढी, डुबान तथा अन्य प्राकृतिक विपद्घाट हुने क्षति न्यूनीकरण, कृषि तथा पशुपालनसम्बन्धी पूर्वाधारको अभाव, पर्यटन पूर्वाधार तथा सूचना केन्द्रहरूको अपर्याप्तता, भौतिक पूर्वाधारको आधुनिकीकरणमा कमी, प्राविधिक तथा व्यावसायिक शिक्षामा सीमित पहुँच, गुणस्तरीय स्वास्थ्य सेवाको असमान पहुँच, बालमैत्री, महिला मैत्री तथा अपाङ्गतामैत्री संरचनाको अभाव, बालविवाह तथा जातीय विभेदजस्ता सामाजिक विकृति, सुरक्षित खानेपानी तथा सरसफाइ सेवाको अपर्याप्तता, फोहोरमैला व्यवस्थापन प्रणालीको कमजोरी तथा खेलकुद पूर्वाधारको सीमित विकासजस्ता विषयहरू पनि गाउँपालिकाका महत्वपूर्ण चुनौतीका रूपमा रहेका छन् ।

यद्यपि, लालझाडी गाउँपालिका विकासका दृष्टिले उल्लेखनीय सम्भावना तथा अवसरहरूले सम्पन्न क्षेत्र हो। कञ्चनपुर जिल्लाको तराई क्षेत्रमा अवस्थित यस गाउँपालिकामा उर्वर कृषि भूमि, अनुकूल जलवायु तथा कृषि उत्पादनका लागि उपयुक्त प्राकृतिक स्रोतहरूको उपलब्धता रहेको छ। व्यावसायिक तथा आधुनिकीकृत कृषि, कृषि–आधारित उद्योग तथा मूल्य शृङ्खला विकासका लागि यहाँ पर्याप्त सम्भावना रहेको छ। जैविक विविधता, वन क्षेत्र, जलस्रोत तथा प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोगमार्फत वातावरणीय तथा आर्थिक लाभ प्राप्त गर्न सकिने अवस्था विद्यमान छ ।

त्यसैगरी, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकास गर्न सकिने प्रशस्त अवसरहरू रहेका छन् । गाउँपालिकालाई सांस्कृतिक तथा पर्यावरणीय पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावनाले स्थानीय अर्थतन्त्रमा नयाँ अवसर सिर्जना गर्न सक्छ । वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवाहरूको ज्ञान, सीप, अनुभव र पूँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा स्थानीय आर्थिक रूपान्तरणलाई गति दिन सकिने सम्भावना पनि उच्च रहेको छ ।

संघीय शासन प्रणालीको संस्थागत सुदृढीकरण, तीनै तहका सरकारबीचको समन्वय, विकास साझेदारहरूको सहयोग, सूचना तथा सञ्चार प्रविधिको विस्तार, स्थानीय स्रोत–साधनको उपयोग तथा दिगो विकासप्रतिको बढ्दो प्रतिबद्धताले गाउँपालिकालाई समृद्धि र विकासको दिशामा अघि बढ्न थप अवसर प्रदान गरेका छन् । साथै जलवायु परिवर्तन, महामारी तथा विपद्घाट प्राप्त अनुभवले उत्थानशील, दिगो, समावेशी तथा वातावरणमैत्री विकास प्रणाली निर्माणतर्फ केन्द्रित हुन महत्वपूर्ण प्रेरणा प्रदान गरेको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

नेपाल सरकारको **'समृद्ध नेपाल, सुखी नेपाली'** राष्ट्रिय दीर्घकालीन सोच तथा सुदूरपश्चिम प्रदेश सरकारको **'आत्मनिर्भर उन्मुख, समृद्ध सुदूरपश्चिम'** भन्ने विकास दृष्टिलाई आत्मसात् गर्दै लालझाडी गाउँपालिकामा उपलब्ध प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मानव तथा संस्थागत स्रोत–साधनहरूको समुचित परिचालन, संरक्षण र व्यवस्थापनमार्फत दिगो, समावेशी, उत्थानशील तथा गुणस्तरीय विकास हासिल गर्ने उद्देश्यले गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू निर्धारण गरिएको छ ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको प्रथम योजना (२०७८/०७९ देखि २०८२/०८३) को दीर्घकालीन सोच : **"समृद्ध लालझाडी हाम्रो शान"**

### २.३.२ आवधिक योजनाको लक्ष्य

दीर्घकालीन सोचको आधार तय गरेको गाउँ विकासको लक्ष्य देहायअनुसार रहेको छः

"व्यवसायिक, दर्शनीय र समृद्ध गाउँपालिकाको आधार तयार गर्ने"

### २.३.३ आवधिक योजनाको उद्देश्य

मुख्य उद्देश्यः उत्पादनशिल रोजगारि उन्मुख र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक बृद्दिद्वारा द्रुत गरिबी न्यूनिकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्नु ।

बिशीष्ट उद्देश्यहरुः

- ✓ दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्नु ।
- ✓ शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सबैको पहुँचको सुनिस्चितता गर्नु ।
- ✓ कृषी उत्पादकत्व बृद्दि तथा उद्यम विकास गरी द्रुत आय आर्जनका अवसरहरु सृजना गरेर उच्च आर्थिक बृद्दिदर प्राप्त गर्नु ।
- ✓ प्रविधि विकास तथा विस्तार गर्नु ।
- ✓ मानव अधिकार संरक्षण, दण्डहिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिस्चित गर्नु ।
- ✓ उत्पादन, रोजगारि र आयमा समतामुलक, गुणात्मक र दिगो बृद्दि गर्नु ।
- ✓ स्वस्थ, सशक्त, शिक्षीत, सृजनशील, सिपयुक्त र सुयोग्य मानवीय स्रोतको विकास गर्नु ।
- ✓ बसोवास, बजार, शहरी सुविधा र अन्तर आवद्दतालाई सहज, सुरक्षीत र ब्यवस्थित बनाउनु ।
- ✓ हरीयाली, जैवीक बिविधता, जमिन र जलस्रोतको समुचित ब्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायू र विपत ऊत्थानशीलता सुनिस्चित गर्नु ।
- ✓ सेवा प्रवाह, विकास उपलब्धि र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्दि गर्नु ।

### २.३.४ आवधिक योजना लिएको रणनीति

गाउँपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणत्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन एकीकृत गाउँ विकास योजनाले तय गरेका समष्टिगत रणनीतिहरु देहाय अनुसार संक्षिप्तमा प्रस्तुत गरिएको छ ।

- ✓ समावेशी, सन्तुलित र सहभागितामूलक विकास प्रक्रियामार्फत सामाजिक, आर्थिक तथा भौगोलिक रूपमा पछाडि परेका वर्ग, क्षेत्र र समुदायलाई विकासको मूलधारमा समाहित गर्ने ।
- ✓ संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय तथा निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था र विकास साझेदारहरूसँगको सहकार्यलाई सुदृढ गर्दै विकासका स्रोत र अवसरहरूको अधिकतम परिचालन गर्ने ।
- ✓ कृषि, पशुपालन, वन तथा पर्यटन क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरणमार्फत उत्पादन, उत्पादकत्व र रोजगारी अभिवृद्धि गर्ने ।
- ✓ स्थानीय स्रोत, सीप र कच्चा पदार्थमा आधारित उद्योग, उद्यम तथा व्यवसाय प्रवर्द्धन गरी आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने ।
- ✓ गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सामाजिक सुरक्षामा सबै नागरिकको समान पहुँच सुनिश्चित गरी मानव विकासलाई सुदृढ बनाउने ।
- ✓ महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सशक्तीकरण र समावेशी विकासलाई प्रवर्द्धन गर्ने ।
- ✓ कृषि–पर्यटन, सांस्कृतिक पर्यटन तथा पर्यावरणीय पर्यटनको विकासमार्फत गाउँपालिकालाई आकर्षक, समृद्ध र दिगो आर्थिक केन्द्रका रूपमा स्थापित गर्ने ।
- ✓ प्राकृतिक स्रोत, जैविक विविधता तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र दिगो उपयोगमार्फत वातावरणीय सन्तुलन तथा आर्थिक समृद्धि हासिल गर्ने ।
- ✓ जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विकासका उपायहरूलाई विकासका सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्ने ।
- ✓ गुणस्तरीय, वातावरणमैत्री, उत्थानशील र दिगो पूर्वाधार विकासमार्फत उत्पादन, सेवा प्रवाह र नागरिक जीवनस्तरमा सुधार ल्याउने ।

- ✓ सुशासन, पारदर्शिता, उत्तरदायित्व, प्रविधिमैत्री सेवा प्रवाह तथा संस्थागत क्षमता अभिवृद्धिमार्फत प्रभावकारी स्थानीय शासन प्रणाली विकास गर्ने ।
- ✓ करदातामैत्री राजस्व प्रणाली अवलम्बन गर्दै आन्तरिक आयको दायरा विस्तार गरी गाउँपालिकाको वित्तीय आत्मनिर्भरता क्रमशः सुदृढ गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

राष्ट्रिय सोच तथा संकल्प "समृद्ध नेपाल र सुखी नेपाली" को सुदूरपश्चिम प्रदेशको सोच र लालझाडी गाउँपालिकाको सोच "समृद्ध लालझाडी हाम्रो शान" तथा गाउँ विकासको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । यस क्रममा गाउँपालिका क्षेत्रभित्र उपलब्ध हुने सम्पूर्ण स्रोत तथा साधनको उच्चतम उपयोग गरि सामाजिक, आर्थिक, साँस्कृतिक लगायत सर्वाङ्गिण क्षेत्रमा सम्पूर्ण जनताको समतामुलक पहुँच हुने गरि विकासका खाकाहरु समेट्न भरपूर प्रयास गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ

*तालिका नः २.१ मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य*

| क्र. स. | सूचक/लक्ष्य | एकाई | आ.ब. २०८१/०८२ सम्मको वास्तविक उपलब्धि | आ.ब. २०८२/०८३ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य (आ. ब.) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | कुल बार्षिक उत्पादन | रु. लाखमा | १३८०० | १४४०००० | १५०७७ | १५८६१ | १६७१७ |
| १.१ | कृषी क्षेत्र | रु. लाखमा | १२५६० | १२६०००० | १२६४० | १३१८० | १३६५० |
| १.२ | गैर कृषी (उद्योग र सेवा) क्षेत्र | रु. लाखमा | १२४० | १८०० | २४३६ | २६८१ | ३०६७ |
| २ | आर्थिक बृद्दिदर (औसत) | प्रतिशत | ४.१ | ४.३ | ४.७ | ५.२ | ५.४ |
| ३ | औसत पारिवारिक आय | रु. | २९०८०० | ३०३५०० | ३१७७०० | ३३४३०० | ३५२३०० |
| ४ | आधआरभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८१ | ८३ | ८६ | ९० | ९२ |
| ५ | निरपेक्ष गरिबिको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | १६.८ | १५.५ | १४ | १२.४ | ११.५ |
| ६ | बहुआयामिक गरिबिको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | १५ | १४ | १२ | ११ | ९ |
| ७ | प्रतिब्यक्ति बार्षिक औसत आय | रु. | ५३२०५८. | ५५५१९१. | ५८१२८.५ | ६११५१.२ | ६४४५३.४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | बेरोजगारि दर | प्रतिशत | २२ | २१ | १९ | १८ | १६ |
| ९ | ३० मिनेटको दुरिमा सहज यातातात पहुँच भएको परिवार | प्रतिशत | १५ | १० | ७ | ३ | ० |
| १० | औपचारिक क्षेत्रमा रोजगारी सृजना | कार्यदिन | १११ | १२३ | १३० | १४५ | १५५ |
| ११. | उद्योग, ब्यापार र ब्यावसाय | संख्या | ५२४ | ५४६ | ६२० | ७१५ | ८५० |
| | | | | | | | |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको सोह्रौं योजना, सुदूरपश्चिम प्रदेशको प्रथम/द्वितीय आवधिक योजना तथा गाउँपालिकाको प्रथम तथा द्वितीय आवधिक योजनाले परिकल्पना गरेका समष्टिगत एवं विषयगत अपेक्षित उपलब्धिहरू हासिल गर्न सहयोग पुग्ने उद्देश्यले आगामी तीन आर्थिक वर्षका लागि मध्यमकालीन समष्टिगत नतिजा खाका तयार गरिएको छ। उक्त नतिजा खाका विगत आर्थिक वर्षहरूमा हासिल भएका उपलब्धिहरू, चालु आर्थिक वर्ष २०८२/८३ को अनुमानित प्रगति तथा उपलब्ध तथ्याङ्क र सूचकहरूको विश्लेषणका आधारमा तयार गरिएको हो ।

आर्थिक वर्ष २०८३/८४ का लागि निर्धारित लक्ष्यहरू मुख्यतः चालु आर्थिक वर्षसम्मको उपलब्धि, विकासका प्रवृत्तिहरू तथा योजनागत प्राथमिकताहरूलाई आधार मानी तय गरिएको छ। गाउँपालिकाको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७८/७९–२०८२/८३) को कार्यकाल चालु आर्थिक वर्षमै समाप्त हुने तथा दोस्रो आवधिक योजना तर्जुमाको प्रक्रिया अगाडि बढिरहेको सन्दर्भमा यस मध्यमकालीन खर्च संरचनाको प्रथम वर्ष (आर्थिक वर्ष २०८३/८४) का नतिजा तथा लक्ष्यहरू प्रथम आवधिक योजनामा निर्धारित लक्ष्य एवं अपेक्षित उपलब्धिसँग तादात्म्य हुने गरी निर्धारण गरिएको छ। त्यसैगरी दोस्रो र तेस्रो वर्षका लक्ष्यहरू वर्तमान विकास प्रवृत्ति, विगत वर्षहरूको उपलब्धि, उपलब्ध स्रोत–साधन तथा आगामी योजनागत प्राथमिकतिहरूलाई दृष्टिगत गरी निर्धारण गरिएको छ।

यस नतिजा खाका निर्माणका क्रममा सम्बन्धित क्षेत्रहरूको वृद्धि दर (Growth Rate), परिवर्तनको प्रवृत्ति (Trend of Change), उपलब्ध स्रोत–साधन, नीतिगत सुधार तथा अनुमानित समायोजन (Estimated Adjustment) लगायतका पक्षहरूको विश्लेषण गरी आगामी तीन आर्थिक वर्षका लागि यथार्थपरक, मापनयोग्य तथा प्राप्त गर्न सकिने लक्ष्यहरू निर्धारण गरिएको छ। यसरी तयार गरिएको मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

*तालिका २. २: प्रमुख बिषय क्षेत्रगत सूचक तथा मध्यमकलीन नतिजा खाका*

| क्र. सं. | सूचक | एकाई | गत आ. ब. २०८१/०८२ को उपलब्धि | चालु आ. ब. २०८२/०८३ को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | ५ बर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | १३ | ११ | १० | ७ | ५ |
| २ | साक्षरता दर | प्रतिशत | ८३.२ | ८४.१ | ८५.५ | ८६ | ८७ ५ |

| क्र. सं. | सूचक | एकाई | गत आ. ब. २०८१/०८२ को उपलब्धि | चालु आ. ब. २०८२/०८३ को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| ३ | आधारभूत तह (१-८) को खुद भर्ना दर | प्रतिशत | ७५ | ७९ | ८५ | ८८ | ९२ |
| ४ | माद्यामिक तह (९-१२) को खुद भर्ना दर | प्रतिशत | ६०.२ | ६७ | ७५ | ७८ | ८५ |
| ५ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थि | संख्या | ६५ | ६५ | ८० | ९० | ११० |
| ६ | प्राविधिक तथा ब्यवसायिक क्षेत्रमा तालिमप्राप्त जनसंख्या | संख्या | २५० | ३०० | ४१५ | ४५० | ५५० |
| ७ | संस्थागत सुत्केरी गराउने गर्भाती महिला | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० |
| ५ | रोजगारिमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ६० | ६५ | ६७ | ७१ | ७५ |
| ६ | स्थानिय सडक (कालोपत्रे) | कि. मि. | १४ | २८.३० | ३५ | ५५ | ७१ |
| ७ | स्थानिय सडक (ग्राभेल) | कि. मि. | १३१ | १२० | १३० | ११८ | ११२ |
| ८ | स्थानिय सडक (धुले) | कि. मि. | ५३ | ५० | ३३ | २५ | १७ |
| ९ | ३० मिनेटको दुरिमा यातायातमा पहुँच भएको जनसंख्या | प्रतिशत | १५ | १० | ५ | २ | ० |
| १० | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ७२ | ८० | ८५ | ९२ | १०० |
| ११ | सुरक्षित आवासमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | २५ | ३१ | ३५ | ४१ | ५० |
| १२ | मापदण्ड अनुरुप निर्माण भएका सरकारी | प्रतिशत | ५० | ५१ | ५५ | ६० | ६३ |

| क्र. सं. | सूचक | एकाई | गत आ. ब. २०८१/०८२ को उपलब्धि | चालु आ. ब. २०८२/०८३ को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| | कार्यालय, विद्यालय तथा स्वस्थ चौकी | | | | | | |
| १३ | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | प्रतिशत | ८ | ८ | ९ | १० | १२ |
| १४ | आधारभूत खानेपानि सुबिधा पुगेको जनसंख्या | प्रतिशत | ४५ | ५५ | ६७ | ७० | ९० |
| १५ | आफ्नै उत्पादनले खान पुग्ने परिवार | प्रतिशत | ७२ | ७५ | ७७ | ८१ | ८५ |
| १६ | ५ बर्ष मुनिका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९२ | ९३ | ९५ | ९७ | १०० |
| १७ | विपद्का घटनाबाट प्रभावित परिवार | संख्या | २८३० | २५५० | २२३० | १९५० | १६०० |
| १८ | हरियाली क्षेत्र | प्रतिशत | ६३.५ | ६४ | ६५ | ६६ | ६६.५ |
| १९ | मातृभाषामा पठनपाठन हुने बिद्यालय | संख्या | २ | २ | ३ | ३ | ४ |
| | सामाजिक सुरक्षामा आवद्द जनसंख्या | प्रतिशत | १० | १० | १०.५ | ११ | ११ |
| | पर्यटन आगमन | संख्या | - | ५० | १५० | ३०० | १००० |
| २० | स्थानिय सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | ५० | ५५ | ७० | ७५ | ९० |

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको आवधिक योजनाले निर्धारण गरेका सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकताहरू, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य (SDGs) को मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन सम्पन्न भएका आयोजना तथा कार्यक्रम, स्थानीय आवश्यकता र प्राथमिकता, विनियोजन दक्षता, पूर्वानुमानयोग्यता तथा वित्तीय सुशासनका सिद्धान्तहरूलाई आधार मानी त्रिवर्षीय बजेट खाका तयार गरिएको छ ।

मध्यमकालीन खर्च संरचनाले वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयन, स्थानीय अर्थतन्त्रको सुदृढीकरण, उत्पादन तथा रोजगारी अभिवृद्धि, सामाजिक तथा आर्थिक विकास, क्षेत्रगत सन्तुलन तथा दिगो विकासका

लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी विकास आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिएको छ । यसका साथै, समष्टिगत तथा विषयगत नतिजा खाकामा निर्धारित लक्ष्यहरू हासिल गर्न आवश्यक पर्ने खर्च तथा सम्भावित स्रोतहरूको यथार्थपरक अनुमान समेत गरिएको छ ।

विभिन्न प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक विपद्, जलवायु परिवर्तनजन्य जोखिम तथा विपद्पछिको सामाजिक–आर्थिक पुनरुत्थानलाई विशेष प्राथमिकतामा राखिएको छ । साथै, विपद्ले सिर्जना गरेका चुनौतीहरूलाई अवसरका रूपमा रूपान्तरण गर्न सक्ने तथा उत्थानशील (Resilient), समावेशी र दिगो विकासलाई प्रवर्द्धन गर्ने कार्यक्रम तथा आयोजनाहरूको तर्जुमामा विशेष प्राथमिकता प्रदान गरिएको छ ।

गाउँपालिका गौरवका आयोजना, क्रमागत आयोजना, विस्तृत अध्ययन सम्पन्न भएका आयोजना, तुलनात्मक लाभ तथा उच्च प्रतिफलयुक्त कार्यक्रमहरूका लागि आवश्यक वित्तीय स्रोत सुनिश्चित हुने गरी बजेट सीमा निर्धारण गरिएको छ । सोही बजेट सीमाको आधारमा विषयगत क्षेत्रगत बजेट खाका तर्जुमा गरिएको छ । बजेट तथा स्रोतको अनुमान गर्दा क्रमागत कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन अवस्था, आगामी कार्यान्वयन योजना, खर्च गर्ने क्षमता, स्रोतको आवश्यकता तथा उपलब्धता लगायतका पक्षहरूलाई समुचित रूपमा विचार गरिएको छ ।

मध्यमकालीन स्रोत अनुमानको क्रममा आन्तरिक आय तथा राजस्व परिचालनको विगतको प्रवृत्ति, आर्थिक तथा सामाजिक क्षेत्रमा परेको प्रभाव, विभिन्न विपद्हरूका कारण स्रोत परिचालनमा सिर्जित चुनौतीहरू, आगामी वर्षहरूमा पर्न सक्ने सम्भावित असर तथा वित्तीय आवश्यकताहरूको समग्र विश्लेषण गरिएको छ । साथै, स्रोत परिचालनको दिगोपना, वित्तीय अनुशासन तथा विकास आवश्यकताबीच सन्तुलन कायम गर्ने दृष्टिकोण अवलम्बन गरिएको छ ।

यसरी तयार गरिएको त्रिवर्षीय खर्च अनुमान, स्रोतको बाँडफाँट, तथा विषयगत शाखा, उपशाखा र एकाइहरूलाई प्रदान गरिएको बजेट सीमा एवं मार्गदर्शन अनुसूची–२ मा प्रस्तुत गरिएको छ ।

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८३/०८४ को बजेट राजस्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनामा उल्लेख गरेको लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आगामी आ.व.हरुका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व.हरुको स्रोत संकलन, चालु आ.व.को अनुमान तथा जेठ मसान्तसम्मको संकलन, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ ।

गाउँपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्ब ६४ करोड ३३ लाख ४४ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. २ करोड ४५ लाख २६ हजार (१.५ प्रतिशत), राजस्व बाँडफाटबाट रु. ४५ करोड ५ लाख ४४ हजार (२७.४ प्रतिशत), र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. १ अर्ब ४ करोड ३७ लाख ६२ हजार (६३.६ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ११ करोड ३१ लाख ५९ हजार (६.९ प्रतिशत) रव्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

तालिका नं २.३ त्रि बर्षिय अनुमानित आय तथा व्ययको विवरण तथा आयको प्रक्षेपण

| क्र. सं. | विवरण | गत आ. ब. को यथार्थ | चालु आ. ब. को संसोधित अनुमान | मध्यमकालिन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | तीन बर्षको कुल |
| १ | **खर्च अनुमान** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | २१३३२६ ४७० | २६२९२३ ७९६ | २७६१२९ ०९८ | ३०५५९९ ३५० | ३२२५६८ २६२ | ९०४२९६७ १० |
| | पूँजीगत खर्च | १९५९०२ ००६ | १८०७५२ ७०० | २०५९२३ ८०७ | २४०११३ ७७५ | २७४७८० ३७२ | ७२०८१७९ ५४ |
| | बित्तीय ब्यवस्था | ० | ० | ० | ० | ० | ० |
| | **कुल** | ४०९२२८ ४७६ | ४४३६७६ ४९६ | ५०२०५२ ९०५ | ५४५७१३ १२५ | ५९७३४८ ६३४ | १६४५११४ ६६४ |
| २ | **आय अनुमान** | | | | | | |
| २.१ | आन्तरिक आय | ६२४७४३ ८ | ७००००० ० | ७६३००० ० | ८२४०४० ० | ८६५६०० ० | २४५२६४० ० |
| २.२ | राजस्व बाँडफाँटबाट प्राप्त रकम | १०१०९६ ९०४ | ११५१९६ ९९६ | १४२४७६ ५४५ | १४७०४८ ९६५ | १६१०१८ ६१७ | ४५०५४४१ २८ |
| २.३ | नेपाल सरकार वित्तीय हस्तान्तरण | ० | ० | ० | ० | ० | ० |
| क | वित्तीय समानीकरण अनुदान | ८५५२०३ २० | ९५३००० ०० | ११७६८९ ००० | १२९५३४ ७९० | १३२८९० ५९५ | ३८०११४३ ८५ |
| ख | सशर्त अनुदान | १५१७१० २१८ | १५९९८८ ००० | १७११८७ १६० | १९००१७ ७४८ | २१८०६९ ४३४ | ५७९२७४३ ४१ |
| ग | समपूरक अनुदान | १५०००० ०० | १२२००० ०० | १३५४२० ०० | १५०३१६ २० | १६४५९६ २४ | ४५०३३२४ ४ |
| घ | बिशेष अनुदान | ९९३३६१ ७ | १६९००० ०० | ११८३०० ०० | १३१३१३ ०० | १४३७८७ ७४ | ३९३४००७ ४ |
| २.४ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | ० | ० | ० | ० | ० | ० |
| क | वित्तीय समानीकरण अनुदान | ८०४६०० ० | ८४९६०० ० | ९१३३२० ० | १०१३७८ ५२ | १११००९ ४८ | ३०३७२०० ० |
| ख | सशर्त अनुदान | ४४९१७७ ५ | २००००० ० | २५०००० ० | २७७५०० ० | ३०३८६२ ५ | ८३१३६२५ |
| ग | समपूरक अनुदान | ३११३४३ ७ | १०८००० ०० | १२४२०० ०० | १३७८६२ ०० | १५०९५८ ८९ | ४१३०२०८ ९ |
| घ | बिशेष अनुदान | ३९९०८२ ० | ७५००००० | ९९७५०० ० | ११०७२२ ५० | १२१२४१ १४ | ३३१७१३६ ४ |
| २.५ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० |
| २.६ | अन्य राजस्व | ० | ० | ० | ० | ० | ० |
| २.७ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० |
| | अन्तर स्थानिय तह साझेदारी रकम | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मौज्दात रकम | २७५४९७ ४२ | ८३०००० ० | ३६७००० ० | ४९३७०० ० | ४५१६०१ ५ | १३१२३०१ ५ |
| | कुल | ४१६७०० २७१ | ४४३६८० ९९६ | ५०२०५२ ९०५ | ५४५७१३ १२५ | ५९७३४८ ६३४ | १६४५११४ ६६४ |
| | बचत (-) न्युन (+) | | | | | | |

## २.७ बजेट बिनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क) प्राथमिकताको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ:

*तालिका २.४ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८३/८४ को खर्च अनुमान | | २०८४/८५ को खर्च प्रक्षेपण | | २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो प्राथमिकता (P1) | ४२ | ३१६२९३ | ६३ | ३४९२५६ | ६४ | ३८८२७६ | ६५ |
| दोस्रो प्राथमिकता (P2) | २६ | १८५७५९ | ३ ७ | १९६४५६ | ३६ | २०९०७२ | ३५ |
| जम्मा | ७८ | ५०२०५२ | १०० | ५४५७१३ | १०० | ५९७३४८ | १०० |

### ख) दिगो विकासको लक्ष्यका आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३.५ दिगो विकासको लक्ष्य अनुसार बजेट बिनियोजन

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ. ब. को यथार्थ | | चालु आ. ब. को संसोधित अनुमान | | आ. ब. २०८३/०८४ को प्रक्षेपण | | आ. ब. २०८४/०८५ को प्रक्षेपण | | आ. ब. २०८५/०८६ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रति शत | रकम | प्रति शत | रकम | प्रति शत | रकम | प्रति शत | रकम | प्रति शत |
| १ | गरिबी अन्त्य | २०८३५०१४ | ५ | २२१८४०५० | ५ | २५१०२६४५ | ५ | २७२८५६५६ | ५ | २९८६७४३१७० | ५ |
| २ | शुन्य भोकमरी | २०८३५०१४ | ५ | २२१८४०५० | ५ | २५१०२६४५ | ५ | २७२८५६५६ | ५ | २९८६७४३१७० | ५ |
| ३ | स्वस्थ जीवन | ७०८३९०४६ | १७ | ७५४२५७६९ | १७ | ८५३४८९९४ | १७ | ९२७७१२३१ | १७ | १०१५४९२६७७८ | १७ |
| ४ | गुणस्तरीय शिक्षा | ७०८३९०४६ | १७ | ७५४२५७६९ | १७ | ८५३४८९९४ | १७ | ९२७७१२३१ | १७ | १०१५४९२६७७८ | १७ |
| ५ | लैङ्गिक समानता | १२५०१००८ | ३ | १३३१०४३० | ३ | १५०६१५८७ | ३ | १६३७१३९४ | ३ | १७९२०४५९०२ | ३ |
| ६ | स्वच्छ पानि र सरसफाइ | ८३३४००५ | २ | ८८७३६२० | २ | १००४१०५८ | २ | १०९१४२६३ | २ | ११९४६९७२६८ | २ |
| ७ | आधूनिक उर्जामा पहुँच | ४१६७००३ | १ | ४४३६८१० | १ | ५०२०५२९ | १ | ५४५७१३१ | १ | ५९७३४८६३४ | १ |
| ८ | समावेशी आर्थिक बृद्दि र मर्यादित काम | ८३३४००५ | २ | ८८७३६२० | २ | १००४१०५८ | २ | १०९१४२६३ | २ | ११९४६९७२६८ | २ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ४५८३७०३० | ११ | ४८८०४९१० | ११ | ५५२२५८२० | ११ | ६००२८४४४ | ११ | ६५७०८३४९७४ | ११ |
| १० | असमानता न्यूनीकरण | ८३३४००५ | २ | ८८७३६२० | २ | १००४१०५८ | २ | १०९१४२६३ | २ | ११९४६९७२६८ | २ |
| ११ | दिगो शहर र वस्ती | ३३३३६०२२ | ८ | ३५४९४४८० | ८ | ४०१६४२३२ | ८ | ४३६५७०५० | ८ | ४७७८७८९०७२ | ८ |
| १२ | दिगो उपभोग र उत्पादन | ४१६७००२७ | १० | ४४३६८१०० | १० | ५०२०५२९१ | १० | ५४५७१३१३ | १० | ५९७३४८६३४० | १० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | जलवायू परिवर्तन अनुकूलन | ३३३३६०२६ | ८ | ३५४९४४८० | ८ | ४०१६४२३२ | ८ | ४३६५७०५० | ८ | ४७७८७८९०७२ | ८ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०. | ० | ०. | १००४१०६ | ०.२ | २७२८५६६ | ०.३ | २९८६७४३१७ | ०.५ |
| १५ | भूसतह स्रोतको उपयोग | ८३३४००४ | २ | ८८७३६२० | २ | १००४१०५८ | २ | १०९१४२६३ | २ | ११९४६९७२६८ | २ |
| १६ | शान्ति न्याय र सबल संस्था | १२५०१००७ | ३ | १३३१०४३० | ३ | १५०६१५८७ | ३ | १६३७१३९४ | ३ | १७९२०४५९०२ | ३ |
| १७ | दिगो विकासको लागि साझेदारी | १६६६८००९ | ४ | १७७४७२४० | ४ | २००८२११६ | ४ | २१८२८५२५ | ४ | २३८९३९४५३६ | ४ |
| कुल जम्मा | | ४१६७००२७१ | १०० | ४४३६८०९९६ | १०० | ५०२०५२९०५ | १०० | ५४५७१३१२५ | १०० | ५९७३४८६३४०० | १०० |

**क) लैंगीक संकेतका आधारमा बाँडफाँट**

लैङ्गिकंक संकेत बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

*तालिका २. ६: लैङ्गीक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण*

| लैङ्गीक संकेत | आयोजना / कार्यक्रम संख्या | २०८३/०८४ को ब्यय अनुमान | | २०८४/०८५ को खर्च प्रक्षेपण | | २०८५/०८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १५ | ६२७५६६१३ | १२.५ | ६९३०५५६६८८ | १२.७ | ७५२६५९२८ | १२.६ |
| सहयोगि | ४१ | ३२२३१७९६५ | ६४.२ | ३५०८९३५३९ | ६४.३ | ३८५२८९८६९ | ६४.५ |
| तटस्थ | २२ | ११६९७८३२७ | २३.३ | १२५५१४०१९ | २३ | १३६७९२८३७ | २२.९ |
| जम्मा | ७८ | ५०२०५२९०५ | १००. | ७४०६९६४२४६ | १००. | ५९७३४८६३४ | १००. |

### क) जलवायू संकेतका आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

*तालिका २.७: जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| जलवायू संकेत | आयोजना /कार्यक्रम संख्या | २०८३/०८४ को ब्यय अनुमान | | २०८४/०८५ को खर्च प्रक्षेपण | | २०८५ /०८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | | | | | | | |
| सान्दर्भिक | | | | | | | |
| तटस्थ | | | | | | | |
| जम्मा | | | | | | | |

### ख) बिषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

*तालिका २.९: आगामी तीन आ.व.को विषय उप–क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)*

| क्र. स. | बिषय क्षेत्र | २०८२/८३को अनुमान | २०८३/०८४ को अनुमान | २०८४/०८५ को प्रक्षेपण | २०८५/०८६ को प्रक्षेपण |
|---|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा | ४२११० | ५०७०७ | ५५११७ | ६०३६३ |
| २ | सिंचाइ | १२००० | १००४१ | १०९१४ | ११९५३ |
| ३ | पशू सेवा | १३५०० | १७५७२ | १९१०० | २०९१८ |
| ४ | उद्योग, ब्यापार तथा ब्यवसाय | ६८०० | १००४१ | १०९१४ | ११९५३ |
| ५ | पर्यटन तथा संस्कृति | ६०० | २५१० | २७२९ | २९८८ |
| ६ | भूमि ब्यवस्था, सहकारी र वित्तीय सेवा | ५०० | ४०१६ | ४३६६ | ४७८१ |
| ७ | श्रम तथा रोजगारी | १३०० | ५०२१ | ५४५७ | ५९७६ |
| ८ | गरिबी निवारण | २५१० | १००४१ | १०९१४ | ११९५३ |
| ९ | शिक्षा, बिज्ञान तथा प्रविधि | ११८५७५ | १००४११ | १०९१४३ | ११९५३० |
| १० | स्वास्थ्य तथा पोषण | ७३१२० | ८०३२८ | ८७३१४ | ९५६२४ |
| ११ | खानेपानि तथा सरसफाइ | २३४१ | १००४१ | १०९१४ | ११९५३ |
| १२ | महिला, बालबालिका, | ५४१० | ६०२५ | ६५४९ | ७१७२ |
| | सामाजिक संरक्षण र समावेसीकरण | ९००० | १००४१ | १०९१४ | ११९५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | युवा तथा खेलकुद | २६०५ | ७५३१ | ८१८६ | ८९६५ |
| १४ | वस्ती विकास, आवास र भवन | ३०३८० | २२५९२ | २४५५७ | २६८९४ |
| १५ | सडक तथा यातायात | ७८७७७ | ८२८३९ | ९००४३ | ९८६१२ |
| १६ | बिद्युत तथा स्वच्छ उर्जा | ४८३२ | ५०२१ | ५४५७ | ५९७६ |
| | सिंचाई तथा नदि नियन्त्रण | १३२८० | १७५७२ | १९१०० | २०९१८ |
| १७ | सूचना, संचार तथा प्रविधि | २५० | १००४ | १०९१ | ११९५ |
| १८ | वन, पार्क, हरियाली, भू-संरक्षण र नदि नियन्त्रण | १५६२४ | १२५५१ | १३६४३ | १४९४१ |
| १९ | वातावरण तथा फोहरमैला ब्यवस्थापन | ५१०० | ७५३१ | ८१८६ | ८९६५ |
| २० | विपद् जोखिम ब्यवस्थापन | ३ २५० | १००४१ | १०९१४ | ११९५३ |
| | जलवायु परिवर्तन अनुकूलन | ४०० | २५१० | २७२९ | २९८८ |
| २१ | नीति, कानून, न्याय र सुशासन | १७०० | २००८ | २१८३ | २३९१ |
| २२ | संगठन, मानव संसाधन र क्षमता विकास | १०५२ | १००४१ | १०९१४ | ११९५३ |
| २३ | राजस्व तथा स्रोत परिचालन | ७१५ | १५०६ | १६३७ | १७९३ |
| २४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | १२०० | २५१० | २७२९ | २९८८ |
| | **कुल जम्मा** | ४४३६८१ | ५०२०५३ | ५४५७१३ | ५९७६४९ |

### च) गाउँपालिकाका गौरवका आयोजनाहरु

तालिका नं. २.१० गाउँपालिकाको गौरवका योजना मा त्रि बर्षिय बजेट प्रक्षेपण

| क्र. स. | आयोजना तथा कार्यक्रम | त्रिबर्षीय खर्च अनुमान (रु.हजारमा) | | |
|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| १ | गाउँपालिकाको प्रसाशनिक भवन | ३५००० | ४ ५००० | ३५००० |
| २ | वार्ड न २ को रिंग रोड | १२००० | ११००० | ७५०० |
| ३ | वार्ड नं ५ को रिंग रोड | १२५०० | ११००० | ६५०० |
| ४ | जंगल किनारमा मेस वायर जडान | ४००० | ६००० | ५५०० |
| ५ | आधारभू अस्पताल संचालन | ११५०० | ११२५० | १२५०० |
| ६ | अध्यक्ष विशेष पूर्वाधार विकास कार्यक्रम (सडक कालोपत्रे) | १५००० | २७५०० | ३१०० |
| ७ | सिंचाई विस्तार (डीप् बोरिंग) १-६ | ११००० | १२००० | १२००० |
| ८ | तरकारी पकेट विस्तार कार्याक्रम ३ र ६ | ५००० | ५००० | ५००० |
| ९ | पशुपालन पकेट क्षेत्र विस्तार १ र २ | ४००० | ५००० | ४५०० |

# परिच्छेद ३: आर्थिक क्षेत्र

मध्यमकालीन खर्च संरचनाका बिभिन्न क्षेत्रहरु मध्ये सबैभन्दा महत्वपूर्ण क्षेत्र आर्थिक क्षेत्रलाई मान्न सकिन्छ । लालझाडी गाउँपालिका नेपालको अन्न भण्डारको रुपामा रहेको तराइ क्षेत्रमा रहेता पनि आर्थिक रुपमा वरपरका अन्य स्थानिय निकायहरु भन्दा कमजोर रहेको पाइन्छ । यसकारण यस गाउँपालिकाको समग्र आर्थिक विकासका लागि सम्पूर्ण पक्षहरु हातेमालो गरि अगाडी बढ्नु जरुरी छ । आर्थिक क्षेत्र अन्तर्गत कृषी तथा सिँचाई, पशु विकास, बाणिज्य तथा आपूर्ति, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा, श्रम, रोजगारी तथा गरिबी निवारण आदि उपक्षेत्रहरु पर्दछन् ।

## ३. १ कृषी

### ३.१.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकाका बहुसंख्यक मानिसहरुको मुख्य पेशा कृषि रहेको छ । सन् २०२१ को जनगणना तथ्याङ्क अनुसार कूल जनसंख्याको ८३.२ % कृषीमा संलग्न रहेको पाईन्छ । जस अन्तर्गत ७५.६ % पुरुष तथा ९०.२ % महिलाहरु यस गाउँपालिकामा कृषी कार्यमा संलग्न रहेका छन् । नेपालको तराइ क्षेत्रमा समतल रुपमा रहेकोले यस गाउँपालिकामा प्रशस्त खेतीयोग्य जमिन रहेको छ । राष्ट्रिय कृषि गणना २०७८ का अनुसार कूल १९५३४ कित्ता कृषियोग्य जमिन ४१९२ जना कृषकको नाममा गर्ता भएको पाइएको छ । यस अन्तर्गत प्रत्येक कृषकको नाममा औषतमा ४.७ कित्ता जमिन रहेको छ ।

यहाँको प्रमुख बालि खाद्यान्न बालि रहेका छन्, जसमध्ये धान, गहुँ, मकै प्रमुख छन् भने मसुरो, आलु र तोरी पनि खेतिहुने मुख्य बालिमा पर्दछन् । यहाको स्थानिय थारु आलु राष्ट्रिय स्तरमा लोकप्रिय हुनथालेपछि यसलाइ सूचिकृत गरि ब्रान्डिङ गर्ने प्रकृया शुरु गरिएको छ । यसका अतिरिक्त यहाँको तोरि र मसुरोलाइ श्रेणीकरण (Grading) गर्दै ब्रान्डिङ गर्न सकिने प्रचुर संभावना रहेको छ ।

यहाँको प्रमुख नगदेबालि उखु रहेको छ । धेरै किसानहरुले उखुको उत्पादन गरिसकेपछि बजारको समस्या भोग्दै आएका छन् । उखु खेतिको अनुदान कार्यक्रममा पनि केहि समस्याहरु देखिएको छ । यसका लागि सटिक अनुगमनको जरुरत देखिन्छ । यसका साथै आँप, केरा लगायतका फलफूलहरु पनि नगदेबालिको रुपमा लगाऊने गरिएको छ ।

लालझाडी गाउँपालिकाको अर्को महत्वपूर्ण कृषिकार्यको रुपमा बगर खेति रहेको छ । मुख्यतया दोदा नदिको किनारमा करिव ७०-८० बिघा जमिनमा वगर खेति गर्ने गरिएको छ । यसमा मुख्यतया तरबुजा, काँक्रा, प्याज, फर्सि, लौका, सखरखण्ड आदिको उत्पादन हुने गरेको छ ।

### ३.१.२ समस्या तथा चुनौति

लालझाडी गाउँपालिकाको कृषी क्षेत्रमा सबै भन्दा ठूलो समस्या डुबानको छ । बर्षायामको समयमा लगाइएको  बाली सधैँ डुबानको चपेटामा पर्ने गरेको पाईन्छ । साथै नदि किनारको जमिन कटानको पनि उत्तिकै समस्या रहेको छ । गाउँबाट कृषि उत्पादनको बजारीकरणमा पनि  समस्याहरु रहेका छन् । यस गाउँपालिकाबाट नजिकको चिस्यान केन्द्र ३०-३५ कि. मि. टाढा साथै उचित बाटोको अभावले कृषकहरुले उक्त चिस्यान केन्द्रबाट सोचेजस्तो लाभ लिन नसकिरहेको अवस्था देखिन्छ । साथै कृषकहरुमा ब्यवसायिक सोच र प्रविधिको ज्ञानको कमी हुनु पनि ठूलो समस्याको रुपमा रहेको छ ।

### ३.१.३ लक्ष्य

" कृषिलाई प्रविधिमैत्री, यान्त्रिकीकरणयुक्त, व्यवसायिक, प्रतिस्पर्धी, जलवायु उत्थानशील तथा मूल्य अभिवृद्धियुक्त कृषि प्रणालीको विकासमार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा, रोजगारी सिर्जना, आयवृद्धि र कृषि आधारित स्थानीय अर्थतन्त्रको विकास गर्ने ।"

ब्यवसायिक कृषि उत्पादन लालजाडिको शान

### ३.१.४ उद्देश्य

- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने
  (प्रविधिमैत्री, यान्त्रिकीकरणयुक्त र जलवायु अनुकूल कृषि प्रणालीको विकास गरी धान, गहुँ, मकै, उखु, मसला, केरा, आँप लगायतका कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।)
- कृषि व्यवसायीकरण, मूल्य अभिवृद्धि तथा बजारीकरण प्रवर्द्धन गर्ने
  (कृषि उद्यमशीलता, मूल्य शृङ्खला विकास, प्रशोधन, भण्डारण तथा बजार पहुँच विस्तारमार्फत कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यवसायिक र आयमूलक बनाउने ।)
- खाद्य तथा पोषण सुरक्षा र कृषि आधारित रोजगारी अभिवृद्धि गर्ने
  (कृषिमा युवा, महिला तथा निजी क्षेत्रको सहभागिता बढाई खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै रोजगारी सिर्जना र कृषकको आयस्तर वृद्धि गर्ने ।)

### ३.१.५ रणनीति

- गाउँपालिकाले भू-उपयोग नीतिमार्फत खेतियोग्य भूमिको पहिचान, बर्गिकरण र ब्यवस्थापन गर्ने
- समयमा उन्नत बिउबिजन तथा मल आपूर्तिको ब्यवस्था गर्ने
- ब्यवसायिक खद्यान्न एवं तरकारि खेतिका लागि सिपमूलक तालिम कार्यक्रमहरुको संचालन गर्ने
- कृषि भूमि र भूगोल सुहाउँदो आधुनिक कृषि औजारहरुको पहिचान र विस्तार गर्ने
- सहकारि र समुहमा नर्सरि स्थापनाका लागि अनुदानको ब्यवस्था गर्ने
- कृषि उपज स्थलबाट बजारसम्म पुग्ने मुख्यनाका सम्म सडकविस्तार गर्ने
- सहकारि र समुह मार्फत बिउबिजन उत्पादन तथा बितरण गर्ने
- गोठेमल उत्पादनमा अनुदान तथा प्रोत्साहनका कार्यक्रम संचालन गर्ने
- कृषि उपज बितरण केन्द्र, सेलार रस्टिक स्टोर स्थापना गर्ने
- कृषकलाई आवश्यक मात्रामा अनुदान तथा प्रोत्साहन कार्यक्रम संचालन गर्ने
- आधुनिक कृषि प्रविधिबारे तालिम संचालन गर्ने
- माटो परिक्षण शिविर तथा प्रयोगशाला संचालन गर्ने
- एक वडा एक कृषि प्राविधिकको ब्यवस्था मिलाउने
- आधुनिक प्रविधिको प्रयोगमा प्रोत्साहन दिने

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ

तालिका नं. ३.१ कृषि क्षेत्रको तीन आर्थिक वर्षको अपेक्षित नतिजा खाका

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| कृषि क्षेत्रमा रोजगारि | संख्या | १७४५० | १८००० | १८१०० | १८४०० | १८५०० |
| स्थानिय व्यवसायिक कृषि फर्म | संख्या | ३२ | ३५ | ४० | ४५ | ५१ |
| सकृय व्यवसायिक कृषक समुह | संख्या | ६२ | ६५ | ७० | ७५ | १०० |
| अन्न उत्पादन | टन | १८५०० | १८६०० | १८७०० | १८८०० | १८९०० |
| तरकारि तथा फलफूल उत्पादन | टन | ३४५ | ३७० | ५५० | ६५० | ७८० |
| तेलहन उत्पादन | टन | ४६१ | ४७५ | ४९० | ५५० | ६१० |
| उखु उत्पादन | टन | १०२५०० | ११०००० | १२१००० | १२३००० | १२९००० |
| कृषि उपज संकलन तथा बजार केन्द्र | संख्या | १ | १ | १ | २ | २ |
| कोल्ड स्टोर निर्माण | संख्या | - | - | - | - | १ |
| कृषि एम्बुलेन्स | संख्या | १ | १ | १ | २ | २ |
| कम्पोस्ट र जैवीक मल उत्पादन | टन | ०.२ | ०.५ | १ | २ | ४ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

तालिका ३.२ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आ .ब. | बजेट अनुमान )रु .हजारमा( | | | | बजेटको स्रोत )रु .हजारमा( | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | २५४५२ | १३२५५ | १२१९७ | | ५०१५ | १४९५४ | ५४८३ | |
| २०८४-८५ | २६५०० | १३४५७ | १३०४३ | | ५१२५ | १५५६२ | ५१०० | |
| २०८५-८६ | २७००० | १४३२५ | १२६७५ | | १५४० | १८१०१ | ७३५९ | |

## ३.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ

तालिका नं ३,३ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र.स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण कार्यक्रम | कृषि उत्पादन लागत घटाई उत्पादकत्व वृद्धि गर्नु | सालबसाली | १२,१९७ | कृषि कार्यमा यान्त्रीकरण बढ्ने, उत्पादन लागत घट्ने तथा उत्पादकत्व वृद्धि हुने |
| २ | उन्नत बीउबिजन तथा कृषि सामग्री वितरण कार्यक्रम | गुणस्तरीय बीउ तथा सामग्रीमा कृषकको पहुँच बढाउनु | सालबसाली | १३,०४३ | उन्नत बीउ प्रयोग गर्ने कृषकको संख्या वृद्धि भई उत्पादन बढ्ने |
| ३ | तरकारी बाली पकेट क्षेत्र विस्तार कार्यक्रम | व्यावसायिक तरकारी खेती प्रवर्द्धन गर्नु | सालबसाली | ५,८०० | पकेट क्षेत्र विस्तार भई तरकारी उत्पादन तथा आम्दानी वृद्धि हुने |
| ४ | कोल्ड स्टोर निर्माण | कृषि उपजको भण्डारण क्षमता विकास गर्नु | २०८५/०८६ | ८,००० | कृषि उपजको क्षति न्यूनीकरण भई बजार व्यवस्थापनमा सुधार हुने |
| ५ | केराखेती विस्तार कार्यक्रम | व्यावसायिक फलफूल खेती विस्तार गर्नु | सालबसाली | ११,००० | केरा उत्पादन क्षेत्र र कृषकको आय वृद्धि हुने |
| ६ | उखुबाली प्रवर्द्धन कार्यक्रम | नगदे बाली उत्पादन वृद्धि गर्नु | सालबसाली | ७,५०० | उखु उत्पादन तथा कृषकको आम्दानी वृद्धि हुने |
| ७ | कृषि एम्बुलेन्स खरिद तथा सञ्चालन | कृषि उपजको सहज ढुवानी र बजारीकरण सुनिश्चित गर्नु | २०८४/०८५ | २,२०० | कृषि उपज समयमै बजारसम्म पुग्ने र क्षति कम हुने |

| क्र.स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ८ | कृषि सिँचाइ पूर्वाधार विकास कार्यक्रम | वर्षभरि सिँचाइ सुविधा विस्तार गर्नु | सालबसाली | १२,६७५ | सिँचित क्षेत्रफल वृद्धि भई उत्पादन बढ्ने |
| ९ | माटो परीक्षण तथा माटो सुधार कार्यक्रम | माटोको गुणस्तर सुधार गरी उत्पादन वृद्धि गर्नु | २०८५/०८६ | ,५०० | माटो परीक्षण सेवामा पहुँच बढ्ने र सन्तुलित मल प्रयोग हुने |
| १० | कृषि प्राविधिक सेवा तथा कृषक क्षमता विकास कार्यक्रम | आधुनिक कृषि प्रविधि हस्तान्तरण गर्नु | सालबसाली | ३,५०० | दक्ष कृषक उत्पादन भई आधुनिक प्रविधिको प्रयोग बढ्ने |
| ११ | कृषि बजार तथा संकलन केन्द्र स्थापना | कृषि उपजको बजारीकरण सुदृढ गर्नु | २०८४/०८५ | ४,५०० | कृषकले उत्पादनको उचित मूल्य प्राप्त गर्ने |
| १२ | जैविक कृषि प्रवर्द्धन कार्यक्रम | वातावरणमैत्री कृषि प्रणाली विकास गर्नु | सालबसाली | ३,००० | जैविक उत्पादन वृद्धि भई सुरक्षित खाद्य उत्पादन हुने |
| १३ | कृषि बीमा तथा जोखिम न्यूनीकरण कार्यक्रम | कृषि क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्नु | सालबसाली | २,५०० | कृषकको जोखिम वहन क्षमता वृद्धि हुने |
| १४ | युवा लक्षित कृषि उद्यम विकास कार्यक्रम | कृषिमा युवाको आकर्षण बढाउनु | सालबसाली | ४,००० | कृषि उद्यम स्थापना भई रोजगारी सिर्जना हुने |
| १५ | कृषि उत्पादन प्रशोधन तथा मूल्य श्रृङ्खला विकास कार्यक्रम | कृषि उपजको मूल्य अभिवृद्धि गर्नु | २०८५/०८६ | ५,००० | कृषि उत्पादनको प्रशोधन बढ्ने तथा आम्दानी वृद्धि हुने |

### ३.१.९ जोखिम तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम सम्भावना अधिक रहन सक्दछ । जलवायू परिवर्तनक कारणले बढ्दै गएको बाढी तथा डुबानको कारणले पनि भनेजस्तो परिमाणमा उत्पादन नहुनसक्ने जोखिम देखिन्छ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

कूल ३७५५.६ हेक्टर खेतीयोग्य जमिन मध्ये ३४८८.२ हेक्टर जमिनमा सिंचाईको उपलब्धता भएको पाइन्छ। प्रायः सबै कृषकहरुले भूमिगत सिंचाई मार्फत खेति गरेको पाईन्छ। तर सिंचाईको लागि भूमिगत पानिमा भर पर्नुपर्ने भएकोले सिंचाई किसानहरुको लागि झन्झटिलो तथा महँगो पनि पर्न गएको छ। भविष्यमा राष्ट्रिय स्तरबाट नहरको सिंचाइ प्रयोग हुन सके यस क्षेत्रमा दीर्घकालीन उन्नतिको बिजारोपण हुनसक्ने देखिन्छ। हालका दिनमा बिजुलिबाट चल्ने मोटरको प्रयोग बढ्दै गएकोले कृषकहरुलाइ केहि राहत पुगेको महशुस गर्न सकिन्छ। गाउँपालिकाले सहज  रुपमा कृषि मिटर जडानको लागि सिफारिस गर्ने नीति लिएको पाईन्छ।

### ३.२.२ समस्या तथा चुनौति

आधुनिक तथा दिगो सिंचाईको ब्यवस्था नहुनु नै यहाँको प्रमुख समस्या हो। यसैगरि भूमिगत सिंचाइ गर्दा उत्पादनको लागत बढ्न गई बजारमा प्रतिस्पर्धात्मक मुल्यमा कृषिजन्य उत्पादनहरु पुर्याउन नसक्ने अवस्था रहेको छ । साथै सिंचाईको लागि भूमिगत पानिको प्रयोगले वातावरण नकारात्मक प्रभावहरु पनि पर्न जाने हुन्छ।

### ३.२.३ लक्ष्य

"सिँचाइ पूर्वाधारको विकास तथा व्यवस्थापनमार्फत कृषियोग्य भूमिमा सिँचाइ पहुँच विस्तार गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने।"

### ३.२.४ उद्देश्य

१. कृषियोग्य भूमिमा वर्षभरि भरपर्दो सिँचाइ सुविधा विस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु।

२. सिँचाइ प्रणालीको दिगो विकास, संरक्षण तथा प्रभावकारी व्यवस्थापनमार्फत खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउनु।

### ३.२.५ रणनीति

- वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउन सिँचाइ आयोजनाको समयमै निर्माण तथा सम्पन्नता सुनिश्चित गर्ने।
- सिँचाइ विकास कार्यक्रमलाई जलवायु विज्ञान, कृषि विकास तथा जलाधार संरक्षणसँग आबद्ध गरी समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने।
- साना तथा लघु सिँचाइ प्रणालीको विकासमा निजी क्षेत्र, सहकारी तथा समुदायको लगानी र सहभागिता प्रवर्द्धन गर्ने।
- सिँचाइ पूर्वाधार विकास तथा सेवा विस्तारमा समावेशीता अवलम्बन गरी पिछडिएका क्षेत्र, वर्ग तथा समुदायलाई प्राथमिकता दिने।
- जलस्रोतको दिगो तथा उच्चतम उपयोगका लागि थोपा, स्प्रिंकलर लगायत जलदक्ष सिँचाइ प्रविधिको – विस्तार गर्ने।
- तालतलैया, पोखरी, सिमसार, मूल तथा अन्य जलस्रोतहरूको संरक्षण र संवर्द्धनलाई सिँचाइ विकाससँग एकीकृत गर्ने।
- सिँचाइ प्रणालीको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि लागत पुनर्प्राप्ति र सेवा शुल्क व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| कुल सिंचित भुमि | प्रतिशत | ९२.८ | ९३.२ | ९४.५ | ९६ | ९७.५ |
| चालु सिंचाई आयोजनाहरु | संख्या | ० | ० | ० | १ | २ |
| भूमिगत पानि प्रयोगकर्ता किसान | प्रतिशत | ९० | ९० | १०० | १०० | १०० |
| | | | | | | |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाईउप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | १२५५५ | ११०५ | ११४५० | | ५६० | ११४९५ | ५०० | |
| २०८४-८५ | १३२८० | ११८० | १२१०० | | ३५० | ११९४० | ९९० | |
| २०८५-८६ | १४६७० | १०६८ | १३६०२ | | ६०० | १२९२० | ११५० | |

### ३.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | डिप वोरिङ्ग तथा सतही सिंचाई कुलो तथा अन्य संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | किसानलाई डिप बोरिङ्ग सिंचाईमा पहुँच पर्याउने | २०८३/८४-२०८५/०८६ | १२५०० | थप ५.3 प्रतिशत कृषि भूमिमा सिंचाई सुबिधाको बिस्तार भनेको हुनेछ . |
| २ | | | | | |

### ३.२.९ जोखिम तथा अनुमान

सिँचाइ क्षेत्रको विस्तारमा विभिन्न प्रकारका जोखिमहरू देखिन सक्छन्। जलवायु परिवर्तनका कारण खडेरी, अनियमित वर्षा तथा जलस्रोतमा आउने कमीले सिँचाइ प्रणालीको नियमित सञ्चालनमा असर पुऱ्याउन सक्छ। सिँचाइ आयोजना निर्माण तथा मर्मतसम्भारका लागि प्रक्षेपण उअरी अनुसारको आवश्यक बजेट, प्राविधिक जनशक्ति र अन्य स्रोतसाधनको अभाव हुन सक्ने जोखिम पनि रहन्छ। त्यसैगरी बाढी, तथा नदि कटान लगायतका प्राकृतिक प्रकोपले सिँचाइ पूर्वाधारमा क्षति पुऱ्याई सेवामा अवरोध सिर्जना गर्न सक्छन्। जलस्रोतको अव्यवस्थित उपयोग भूमिगत सतही जलको अधिकतम प्रयोगले भूमिगत पानीको सतहमा कमीका कारण सिँचाइका लागि पर्याप्त पानी उपलब्ध नहुन सक्छ। साथै, उपभोक्ताको सीमित सहभागिता तथा प्रभावकारी व्यवस्थापनको अभावले सिँचाइ प्रणालीको दिगोपना र प्रभावकारितामा नकारात्मक असर पर्न सक्छ।

## ३.३ पशुपन्छी विकास

### ३.३.१ पृष्ठभूमि

लालझाडी गाउँपालिका पशुपालनको लागि धेरै संभावना भएको क्षेत्र हो। यहाँ बाख्रा, भैँसि र बङ्गुर पालन बढि गरिएको पाइन्छ। वडा नं. १ र २ मा बाख्रा, ३ र ६ बङ्गुर र ४ र ५ मा भैसिपालनको पकेट क्षेत्रको रुपमा विकसित गर्न खोजिएको छ। साथै यस क्षेत्रका किसानहरुमा ब्यवसायिक पशुपालनको सोच बढ्दि रुपमा देखिन्छ। हालसम्म ३६ वटा पशुपालन समुह दर्ता भएका छन् भने ८ वटा माछा फारम पनि दर्ता भई संचालनमा छन्। यहाँको मुख्य पशु उत्पादन को बजार धनगढी, बेलौरी र चान्देव बजार हुन्। यसका अलावा देशका मुख्य शहरमा समेत यहाका खशी बोका राँगा अमासुको लागि जाने गरेका छन । हाल सामुदायिक वनमा घाँसपात लिन पइने भएकोले पनि पशुपालनमा कृषकहरुको रोजाइ बढदो क्रममा रहेको छ।

### ३.३.२ समस्या तथा चुनौति

पशुपन्छीजन्य व्यवसायमा आधुनिक प्रविधि तथा व्यावसायिकताको अभाव, उत्पादन तथा बजारीकरणमा रहेको अनिश्चितता, पशुचरण क्षेत्रको कमी तथा विभिन्न पशुरोगको प्रकोप प्रमुख समस्याका रूपमा रहेका छन्। कृषकहरूमा पर्याप्त प्रोत्साहनको अभाव, अनुदान तथा सहुलियत कार्यक्रमहरूमा सीमित पहुँच, पशुपालनमा प्रयोग हुने दाना तथा अन्य उत्पादन सामग्रीको बढ्दो लागत र पशु बीमाको प्रभावकारी कार्यान्वयनमा देखिएका चुनौतीहरूले यस क्षेत्रको विकासमा बाधा पुऱ्याएका छन्। साथै, यस क्षेत्रमा वर्षेनी हुने डुबान तथा बाढीका कारण ठूलो संख्यामा पशुचौपायाको क्षति तथा मृत्यु हुने गरेको छ, जसले पशुपालक कृषकहरूको जीविकोपार्जन र आर्थिक अवस्थामा प्रतिकूल प्रभाव पार्दै आएको छ।

### ३.३.३ लक्ष्य

"पशुपन्छी क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा दिगो विकासमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको आयस्तर उकास्ने।" पशुपन्छी क्षेत्रको सुधार, स्थानीय बासिको जीविकाको आधार

### ३.३.४ उद्देश्य

१. प्रविधिमैत्री, व्यावसायिक तथा प्रतिस्पर्धी पशुपन्छी पालन प्रणालीको विकास गरी उत्पादन, उत्पादकत्व र गुणस्तर अभिवृद्धि गर्दै पशुजन्य वस्तुको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु।
२. महिला, युवा, विपन्न तथा लक्षित समुदायको सहभागिता वृद्धि गर्दै पशुपन्छी उद्यमशीलता, रोजगारी तथा दिगो आयआर्जनका अवसर विस्तार गर्नु।

३. सुरक्षित तथा गुणस्तरीय पशुजन्य उत्पादनमार्फत खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याई मानव स्वास्थ्य संरक्षण तथा स्थानीय आर्थिक समृद्धिमा योगदान पुऱ्याउनु ।

### ३.३.५ रणनीति

१. पशुपन्छी क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादकत्व अभिवृद्धिका लागि उन्नत प्रविधि, नस्ल सुधार, कृत्रिम गर्भाधान तथा प्राविधिक सेवाको विस्तार गर्ने ।
२. महिला, युवा, सहकारी तथा कृषक समूहको सहभागिता अभिवृद्धि गर्दै उद्यमशीलता विकास, स्वरोजगार सिर्जना तथा व्यावसायिक पशुपालन प्रवर्द्धन गर्ने ।
३. पशु स्वास्थ्य, पशु बीमा, गोठ सुधार, चरन क्षेत्र विकास तथा पशु सेवा पूर्वाधार सुदृढीकरणमार्फत दिगो पशुधन व्यवस्थापन सुनिश्चित गर्ने ।
४. पशुजन्य उत्पादनको संकलन, प्रशोधन, भण्डारण, बजारीकरण तथा मूल्य शृङ्खला विकास गरी प्रतिस्पर्धात्मकता र बजार पहुँच अभिवृद्धि गर्ने ।
५. अनुसन्धान, तालिम, अध्ययन अवलोकन, ज्ञान तथा सीप हस्तान्तरणमार्फत आधुनिक, सुरक्षित तथा गुणस्तरीय पशुपन्छी उत्पादन प्रणाली विकास गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| दैनिक दुग्ध निर्यात | लिटर | ५०० | ६५० | ७६० | ८०० | १००० |
| ब्यवसायिक पशुपालन समुह | संख्या | ३२ | ३६ | ४० | ४८ | ६० |
| ब्यवसायिक पशुपालन फारम | संख्या | ३२ | ३५ | ४३ | ५१ | ६५ |
| ब्यवसायिक माछापालन फारम | संख्या | ८ | १० | १२ | १५ | १८ |
| पशुपंक्षिको स्वास्थ्य परीक्षणको लागि भेटनेरी क्लिनिक | संख्या | २ | ३ | ४ | ६ | ६ |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपंछि उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | १७५७२ | ९१३७ | ८४३५ | | २००० | ८०७२ | ७५०० | |
| २०८४-८५ | १९१०० | ९९७० | ९१३० | | २०५० | ८५५० | ८५०० | |
| २०८५-८६ | २०९१८ | १०८७७ | १००४१ | | २१०० | ९८१८ | ९००० | |

### ३.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक पशुपन्छी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि कार्यक्रम | उन्नत प्रविधि, नस्ल सुधार तथा व्यावसायिक व्यवस्थापनमार्फत पशुपन्छी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु । | २०८३/०८४-०८५/०८६ | | पशुपन्छी उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई कृषकको आयआर्जन बढ्ने तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता अभिवृद्धि हुनेछ । |
| २ | पशु स्वास्थ्य तथा पशु सेवा सुदृढीकरण कार्यक्रम | गुणस्तरीय पशु स्वास्थ्य सेवा, रोग नियन्त्रण तथा प्राविधिक सेवाको पहुँच विस्तार गर्नु । | | | पशु रोग तथा मृत्युदरमा कमी आई स्वस्थ तथा गुणस्तरीय पशुधन उत्पादनमा वृद्धि हुनेछ । |
| ३ | युवा तथा महिला लक्षित पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | युवा, महिला तथा लक्षित समुदायलाई पशुपन्छी व्यवसायमा | | | पशुपन्छी क्षेत्रमा युवा तथा महिलाको सहभागिता बढ्दै रोजगारी तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आकर्षित गरी उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्नु । | | | दिगो आयआर्जनका अवसर विस्तार हुनेछ । |
| ४ | पशुजन्य उत्पादनको मूल्य शृङ्खला तथा बजारीकरण विकास कार्यक्रम | पशुजन्य उत्पादनको संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरण प्रणाली सुदृढ गर्नु । | | | पशुजन्य उत्पादनको बजार पहुँच, मूल्य अभिवृद्धि तथा प्रतिस्पर्धात्मकता बढ्दै कृषकले उत्पादनको उचित मूल्य प्राप्त भएको हुनेछ । |
| ५ | दिगो पशुधन व्यवस्थापन, चरन क्षेत्र तथा जलवायु उत्थानशील पशुपालन कार्यक्रम | चरन क्षेत्र विकास, पशु आहार व्यवस्थापन तथा जलवायु अनुकूल पशुपालन प्रविधि प्रवर्द्धन गरी दिगो पशुधन व्यवस्थापन सुनिश्चित गर्नु । | | | पशुपालन प्रणाली वातावरणमैत्री, जलवायु उत्थानशील र दिगो बन्दै पशुधन स्रोतको संरक्षण तथा उत्पादकत्वमा सुधार हुनेछ । |

### ३.३.९ जोखिम तथा अनुमान

उक्त पशुपन्छी विकाससम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनमा विभिन्न प्रकारका जोखिमहरू देखा पर्न सक्छन्। पशुपन्छीमा फैलिने संक्रामक रोग तथा महामारी, जलवायु परिवर्तनका प्रभाव, बाढीडुबान–, खडेरी तथा अन्य प्राकृतिक विपद्का कारण पशुधनमा क्षति पुग्न सक्ने जोखिम रहन्छ। उन्नत नस्ल, पशु आहार, औषधि तथा अन्य उत्पादन सामग्रीको बढ्दो लागतले कृषकको लगानी क्षमता कमजोर बनाउन सक्छ । पशुजन्य उत्पादनको बजार मूल्यमा हुने उतारचढाव, बजार पहुँचको कमी तथा बजारीकरण प्रणालीको कमजोरीका कारण कृषकले उत्पादनको उचित मूल्य प्राप्त गर्न नसक्ने अवस्था सिर्जना हुन सक्छ । आवश्यक बजेट, प्राविधिक जनशक्ति तथा पूर्वाधारको अभावले कार्यक्रम कार्यान्वयनमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन सक्छ । साथै, युवा तथा कृषकहरूको सीमित सहभागिता, पशु बीमाको न्यून पहुँच तथा आधुनिक प्रविधि अपनाउने प्रवृत्तिको कमीले कार्यक्रमको प्रभावकारिता र दिगोपनामा नकारात्मक असर पर्न सक्ने जोखिम रहन्छ ।

## ३.४ उद्योग ब्यापार तथा ब्यवसाय

### ३.४.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकामा आर्थिक विकासको प्रमुख सूचकका रूपमा रहेको उद्योग, व्यापार तथा व्यवसाय क्षेत्र तुलनात्मक रूपमा कमजोर अवस्थामै रहेको देखिन्छ। यहाँ सडक पूर्वाधारको सीमितता तथा अन्य भौतिक पूर्वाधारको अभावका कारण ठूला तथा मध्यमस्तरीय उद्योगहरूको स्थापना र सञ्चालन अपेक्षित रूपमा हुन सकेको छैन। तथापि, स्थानीय आवश्यकतामा आधारित साना तथा लघु उद्योगहरू र सामान्य व्यवसायहरू भने दर्ता भई क्रमशः सञ्चालनमा रहेका छन्।

गाउँपालिकामा कृषिजन्य व्यवसायहरू, ४ ओटा फर्निचर उद्योग, राइस मिल जस्ता उत्पादनमूलक गतिविधिहरू केही मात्रामा विकास हुँदै आएका छन् । साथै यहाँ २ वटा इँटा उद्योग, करिब १५ वटा कुटानी–पिसानी मिल, २४ वटा सहकारी संस्था, ५० भन्दा बढी खुद्रा पसलहरू, १० वटा कपडा पसल तथा २ वटा सालको टपरी उद्योग सञ्चालनमा रहेका छन् । यी व्यवसायहरूले स्थानीय रोजगारी सिर्जना, आधारभूत वस्तु तथा सेवाको आपूर्ति र ग्रामीण अर्थतन्त्रलाई केही हदसम्म चलायमान बनाउन योगदान पुऱ्याइरहेका छन् । यद्यपि, उद्योग तथा व्यवसाय क्षेत्रको समग्र विकासका लागि पूर्वाधार विस्तार, लगानी वृद्धि र बजार पहुँच सुधार आवश्यक देखिन्छ ।

### ३.४.२ समस्या तथा चुनौति

व्यावसायिक सोच तथा उद्यमशील संस्कृतिको कमी, पर्याप्त पूँजी तथा लगानीको अभाव, र सडक तथा अन्य आधारभूत पूर्वाधारको अपर्याप्तता यस गाउँपालिकाको उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेका छन् । स्थानीय स्तरमा उद्यम विकासका लागि आवश्यक प्रविधि, सीप, बजार सूचना तथा वित्तीय पहुँच सीमित हुँदा नयाँ उद्योग तथा व्यवसाय स्थापना र विस्तार अपेक्षित रूपमा हुन सकेको छैन । त्यसैगरी, नवप्रवर्तनमा आधारित व्यवसाय तथा उद्योग विकासतर्फ आवश्यक ध्यान, लगानी र वातावरण पर्याप्त रूपमा सिर्जना हुन नसक्दा मूल्य अभिवृद्धि हुने उद्योगहरूको विकास न्यून रहेको देखिन्छ । उत्पादनमूलक तथा प्रतिस्पर्धी उद्योगहरूको विकासका लागि निजी क्षेत्रको आकर्षण कमजोर रहेको र जोखिम बहन गर्ने क्षमता सीमित हुँदा आर्थिक गतिविधिहरू मुख्यतः परम्परागत तथा साना व्यवसायमै सीमित भएका छन् ।

समग्रमा, पूर्वाधार विकासको न्यूनता, लगानीमैत्री वातावरणको अभाव, उद्यमशील सोचको कमी तथा नवप्रवर्तनको कमजोर अवस्था कारण उद्योग तथा व्यापार क्षेत्र अपेक्षित रूपमा विस्तार हुन नसकी स्थानीय आर्थिक विकासमा चुनौती सिर्जना भएको छ ।

### ३.४.३ लक्ष्य

उद्योग क्षेत्रको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मकता वृद्धि गर्दै दिगो औद्योगिकीकरण, लगानी विस्तार, रोजगारी सिर्जना तथा निर्यात प्रवर्द्धनमार्फत स्थानीय आर्थिक समृद्धि हासिल गर्नु र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गर्नु ।

### ३.४.४ उद्देश्य

- स्थानीय उद्योग क्षेत्रको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मकता वृद्धि गर्दै दिगो औद्योगिकीकरण तथा लगानी विस्तार गर्नु ।

- उद्योग क्षेत्रमार्फत रोजगारी सिर्जना गर्दै स्थानीय उत्पादनको बजार विस्तार, मूल्य अभिवृद्धि तथा निर्यात प्रवर्द्धन गरी आर्थिक समृद्धि हासिल गर्नु ।

### ३.४.५ रणनीति

१. उद्योगमैत्री नीति, पूर्वाधार विकास तथा लगानी वातावरण सुधार गरी स्थानीय तथा बाह्य लगानी आकर्षण गर्ने ।
२. स्थानीय कच्चा पदार्थमा आधारित साना, घरेलु तथा लघु उद्योगहरूको विकास र विस्तार गर्ने ।
३. उद्योग क्षेत्रमा सीपमूलक जनशक्ति विकास, प्रविधि हस्तान्तरण तथा नवप्रवर्तन प्रवर्द्धन गर्ने ।
४. उत्पादनमूलक उद्योगहरूको मूल्य शृङ्खला विकास गर्दै बजार पहुँच तथा प्रतिस्पर्धात्मकता वृद्धि गर्ने ।
५. निर्यातयोग्य वस्तु उत्पादन तथा प्रवर्द्धनमार्फत स्थानीय उत्पादनको बजार विस्तार गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| **सूचक** | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| जम्मा रोजगारी मध्ये औद्योगिक क्षेत्रमा रोजगारिको अवस्था | प्रतिशत | २ | ३ | ५ | ६.५ | १० |
| साना तथा घरेलु उद्योग संख्या | संख्या | | | | | |
| ब्यवसायिक तालिम तथा प्रवर्दन | संख्या | ४५० | ५०० | ७०० | ८५० | १००० |
| ब्यवसायमा महिला, अपाङ्ग तथा पिछडिएको बर्गको सहभागिता | प्रतिशत | १७ | २३ | २५ | २८ | ३५ |
| साप्ताहिक हाट बजारको स्थापना तथा विस्तार | संख्या | १ | २ | ३ | ५ | ६ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १००४१ | ५४०० | ४६४१ | ० | ६५० | ९०४१ | ३५० | ० |
| २०८४/८५ | १०९१४ | ५५१० | ५४०४ | ० | ६८० | ९९२४ | ३१० | ० |
| २०८५/८६ | ११९५३ | ५५६१० | ६३४३ | ० | ७१० | १०७९३ | ४५० | ० |

### ३.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उपाध्यक्ष उद्यमशीलता, शिप विकास तथा ब्यबसाय सिर्जना कार्यक्रम | स्थानीय तहमा उद्यमशीलता विकास गर्दै नयाँ व्यवसाय तथा रोजगारी सिर्जना गर्नु । | | | उद्यमशील सोचको विकास भई नयाँ व्यवसाय स्थापना हुने र स्थानीय रोजगारीका अवसर वृद्धि हुनेछ । |
| २ | नया उद्यमी/ब्यबसायी सिर्जना तथा विकासका लागि सिपविकास | युवा तथा इच्छुक व्यक्तिहरूलाई आवश्यक सीप प्रदान गरी नयाँ उद्यमी तयार गर्नु । | | | सीपयुक्त जनशक्ति वृद्धि भई उत्पादनमूलक तथा सेवामूलक व्यवसायको विस्तार हुनेछ । |
| ३ | उत्कृस्ट उद्यमी तथा ब्यबसायी सम्मान कार्यक्रम | उत्कृष्ट उद्यमी तथा व्यवसायीलाई पहिचान र प्रोत्साहन प्रदान गर्नु । | | | उद्यमीहरूमा प्रतिस्पर्धात्मक भावना विकास भई व्यवसायको गुणस्तर तथा उत्पादन वृद्धि हुनेछ । |
| ४ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | गरिब तथा विपन्न वर्गलाई लघु उद्यममार्फत | | | विपन्न वर्गको आयस्तर वृद्धि भई गरिबी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आयआर्जनका अवसर प्रदान गर्नु । | | | न्यूनीकरणमा योगदान पुग्नेछ । |
| ५ | राना थारु लगायत लक्षित वर्ग तथा अन्य बर्गको शिप विकास तथा प्रविधि सहयोग कार्यक्रम | लक्षित तथा पछाडि परेका समुदायको सीप विकास गर्दै उनीहरूलाई उद्यममा सहभागी गराउनु । | | | लक्षित वर्गको आर्थिक सशक्तिकरण भई समावेशी विकास र रोजगारी वृद्धि हुनेछ । |

### ३.४.९ जोखिम तथा अनुमान

कृषीजन्य उद्योगहरु साथै स्थानिय कच्चा पदार्थमा आधारित उद्योग तथा ब्यवसायहरु संचालन गर्न आवश्यक नीति, नियमहरुको सहजिकरण, तालिम संचालन र जनचेतना अभिबृद्दि सम्बन्धि कार्यक्रमहरु अभियानको रुपमा संचालन गर्नर पर्ने टड्कारो आवश्यकता छ । अन्यथा संचालन भइरहेका उद्योग तथा ब्यवसायहरु बन्द तथा पलायन हुने, नयाँ उद्योग ब्यवसायहरुमा लगानि नहुने र नवप्रवर्दनमा आधारित उद्योग ब्यवसायहरु धाराशायि हुने जोखिम रहन्छ ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

लालझाडीगाउँपालिका साँस्कृतिक रुपमा निकै सम्पन्न क्षेत्रको रुपमा रहेको छ । बिशेष रुपमा राना थारु जातिको बसोबास सताब्दियौँ देखि हुँदै आएको यस क्षेत्रमा उनिहरुको मौलिक परम्परा, संस्कृति, भाषा र भेषभुषाको अवलोकन गर्न सकिन्छ । साथै यस क्षेत्रभित्र ऐतिहासिक, धार्मिक, साँस्कृतिक र भौगोलिक रुमा महत्वपूर्ण पर्यटकीय स्थलहरु पनि रहेका छन् । यद्यपि यहाँका साँस्कृतिक तथा पर्यटकीय समपदाको उचित संरक्षण र संवर्धन हुन सकेको छैन ।

### ३.५.२ समस्या तथा चुनौति

पर्यटकीय क्षेत्र पहिचान, प्रचार प्रसार र विकासको कमि, पूर्वाधार बिकासको कमिले यस गाउँपालिकामा पर्यटकीय गतिविधिहरु हुन नसकेको देखिन्छ । साथै साँस्कृतिक हतिक्मण पनि एक समस्याको रुपमा देखिएको पाइन्छ ।

### ३.५.३ लक्ष्य

पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक बृद्दि र रोजगारिका अवसर अभिबृद्दि गर्ने ।

### ३.५.४ उद्देश्य

- लालझाडीलाई नेपालको पर्यटन मानचित्रमा आकर्षक, रमणीय र सुरक्षीत गन्तब्य स्थलको रुपमा विकास गरि आन्तरिक अर्थतन्त्रमा योगदान पुर्याउने ।

- आन्तरिक तथा बाह्य पर्यटन मार्फत संख्यात्मक तथा गुणात्मक रुपमा पर्यटक आगमनमा बृद्दि गरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने ।

### ३.५.५ रणनीति

- पर्यटन सम्बन्धि स्पष्ट र दीर्घकालिन सोच सहितको योजना कार्यान्वयनमा ल्याउने ।
- यहाँका बिभिन्न ताल तलैयामा बोटिङको संभाब्यता अध्ययन गर्ने
- पर्यटकीय पूर्वाधार निर्माण गर्ने
- पर्यटकीय गन्तब्य स्थलहरुको प्रचार प्रसार गर्ने

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| ब्यवस्थित पर्यटकीय स्थल | संख्या | ० | १ | २ | ३ | ६ |
| ब्यवस्थित होमस्टे | संख्या | ५ | १० | १२ | १५ | २१ |
| होटलको क्षमता (बेड) | संख्या | १० | २० | ३६ | ४५ | ८५ |
| कृषी पर्यटन स्थल | संख्या | ० | ० | १ | २ | ३ |
| ब्यवस्थित बनभोज तथा पार्क स्थल | संख्या | ० | ० | १ | २ | ३ |
| संग्रहालय | संख्या | ० | ० | ० | ० | १ |
| पर्यटन गुरु योजना | संख्या | ० | ० | १ | ० | ० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २५१० | १२३० | १२८० | ० | २५० | १७६० | ५०० | ० |
| २०८४/८५ | २७२९ | १३३७ | १३९२ | ० | ३५० | १८२९ | ५५० | ० |
| २०८५/८६ | २९८८ | १४६४ | १५२४ | ० | ४२० | १९८८ | ५८० | ० |

### ३.५.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | होमे स्टे को क्षमता विस्तार | स्थानीय होमस्टेहरूको सेवा गुणस्तर सुधार गर्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षण वृद्धि गर्नु । | २०८१-८०८३ | | होमस्टे सेवा स्तरीय, व्यवस्थित र आकर्षक भई पर्यटकको बसाइ अवधि तथा आगमन वृद्धि हुने र स्थानीय आयआर्जन बढ्ने। |
| २ | लाल्झाड़ी पार्क स्तरोन्नति तथा संचालन | लालझाडी पार्कलाई व्यवस्थित, सुरक्षित तथा आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु। | | | पार्कमा पर्यटक आगमन वृद्धि भई स्थानीय पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना तथा राजस्व वृद्धि हुने। |
| ३ | कृषि पर्यटकीय स्थल विकास विकास कार्यक्रम | **सञ्चालन उद्देश्य:** कृषि गतिविधिलाई पर्यटनसँग जोड्दै कृषि पर्यटन (Agro-tourism) को विकास गर्नु। | | | कृषि तथा पर्यटनको एकीकृत विकास भई कृषकको आय वृद्धि र ग्रामीण पर्यटन विस्तार हुने। |
| ४ | पर्यटकीय गुरु योजना निर्माण | गाउँपालिकाको पर्यटन विकासलाई दीर्घकालीन, योजनाबद्ध र व्यवस्थित बनाउन गुरु | | | पर्यटन विकासका स्पष्ट मार्गचित्र तयार भई पूर्वाधार, लगानी र कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | योजना तयार गर्नु । | | | |
| ५ | चौधरी तथा राना थारु हरुको संस्कृतिमा आधारित संग्रालय निर्माण गर्ने | स्थानीय थारु समुदायको भाषा, संस्कृति, परम्परा र पहिचान संरक्षण तथा प्रवर्द्धन गर्नु । | | | सांस्कृतिक सम्पदाको संरक्षण भई सांस्कृतिक पर्यटन प्रवर्द्धन, पहिचान संरक्षण र स्थानीय गौरव वृद्धि हुने । |

### ३.५.९ जोखिम तथा अनुमान

मुख्यतया पर्यटकीय पूर्वाधार बनाउन धेरै रकमको आवश्यकता पर्ने भएकोले बजेटको अभावमा अपेक्षित उपलब्धिहरु हासिल गर्न सहज नहुने जोखिम देखिन्छ । साना तथा होमस्टे र साँस्कृतीक पर्यटनलाइ प्राथमिकतामा राखेर अगाडी बढ्न सके यस क्षेत्रमा समृद्दिको बिजारोपण गर्न सकिन्छ ।

## ३.६ भूमि ब्यवस्था, सहकारि तथा बित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

संघीय सरकारसँगको समन्वयमा अव्यवस्थित बसोवासी तथा सुकुम्बासी लगायत भूस्वामित्वसँग सम्बन्धित समस्याको पहिचान तथा समाधानका कार्यहरू प्रारम्भ गरिएको छ। गाउँपालिकाले तयार पारेको भू–उपयोग योजना अनुरूप हालसम्म ३ वटा वडामा स्थलगत नापी सम्पन्न भइसकेको छ भने बाँकी वडाहरूमा नापी कार्य क्रमशः सञ्चालनमा रहेको छ । लालझाडी गाउँपालिका भित्र हाल १ वटा बैंक तथा ३ वटा लघुवित्त संस्थाहरू सञ्चालनमा रही वित्तीय सेवा प्रवाह गरिरहेका छन्। साथै, २४ वटा सहकारी संस्थाहरू पनि सक्रिय रूपमा सञ्चालनमा छन्, जसले कृषि तथा गैर–कृषि दुवै क्षेत्रमा लगानी गर्दै आएका छन् ।
गाउँपालिकामा रहेका कुल ४,७४५ घरपरिवारमध्ये करिब ९० प्रतिशत घरपरिवारले बैंक खाता सञ्चालन गरेका छन्। त्यसैगरी, महिला तथा पुरुष गरी करिब ७,५०० जना सहकारी संस्थाका सदस्य रहेका छन् । यसले गाउँपालिकामा औपचारिक वित्तीय प्रणालीप्रति जनसहभागिता बढ्दै गएको र नगद कारोबारको सट्टा बैंक तथा सहकारीमार्फत हुने औपचारिक कारोबारको अभ्यास क्रमशः विस्तार हुँदै गएको देखाउँछ ।

### ३.६.२ समस्या तथा चुनौति

लालझाडी गाउँपालिकामा भूमि व्यवस्थापन, सहकारी तथा वित्तीय सेवासँग सम्बन्धित विभिन्न समस्या र चुनौतीहरू विद्यमान रहेका छन्। भूमि व्यवस्थापनतर्फ अव्यवस्थित बसोबास तथा सुकुम्बासी बस्तीहरूको स्पष्ट अभिलेख र स्वामित्व पहिचान गर्न कठिनाइ रहेको छ। भू–उपयोग योजना कार्यान्वयनमा ढिलाइ हुनुका साथै सबै वडामा स्थलगत नापी तथा नक्सांकन कार्य पूर्ण रूपमा सम्पन्न हुन सकेको छैन । सहकारी क्षेत्रतर्फ केही सहकारी संस्थाहरूमा संस्थागत सुशासन कमजोर रहेको, ऋण लगानी अनुत्पादक क्षेत्रमा केन्द्रित हुने प्रवृत्ति देखिएको तथा ऋण असुलीमा समस्या उत्पन्न भई खराब कर्जाको जोखिम बढ्दै गएको अवस्था छ । साथै, सदस्यहरूमा वित्तीय साक्षरताको कमी, सहकारीहरूको प्रभावकारी अनुगमन अभाव, दोहोरो सदस्यता तथा अस्वस्थ प्रतिस्पर्धा जस्ता चुनौतीहरू पनि देखिएका छन् ।

त्यसैगरी, वित्तीय सेवातर्फ बैंक तथा लघुवित्त सेवा गाउँपालिकाका सबै क्षेत्रसम्म समान रूपमा विस्तार हुन नसकेको, ग्रामीण समुदायमा वित्तीय तथा डिजिटल साक्षरताको स्तर कमजोर रहेको अवस्था छ। कृषि तथा उद्यम क्षेत्रमा अपेक्षित मात्रामा लगानी वृद्धि हुन नसक्नु, धितो तथा जटिल प्रक्रियाका कारण विपन्न वर्गले सहज रूपमा ऋण प्राप्त गर्न नसक्नु तथा औपचारिक वित्तीय प्रणालीमा प्रवेश बढे पनि नगदमुखी कारोबार पूर्ण रूपमा घट्न नसक्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् । साथै, बीमा तथा जोखिम व्यवस्थापन सेवामा ग्रामीण पहुँच सीमित रहनु पनि अर्को महत्वपूर्ण समस्या हो ।

### ३.६.३ लक्ष्य

भूमिको उचित व्यवस्थापन र यसको दिगो तथा प्रभावकारी उपयोगमार्फत सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको साझेदारीलाई सुदृढ गर्दै उत्पादनशीलता वृद्धि र रोजगारी सिर्जना गर्नुका साथै समुदायको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने ।

### ३.६.४ उद्देश्य

- भूमिको वैज्ञानिक वर्गीकरण र दिगो उपयोग सुनिश्चित गर्दै उत्पादनशील जमिनको अधिकतम उपयोग गर्नु ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच प्रभावकारी साझेदारी विकास गरी कृषि तथा गैर–कृषि क्षेत्रमा लगानी वृद्धि गर्नु ।
- स्थानीय स्रोत, साधन र सीपको उपयोग गरी रोजगारी सिर्जना गर्दै समुदायको आर्थिक अवस्था सुधार गर्नु ।

### ३.६.५ रणनीति

- भूमिको विस्तृत नक्सांकन तथा भू–उपयोग योजना कार्यान्वयन गर्दै जमिनलाई उत्पादनशील र गैर–उत्पादनशील क्षेत्रमा स्पष्ट वर्गीकरण गर्ने ।
- अव्यवस्थित बसोबास तथा भूमिसम्बन्धी विवाद समाधान गर्दै जग्गा स्वामित्वलाई सुरक्षित र पारदर्शी बनाउने ।
- कृषि, पशुपालन, पर्यटन तथा साना उद्योगमा सार्वजनिक–निजी–सहकारी साझेदारी (PPP) मोडेललाई प्रोत्साहन गर्ने ।
- स्थानीय उत्पादनको मूल्य श्रृंखला (उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण) विकास गरी आय वृद्धि गर्ने ।
- सहकारी तथा वित्तीय संस्थामार्फत उद्यमशीलता विकास र सुलभ कर्जा प्रवाह सुनिश्चित गर्ने ।
- सीप विकास, तालिम र प्रविधि हस्तान्तरणमार्फत युवालाई स्वरोजगार र रोजगारमूलक गतिविधिमा संलग्न गराउने ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योग स्थापना र विस्तार गर्ने ।
- वित्तीय साक्षरता अभिवृद्धि गरी औपचारिक अर्थतन्त्रमा सहभागिता बढाउने ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा गाउन्पालिकाको बार्षिक योजनाले तय गरेका सूचक तथा मद्यामकालिन लक्ष को त्रि बर्षिय सूचक तथा नतिजा निम्न अनुसार रहेको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| भूउपयोग योजना – बमोजिम व्यवस्थापन तथा उपयोगमा ल्याइएको जमिन | प्रतिशत | - | - | २० | ५० | ९५ |
| सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा सञ्चालित उत्पादनमूलक तथा आर्थिक विकाससम्बन्धी परियोजनाको | संख्या | - | - | १ | २ | ५ |
| कृषि, उद्योग, सेवा तथा उद्यम क्षेत्रमा सिर्जना भएका नयाँ रोजगारीको | संख्या | १० | ३० | ५० | १५० | ३०० |
| सहकारी, बैंक तथा वित्तीय संस्थाबाट उत्पादनशील क्षेत्रमा प्रवाह भएको कर्जाको हिस्सा | रु हजार मा | ३५००० | ४५००० | ५६०००० | ६३००० | ७१००० |
| ३० निबेल्को पैदल यात्रामा शहकारिमा सहज पहुँच भएको परिवार संख्या | प्रतिशत | ८५ | ८७ | ८९ | ९१ | ९७ |
| गाउँपालिकाको कुल ग्राहस्थ उत्पादनमा | प्रतिशत | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शहकारी क्षेत्रले दिएको योगदान | | | | | | |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | ४०१६ | १८०७ | २२०९ | | २५० | ३६१६ | १५० | |
| २०८४-८५ | ४३६६ | १९६५ | २४०१ | | ३४० | ३८१६ | २१० | |
| २०८५-८६ | ४७८१ | २१५१ | २६३० | | ४१० | ४१४१ | २३० | |

### ३.६.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भूउपयोग योजना – कार्यान्वयन तथा भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम | भूउपयोग योजना – बमोजिम भूमिको वैज्ञानिक वर्गीकरण, संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग सुनिश्चित गरी भूमि स्रोतको उत्पादनशीलता अभिवृद्धि गर्नु । | ३०८३/०८४-२०८५/०८६ | ८५० | भूउपयोग योजना – प्रभावकारी रूपमा कार्यान्वयन भई भूमि स्रोतको दिगो, व्यवस्थित र उत्पादनशील उपयोग सुनिश्चित हुने । |
| २ | अव्यवस्थित बसोबासी, सुकुम्बासी तथा भूमिहीन समस्या समाधान कार्यक्रम | अव्यवस्थित बसोबासी, सुकुम्बासी तथा भूमिहीन परिवारको पहिचान, अभिलेखीकरण तथा कानुनी व्यवस्थापनमार्फत सुरक्षित भूस्वामित्व सुनिश्चित गर्नु । | | १५८० | लक्षित परिवारहरूको सुरक्षित भूस्वामित्व सुनिश्चित भई भूमिसम्बन्धी समस्या तथा विवाद न्यूनीकरण हुने । |
| ३ | सहकारी संस्थाको क्षमता विकास तथा सुशासन प्रवर्द्धन कार्यक्रम | सहकारी संस्थाको संस्थागत क्षमता, वित्तीय अनुशासन, पारदर्शिता तथा सुशासन अभिवृद्धि गरी सदस्यमुखी सेवा प्रवाह सुदृढ गर्नु । | | ७५० | सहकारी संस्थाहरूको संस्थागत क्षमता, सुशासन र वित्तीय पारदर्शिता अभिवृद्धि हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सहकारी तथा वित्तीय संस्थामार्फत उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | सहकारी, बैंक तथा वित्तीय संस्थाको साझेदारीमा स्थानीय उद्यम, कृषि व्यवसाय तथा स्वरोजगारका अवसर प्रवर्द्धन गरी आर्थिक गतिविधि विस्तार गर्नु । | | ४१२० | उद्यमशीलता, स्वरोजगार तथा उत्पादनशील क्षेत्रमा लगानी वृद्धि भई स्थानीय आर्थिक गतिविधि सुदृढ हुने। |

### ३.६.९ जोखिम तथा अनुमान

लालझाडी गाउँपालिकाको वित्त, सहकारी तथा रोजगारी क्षेत्र कृषि तथा साना उद्यममा आधारित रहेको छ । गाउँपालिकामा बैंक तथा वित्तीय संस्थाको पहुँच क्रमशः विस्तार हुँदै गए पनि सबै नागरिकको वित्तीय पहुँच अझै सुनिश्चित हुन सकेको छैन । सहकारी संस्थाहरू बचत तथा ऋण कारोबारमा केन्द्रित रहेकाले उत्पादनमूलक तथा उद्यमशील गतिविधिमा अपेक्षित योगदान दिन सकेका छैनन् । युवा जनशक्तिको वैदेशिक रोजगारतर्फ बढ्दो आकर्षण, सीपयुक्त जनशक्तिको अभाव तथा सीमित स्थानीय रोजगारीका अवसर यस क्षेत्रका प्रमुख चुनौती हुन् । तथापि कृषि, पशुपालन, फलफूल उत्पादन, लघु उद्यम, पर्यटन तथा सेवा क्षेत्रको विकासमार्फत रोजगारी सिर्जना र आयआर्जन वृद्धि गर्ने पर्याप्त सम्भावना रहेको छ । वित्तीय समावेशीकरण, सहकारी सुशासन, उद्यमशीलता प्रवर्द्धन तथा सीप विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट यस क्षेत्रले स्थानीय आर्थिक विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## ३.७ श्रम रोजगारि तथा गरिबी निवारण

### ३.७.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार लालझाडी गाउँपालिकाको कुल जनसंख्यामध्ये १५ देखि ६० वर्ष उमेर समूहका ६४ प्रतिशत व्यक्ति २.क्रियाशील श्रमशक्तिका रूपमा रहेका छन्। गाउँपालिकाको अर्थतन्त्र मुख्यतः कृषि क्षेत्रमा आधारित रहेको छ, जहाँ आर्थिक रूपमा सक्रिय जनसंख्यामध्ये ८३प्रतिशत कृषि २., पशुपालन तथा माछापालनमा संलग्न छन्। त्यसैगरी, वैदेशिक रोजगारी (प्रतिशत ६.२), निर्माण क्षेत्र ६.५) प्रतिशत ( (प्रतिशत ६.५) खुद्रा व्यापार व्यवसाय–तथा थोकस्थानीय जीविकोपार्जनका महत्वपूर्ण आधार बनेका छन्। जनगणना २०७८ अनुसार १० वर्षभन्दा माथिका ९० प्रतिशतभन्दा बढी नागरिक कुनै न कुनै आर्थिक गतिविधिमा आबद्ध रहेको तथ्यले गाउँपालिकामा श्रम सहभागिता उच्च रहेको देखाउँछ। यसले कृषि आधुनिकीकरण, उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धनमार्फत स्थानीय अर्थतन्त्रलाई थप सबल बनाउने पर्याप्त सम्भावना रहेको संकेत गर्दछ ।

### ३.७.२ समस्या तथा चुनौति

राष्ट्रिय रुपमा आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ । वैदेशिक रोजगारी लगायत वाह्य क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ । युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नु अवस्था कायमनै छ । गाउँपालिकामा उद्योग, व्यवसाय, पूर्वाधार र यस सम्बन्धी सेवा तथा सुबिधाको व्यवस्था हुन सकेको छैन । जनशक्ति

विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरीक्षमता विकासका अवसरहरुमा कमी रहेको छ । कम आय भएका र स्थायी सम्पत्ति नभएका परिवार र व्यक्तिका लागि वित्तीय सेवा तथा कर्जा प्रवाह पहुँच पुग्न सकेको छैन ।

### ३.७.३ लक्ष्य

मानवोचित जीवन यापनका लागी मर्यादित र उत्पादनमुलक रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।

### ३.७.४ उद्देश्य

- श्रम बजारको मागअनुसार आवश्यक सीप, दक्षता र पेशागत क्षमता विकास गर्दै वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान, सीप, अनुभव तथा विप्रेषणलाई उत्पादनशील, उद्यमशील र आयमूलक क्षेत्रमा परिचालन गर्ने ।
- समाजका सबैभन्दा विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका समुदायको सामाजिक संरक्षण कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्दै विद्यमान सामाजिक संरक्षण कार्यक्रमहरूलाई एकीकृत, व्यवस्थित तथा प्रभावकारी बनाउने ।
- प्राकृतिक तथा मानवसिर्जित प्रकोपको प्रभावकारी व्यवस्थापन, पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापना प्रणाली सुदृढ गर्दै समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गर्ने ।

### ३.७.५ रणनीति

- संघ, प्रदेश, निजी क्षेत्र तथा सहकारी संस्थासँगको साझेदारी र समन्वयमा स्थानीय रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा गरिबी न्यूनीकरण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- श्रम बजारको मागअनुसार युवा, महिला, अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा अन्य लक्षित समूहका लागि सीपमूलक, व्यावसायिक तथा उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने ।
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र विप्रेषणलाई उत्पादनशील तथा आयमूलक क्षेत्रमा परिचालन गर्दै कृषि, उद्योग, व्यापार तथा सेवा क्षेत्रमा उद्यम विकास र स्वरोजगार प्रवर्द्धन गर्ने ।
- श्रमिकको हकअधिकार संरक्षण–, सुरक्षित तथा मर्यादित श्रम अभ्यासको प्रवर्द्धन, असल श्रम सम्बन्धको स्थापना तथा सबै प्रकारका बालश्रमको क्रमिक उन्मूलन गर्ने ।
- सामाजिक संरक्षण, वित्तीय पहुँच, सहकारी सुदृढीकरण तथा विपद् जोखिम व्यवस्थापनलाई एकीकृत रूपमा प्रवर्द्धन गर्दै विपन्न, सीमान्तकृत, महिला, अपाङ्गता भएका व्यक्ति तथा जोखिममा रहेका समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण सुनिश्चित गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| गरिबीको रेखामुनि रहेका घरपरिवारको | प्रतिशत | १७ | १६ | १४ | १२ | १० |
| स्थानीय रोजगारी वा स्वरोजगारमा आबद्ध श्रमशक्तिको | प्रतिशत | ५८ | ६२ | ६४ | ६५ | ७५ |
| सीपमूलक तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारस्वरोजगा/ रमा आबद्ध व्यक्तिको | प्रतिशत | १० | १२ | १५ | १७ | २५ |
| उत्पादनमूलक सहकारी तथा उद्यममा आबद्ध घरधुरीको | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| रोजगार कार्यक्रम अन्तर्गत संचालित आयोजना | संख्या | १५ | १९ | ३० | ४० | ४५ |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन (बार्षिक) | संख्या | ११५ | १२० | १५० | १७५ | १९० |

## ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ५१२१ | २१५१ | २९७० | | ३५० | ४४३६ | ३३५ | |
| २०८४/८५ | ५४५७ | २२९२ | ३१६५ | | ३८० | ४७१७ | ३६० | |
| २०८५/८६ | ५९७६ | २५१० | ३४६६ | | ३८५ | ५१८१ | ४१० | |

### ३.७.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | रोजगार तथा उद्यमशीलता विकास कार्यक्रम | स्थानीय स्तरमा स्वरोजगार तथा उद्यम विकासमार्फत रोजगारीका अवसर सिर्जना गर्ने | २०८३/०८४-२०८५/०८६ | २९५० | युवा तथा विपन्न वर्गमा उद्यमशीलता विकास भई स्थानीय रोजगारी तथा आयआर्जन वृद्धि भएको हुनेछ |
| २ | सीपमूलक तथा व्यावसायिक तालिम कार्यक्रम | श्रम बजारको मागअनुसार प्राविधिक तथा व्यावसायिक सीप विकास गर्ने | | ८४० | दक्ष जनशक्ति उत्पादन भई स्वरोजगार तथा वैकल्पिक रोजगारीका अवसर विस्तार भएको हुनेछ |
| ३ | वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुनःएकीकरण तथा उद्यम प्रवर्द्धन कार्यक्रम | वैदेशिक अनुभव, सीप र विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने | | २५३० | फर्किएका श्रमिकहरू उद्यम तथा व्यवसायमा आबद्ध भई स्थानीय अर्थतन्त्रमा योगदान वृद्धि भएको हुनेछ |
| ४ | सहकारी सुदृढीकरण तथा वित्तीय पहुँच विस्तार कार्यक्रम | सहकारी संस्थाको क्षमता अभिवृद्धि तथा वित्तीय सेवामा नागरिकको पहुँच विस्तार गर्ने | | ९०० | उत्पादनमुखी सहकारी विकास भई बचत, लगानी तथा उद्यमशील गतिविधिमा वृद्धि भएको हुनेछ |
| ५ | श्रम अधिकार, सामाजिक संरक्षण तथा समावेशी जीविकोपार्जन कार्यक्रम | श्रमिक अधिकार संरक्षण, बालश्रम न्यूनीकरण तथा महिला, अपाङ्गता भएका व्यक्ति र विपन्न समुदायको आर्थिक सशक्तीकरण गर्ने | | १७५० | सामाजिक सुरक्षा, मर्यादित रोजगारी तथा समावेशी आर्थिक विकासमा सुधार भएको हुनेछ |

### ३.७.९ जोखिम तथा अनुमान

लालझाडी गाउँपालिकामा रोजगार, सीप विकास तथा उद्यमशीलता सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुने अनुमान गरिएको छ । श्रम बजारको मागअनुसार अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजना निर्माण गरी स्थानीय रोजगारी, स्वरोजगार तथा उद्यम विकासका अवसर विस्तार हुने अपेक्षा गरिएको छ । साथै कृषि, पर्यटन, लघु उद्यम तथा सेवा क्षेत्रको विकासबाट रोजगारी सिर्जनामा टेवा पुग्ने विश्वास गरिएको छ ।

तर रोजगार प्रवर्द्धनसम्बन्धी नीति तथा कार्यक्रमको निरन्तरता कायम रहन नसक्नु, पर्याप्त स्रोत–साधन तथा लगानीको अभाव हुनु, दक्ष जनशक्तिको कमी रहनु तथा युवाहरूको वैदेशिक रोजगारीप्रतिको आकर्षण बढिरहनु जस्ता कारणले अपेक्षित नतिजा हासिल गर्न जोखिम रहन सक्दछ ।

# परिच्छेद ४: सामाजिक क्षेत्र

## ४.१ जनस्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ । दिगो विकासको लक्ष्य ३ मा आरोग्यता तथा कल्याण अन्तरगत स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै नागरिकहरुको कल्याणको प्रवद्र्धन गर्ने, सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ्य जिवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवद्धन गर्ने लक्ष्य रहेको छ । लालझाडी गाउँपालिका क्षेत्रमा ३ वटा स्वास्थ्य चौकि, ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ आयुर्बेद अस्पताल संचालनमा रहेको छ । साथै एउटा १० शैय्याको अस्पताल भवन निर्माण सम्पन्न भइ संचालनको तयारि अवस्थामा रहेको छ । उक्त अस्पताल गाउँपालिका तहबाट संचालन गर्न बजेटको समस्या पर्न गएको पाइन्छ । एक आँखा अस्पताल पनि संचालन गर्ने तयारि यस गाउँपालिकामा गरिएको छ ।

बालबालिकाहरूले १०० प्रतिशत खोप पाएका छन् अर्थात पूर्णरुपमा खोप नगर घोषणा भईसकेकोमा दिगोपनाका लागि कार्य निरन्तर भैरहेको छ । यहँका केहि बालबालिकाहरुमा कुपोषणको पनि समस्या देखिएको छ । दम, श्वासप्रस्वाससम्बन्धि रोगहरु, डेङ्गु, स्क्रब टाइफस, सर्पदंश, आँखा तथा दाँतका रोगहरु, सिकलसेल एनिमिया र थेलिसिमिया यस गाउँपालिका क्षेत्रका प्रमुख रोगहरुको रुपमा देखिएका छन् ।

### ४.१.२ समस्या तथा चुनौति

लालझाडी गाउँपालिकामा दक्ष स्वास्थ्यकर्मीको अभाव, भौगोलिक विकटता, आर्थिक स्रोतको अभाव, स्वास्थ्य चेतनाको कमी, लागु पदार्थ दुर्व्यसनि, शुद्ध खानिपानि तथा सरसफाइको कमी जनस्वास्थ्य तथा पोषण क्षेत्रका प्रमुख समस्याहरु हुन् । यहाँका प्रमुख बासिन्दाको रुपमा रहेका रान थारु जातिमा बंशाणुगत रुपमा देखिने सिकलसेल एनिमिया र थेलिसिमिया जस्ता रोगहरु निर्मूल गर्नु यहाँको प्रमुख चुनौति बनेको छ । यसका साथै महिलाहरुमा सुत्केरि पोषण र शीशु स्याहारमा पनि जनचेतनाको कमि यस क्षेत्रको समस्याको रुपमा रहेको छ ।

### ४.१.३ लक्ष्य

प्राथमिक स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य, पोषण, सरसफाइ र रोग नियन्त्रण सेवाको सुदृढीकरणमार्फत नागरिकको स्वस्थ, सुरक्षित र गुणस्तरीय जीवन सुनिश्चित गर्ने ।

"गुणस्तरीय स्वास्थ्य सेवा, स्वस्थ्य र निरोगी गाऊँ बासी"

### ४.१.४ उद्देश्य

- सबै बर्ग, क्षेत्र र समुदायका नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलकपहुँच अभिबृद्दि गराउनु
- स्वस्थ जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा गुणस्तरीय र पोषणयुक्त खाद्य सामाग्रिमा पहुँच बढाउनु
- स्वास्थ्य बिमा कार्यक्रमको शुरुवात गरी सम्पूर्ण जनतालाई यसको दायरामा ल्याउनु

### ४.१.५ रणनीति

- मापदण्ड अनुसार सबै स्वास्थ्य चौकीहरुका लागि आवश्यक भवन, तारवार, ऊपकरणको ब्यवस्था गर्ने
- स्वास्थ्य क्षेत्रमा काम गर्ने राष्ट्रिय अन्तरराष्ट्रिय संस्थाको स्रोतका लागि गाउँपालिकाले समन्वय र सहजीकरण गर्ने
- सबै स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानिको ब्यवस्था अनिवार्य गर्ने
- सबै स्वास्थ्य संस्थाहरुमा थप सेवा बिस्तार गर्ने
- स्वास्थ्यकर्मी तथा कर्मचारिलाई तालिम आवश्यकता अनुसार उपलब्ध गराउने र सिकेको सिप ब्यवहारमा ल्याउने कुरा सुनिश्चित गर्ने
- प्रत्येक बर्ष पूर्ण खोपका लागि बालबालिकाको Line listing गर्ने
- जनस्वास्थ्य, परिवार नियोजन र सरसफाइ सम्बन्धि प्रचार प्रसार मुलक कार्यक्रमहरु संचालन गर्ने
- पर्यावरणीय स्वच्छता सम्बन्धि नीति र कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने
- आर्सनिक न्यूनिकरणको कार्य संचालन गर्ने

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| **सूचक** | **एकाइ** | **गत आ.ब. सम्मको उपलब्धि** | **चालु आ.ब.को अनुमानित उपलब्धि** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१-८२ | २०८२-८३ | २०८३-८४ |
| ३० मिनेट भित्र अस्पतालको पहुँच भएका जनसंख्या | प्रतिशत | ९५ | ९७ | १०० | १०० | १०० |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | संख्या | छैन | छैन | छैन | छैन | छैन |
| पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | संख्या | छैन | छैन | छैन | छैन | छैन |
| नवजात शिशुको मृत्युदर (प्रति हजार जीवित जन्म) | संख्या | छैन | छैन | छैन | छैन | छैन |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ७ | १५ | २० | ३५ | ७० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| एम्बुलेन्स संचालन | संख्या | १ | २ | २ | ३ | ३ |
| स्वास्थ्य शिविर संचालन | संख्या | ६ | ८ | ९ | १० | १२ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४५२१० | ३१२१० | १४००० | ० | ५५० | ४२७६० | १९०० | ० |
| २०८४/८५ | ५५४२१ | ३६४२१ | १९००० | ० | ५७५ | ५२७९६ | २०५० | ० |
| २०८५/८६ | ५८४२० | ३६८४० | २१५८० | ० | ६१० | ५५६६८ | २१४२ | ० |

### ४.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नागरिकसँग गाउँपालिका अध्यक्ष स्वास्थ्य कार्यक्रम | घरदैलो सम्म स्वास्थ्य सेवा पुर्याउने | २०८४/०८४-२०८५/०८६ | १५००० | सबै नागरिकले घर दैलो बाट नै स्वास्थ सेवा प्राप्त गरेका हुनेछन |
| २ | १० शैय्याको अस्पताल संचालन | जनतालाइ बिशिष्टिकृत स्वास्थ्य सेवा पुर्याउने | | ३६००० | नागरिक ले विशिस्टिकृत स्वस्थ सेवा पाउनेछन |
| ३ | आँखा उपचार केन्द्र संचालन | जनतालाइ आँखा उपचार गाउँमा उपलब्ध गराउने | | ४५०० | आखा सम्बंदी सेवा गाउमा नै उपलब्ध हुने |
| ४ | क्षयरोग मुक्त पालिका कार्यक्रम | क्षयरोग मुक्त पालिका घोषणा हुने | | ७०० | क्षयरोग मुक्त पालिका घोषणा हुने |
| ५ | एम्बुलेन्स संचालन | नागरिकको स्वास्थ पहुँच मा सहजता ल्याउने | | ६००० | नागरिकको स्वास्थ पहुँच मा सहजता आएको हुनेछ |

### ४.१.९ जोखिम तथा अनुमान

संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच प्रभभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेमा अपेक्षित नतिजा हासिल हुन सक्छ । स्वास्थ्य पूर्वाधार, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता र साझेदारी हुन नसकेमा विभिन्न महामारीले गाउँपालिकाबासीको जनस्वास्थ्यको अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहेको छ ।

## ४.२ शिक्षा, कला, भाषा तथा साहित्य

### ४.२.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक रूपान्तरणको महत्वपूर्ण आधारशीलाको रूपमा शिक्षा रहेको छ । नेपालको संबिधानले शिक्षा सम्बन्धि हकलाई मौलिक हकका रुपमा प्रत्याभुत गरेको छ । शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रुपान्तरणको संबाहकका रुपमा विकास गर्ने, सबै तह एवं बिधाको शिक्षामा समतामूलक पहुँच सुनिसश्चित गर्ने, शिक्षा प्रणालीलाई रोजगारि उन्मुख गराउने, गुणस्तरमा सुधार एवं ब्यवस्थापकीय क्षमतामा अभिबृद्दि गरी आर्थिक, सामाजिक विकासका लक्ष्यहरु हासिल गर्नेतर्फ यस गाउँपालिकाका नीति तथा कार्यक्रमहरु उन्मुख रहेका छन् ।

लालझाडी गाउँपालिकामा १० वटा आधारभूत विद्यालय, ६ माध्यमिक विद्यालय र ६ संस्थागत विद्यालय संचालनमा रहेका छन् । निजी क्षेत्र द्वारा संचालित २ वटा निजी तथा आवासिय विद्यालय रहेका छन् । एक प्रेअविधिक धार अन्तर्गत सिभिल इन्जिनियरिंग मा कक्षा ९-१२ सम्म कक्षा संचालन हुँदै आएको छ । यस पालिकामा वि. सं. २०६८ को जनगणना अनुसार गाउँपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहको कूल जनसंख्यामध्ये ७५.९ प्रतिशत साक्षर रहेको छ । जस अन्तर्गत पुरुषको साक्षरता दर ८३.२ प्रतिशत छ भने महिलाको साक्षरता दर ६९.१ प्रतिशत रहेको छ । । नेपाली र थारु भाषा मुख्य प्रचलित भाषाका रुपमा रहेको यस क्षेत्रमा कला तथा साहित्यका क्षेत्रमा विशिष्ठ प्रतिभाहरु रहेका छन् । यो क्षेत्र थारु भाषा, कला र साहित्यका लागि उर्वर भूमी पनि हो ।

### ४.२.२ समस्या तथा चुनौति

शिक्षाका सबै तहमा गुणस्तर अभिबृद्दि गर्ने, शिक्षालाई ब्यवसायिक तथा रोजगारिमुलक बनाउने, सबै तहको शिक्षालाई समतामुलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिमलाई आम नागरिकको पहँच सम्म पुर्याउने, शिक्षकहरुको माग र आपूर्तिबिच सन्तुलन कायम गर्ने, लगानि अनुरुपको प्रतिफल सुनिश्चित गर्ने, संबिधान प्रदत्त शिक्षा सम्न्धि हकहरुको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको ब्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चुनौतिपूर्ण छ ।

विद्यालयका भौतिक पूर्वाधार कमजोर हुनु, सवै विद्यालयहरुमा अपाङ्ग मैत्री पूर्वाधार नहुनु, गुणस्तरीय शिक्षामा पहुँचमा कमी, बढ्दो अविभावकको चाहना भएपनि प्राविधिक विद्यालय नहुनु, विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको कमी, प्रविधिमैत्री शिक्षण सिकाईको कमी, वाल विकास केन्द्र व्यबस्थित नहुनु, गणित, दक्ष शिक्षकको कमी, कार्यमूलक शिक्षक तालिमको कमी, सवै विद्यालयमा मातृभाषामा शिक्षा नहुनु, छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून हुनु यस क्षेत्रका प्रमुख समस्या र चुनौतीको रुपमा रहेका छन ।

### ४.२.३ लक्ष्य

गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दक्ष, सिर्जनशील, प्रतिस्पर्धी र नैतिकवान् मानव पूँजी विकासमार्फत समृद्ध लालझाडी निर्माण गर्ने ।

"गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको विकास, समृद्ध लाझाडीको आधार"

### ४.२.४ उद्देश्य

- गुणस्तरीय, समावेशी र समान पहुँचयुक्त शिक्षा सुनिश्चित गर्ने

  (सबै बालबालिका तथा नागरिकलाई आधारभूतदेखि माध्यमिक तहसम्म गुणस्तरीय, समावेशी र पहुँचयोग्य शिक्षा उपलब्ध गराउँदै शैक्षिक असमानता न्यूनीकरण गर्ने ।)

- प्रविधिमैत्री, सीपमूलक र जीवनोपयोगी शिक्षा प्रणाली विकास गर्ने

  (सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्दै प्रविधिमैत्री शिक्षणसिकाइ प्रणाली विकास गर्ने– र श्रम बजारसँग जोडिएको सीपमूलक तथा जीवनोपयोगी शिक्षा प्रवर्द्धन गर्ने ।)

- दक्ष, सिर्जनशील, प्रतिस्पर्धी र नैतिकवान् मानव पूँजी विकास गर्ने

  (विद्यार्थीहरूको सिर्जनशीलता, नवप्रवर्तन क्षमता, व्यावसायिक दक्षता र नैतिक मूल्य विकास गर्दै स्थानीय तथा राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव पूँजी निर्माण गर्ने ।)

### ४.२.५ रणनीति

- स्थानिय सरकार, प्रदेश सरकार तथा संघ संस्था र समुदाय सँगको सहकार्यमा बिद्यालय भवन निर्माणका लागि स्रोतको ब्यवस्था गर्ने
- बिद्यालय भवन प्याकेजमा शौचालय, खानेपानि, तारवारको अनिवार्य ब्यवस्था गर्ने
- बिद्यालय तथा दरबन्दि समायोजन गरी शिक्षकको ऊपलब्धता बढाउने साथै दरबन्दि थपका लागि प्रदेश र संघीय सरकार सँग पहल गर्ने
- शिक्षक तालिमको ब्यवस्था गर्ने
- अनुगमन तथा मुल्याङ्कनलाई सहभागितामूलक र प्रबावकारि बनाउने
- शिक्षण सिकाइमा आधुनिक प्रविधि भित्र्याउने
- बिद्यार्थि उपस्थितिलाई गाउँपालिकाकोसेवा प्रवाहसँग आवद्द गर्ने
- स्थानिय समुदाय तथा स्थानिय सरकार सँग समन्वय सहकार्य गरी खेल मैदान निर्माण गर्ने
- शिक्षा क्षेत्रको विकासका लागि यस क्षेत्रमा काम गर्ने संघसंस्था सँग समन्वय र सहकार्य गर्ने
- माध्यमिक बिद्यालयमा बिद्युतीय पुस्तकालय र प्रयोगशालाको ब्यवस्था गर्ने
- अपाङ्गता भएका ब्यक्तिकालागि स्रोत कक्षा संचालन गर्ने तथा निशुल्क शिक्षा नीतिलाई पूर्णरुपमा कार्यान्वयन गर्ने

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१-८२ | २०८२-८३ | २०८३-८४ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | | | | | |
| माध्यमिक तहको खुद भर्ना दर | प्रतिशत | | | | | |
| १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | | | | |
| इन्टरनेटमा पहुँच भएका विद्यालयहरू | प्रतिशत | ९० | ९२ | ९५ | ९८ | १०० |
| खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | ० | १ | १ | २ | २ |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | | | | | |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | | | | | |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३८१२५ | २८१२० | १०००५ | | ५०० | ३६१०५ | १५२० | |
| २०८४/८५ | ३९६२१ | २९५४२ | १००७९ | | ६५० | ३७२२१ | १७५० | |
| २०८५/८६ | ४१३२० | ३१२५० | १००७० | | ६७५ | ३८६८५ | १९६० | |

### ४.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा सुदृढीकरण कार्यक्रम | सामुदायिक विद्यालयको पठनपाठनको गुणस्तरमा सुधार गर्नु | २०८३/०८४–२०८५/०८६ | ६,००० | विद्यालयको शैक्षिक गुणस्तर सुधार भई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुनेछ। |
| २ | प्रविधिमैत्री शिक्षा कार्यक्रम | प्राविधिक तथा सीपमूलक शिक्षा मार्फत रोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्नु | २०८३/०८४–२०८५/०८६ | ६,५०० | प्रविधि तथा सीपयुक्त जनशक्ति उत्पादन भई रोजगारीका अवसर विस्तार हुनेछन्। |
| ३ | साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम | प्रौढ साक्षरता र निरन्तर सिकाइ अभिवृद्धि गर्नु | २०८३/०८४–२०८५/०८६ | ३,००० | साक्षरता दर वृद्धि भई आजीवन सिकाइको अवसर विस्तार हुनेछ। |
| ४ | थारु भाषा, कला र साहित्य सम्बन्धी कार्यक्रम | थारु भाषा, कला तथा साहित्यको संरक्षण, संवर्द्धन र विकास गर्नु | २०८३/०८४–२०८५/०८६ | २,६५४ | थारु भाषा, संस्कृति, कला तथा साहित्यको संरक्षण र पुस्तान्तरण हुनेछ। |
| ५ | शैक्षिक क्षेत्र विकास कार्यक्रम (विद्यालय भवन, कक्षाकोठा, शौचालय तथा खानेपानी पूर्वाधार निर्माण तथा मर्मत, विद्यालयमा फर्निचर, शैक्षिक सामग्री तथा प्रयोगशाला व्यवस्थापन, पुस्तकालय तथा ईलाइब्रेरी स्थापना र सुदृढीकरण–, छात्रवृत्ति तथा लक्षित वर्गका विद्यार्थी सहयोग कार्यक्रम) | प्रभावकारी तथा गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्नु | २०८३/०८४–२०८५/०८६ | १२,००० | शैक्षिक पूर्वाधार, व्यवस्थापन तथा सेवा प्रवाहमा सुधार भई समग्र शिक्षा क्षेत्रको विकास हुनेछ। |

### ४.२.९ जोखिम तथा अनुमान

संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ। शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचका समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ। उपरोक्त परिवेश तयार हुन नसकेमा लक्ष्य हासिल गर्नमा कठिन हुने जोखिम रहन सक्छ।

## ४.३ खानेपानि तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकामा खानेपानिको मुख्य स्रोत भूमिगत खानेपानि हो । सामान्यतया ह्याण्डपम्प र ट्युबवेलको माध्यमबाट खानेपानिको जुगाड गरिएको पाइन्छ। डिप बोरिङ मार्फत पनि आजकल धेरै ठाउँमा शुद्द खानेपानिको ब्यवथापन गर्ने कोशिस गरिएको छ । तर धेरै ठाउँमा अझै यि आयोजनाहरु सफलतापूर्वक संचालन हुन सकेका छैनन् । यो गाउँपालिकामा ६ वटा ओभरहेड पानि ट्याङ्कि निर्माण गरिएको भएता पनि एउटा मात्र सफलतापूर्वक संचालनमा आउन सकेको छ । सन् २०२१ को आँकडा अनुसार यस गाउँपालिकामा घरघरमा धारा उपलब्ध हुने परिवार करिव २.६% छन् भने सामुहिक धाराको पानि उपलब्ध हुने परिवार करिव १% छन् । यस्तै ह्याण्डपम्प र ट्युबवेलमार्फत खानेपानि प्रयोग गर्ने परिवार करिव ९३% छन् । यि बाहेकका करिब २.७% परिवारले अन्य स्रोतबाट खानेपानिको जोहो गरेको पाइन्छ ।

यस गाउँपालिकामा सरसफाइको अवस्था सुदृढ हुँदै गएता पनि तुलनात्मक रुपमा वरिपरिका अन्य क्षेत्र भन्दा अझै कमजोर रहेको छ । यद्यपि आजका समयसम्म प्राय सबै घरमा शौचालयको प्रयोग हुने गरेको छ । ९५% भन्दा बढी घरपरिवारमा शौचालय निर्माण भइसकेको छ तर अन्य सरसफाइका क्षेत्रमा धेरै प्रगति हुन सकेको देखिदैन । यस गाउँपालिकाले ढल निकासी, प्लास्टिकजन्य प्रदुषण नियन्त्रण, घर भित्रको प्रदुषण नियन्त्रण जस्ता क्षेत्रमा अझै लामो दुरी तय गर्न बाँकि नै रहेको देखिन्छ । साथै ब्यक्तिगत सरसफाइको लागि जनचेतना बढाउँदै जानु पनि अपरिहार्य रहेको छ ।

### ४.३.२ समस्या तथा चुनौति

स्वच्छ खानिपानि उपलब्धता र पहुँचमा कमि, ब्यक्तिगत सरसफाइमा कमि, फोहरमैलाको ब्यवस्थापनमा कमि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् । जनस्तरमा सरसफाई सम्बन्धी सचेतनाको कमीका कारण वस्तिको स्वच्छता कायम राख्र कठिन भएको छ । खानेपानी संस्थाद्वारा वितरण पानी ल्याव टेस्ट गरिएपनि ईनार र चापाकलको पानीको प्रशिक्षण नभएको, फिल्टर पानीको पहुँचमा कमी, पानीको पाईपहरुको उचित व्यवस्थापन हुन नसक्नु, डम्पिङ साईटको अभाव, फोहोर व्यवस्थापन कमजोर र ढल निकासको समस्याहरु हुन् । चौबिसै घन्टा पानीको उपयोगका लागि ट्याङ्कीको व्यवस्था नहुनु, फोहोर जलाइने हुदाँ वातावरण प्रदुषण हुनु, घर भित्र दाउराको प्रयोगले भित्री प्रदुषण बढी हुनु खानेपानी तथा सरसफाई क्षेत्रका समस्या हुन् । फोहोर व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, पानीको स्रोतहरुको संरक्षण गर्नु, खानेपानी पाईपलाईनको व्यवस्थापन गर्नु, खानेपानी ट्याङ्कीलाई सुरक्षित गर्नु, खानेपानी संस्था तथा सडक कार्यालय बीच पुर्वाधार निर्माणमा समन्वय गर्नु खानेपानी तथा सरसफाईका प्रमुख चुनौतिका रुपमा रहेका छन् ।

### ४.३.३ लक्ष्य

सफा, सुरक्षित तथा गुणस्तरीय खानेपानी, स्वच्छ र सफा वातावरणमार्फत स्वस्थ र समृद्ध लालझाडीको पहिचान स्थापित गर्ने ।

### ४.३.४ उद्देश्य

- गाउँपालिकाका सबै नागरिकलाई सुरक्षित, गुणस्तरीय तथा दिगो आधारभूत खानेपानी र सरसफाइ सेवामा पहुँच सुनिश्चित गरी स्वच्छ, स्वस्थ र सफा जीवनयापनको वातावरण सिर्जना गर्नु ।
- उच्च स्तरको खानेपानी तथा सरसफाइ पूर्वाधारको विकास र विस्तार गरी गुणस्तरीय सेवा प्रवाह, वातावरणीय स्वच्छता तथा जनस्वास्थ्यमा सुधार ल्याउनु ।

### ४.३.५ रणनीति

- नेपाल सरकार र गैर सरकारि संस्थाहरु सँगको सहकार्यमा स्वच्छ खानेपानि आयोजनाहरु संचालन गर्ने
- आर्सेनिकको प्रभाव कम गर्न बैकल्पिक उपायको अवलम्बन गर्ने
- सरसफाइ अभिवृद्दि सम्बन्धि चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने
- शौचालय नभएका घरपरिवारमा शौचालय निर्माण र उपयोगलाई अनिवार्य गर्ने

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१-८२ | २०८२-८३ | २०८३-८४ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ८६ | ८७ | ८८ | ९० | ९५ |
| सुचारु खानेपानि आयोजना | संख्या | २ | २ | | | |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिशत | २.६ | ३ | ८ | १५ | २५ |
| शौचालय भएका परिवार | प्रतिशत | ९५ | ९६ | ९७ | ९९ | १०० |
| सार्वजनिक शौचालय | संख्या | २ | ३ | ४ | ५ | ६ |
| छात्र छात्राको अलग अलग शौचालय भएको विद्यालय | संख्या | ९५ | ९५ | ९७ | १०० | १०० |
| खानेपानी शुद्धता परीक्षण भएका आयोजना | संख्या | १६ | २० | ४० | ७० | ९५ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१-८२ | १४३१२ | ६२१० | ८१०२ | ० | २५० | १२८५२ | १२१० | ० |
| २०८२-८३ | १५८२० | ७१५० | ८६७० | ० | ३५० | १४१५० | १३२० | ० |
| २०८३-८४ | १७५२० | ८१२५ | १०३७० | ० | ४५० | १५७२० | १३५० | ० |

### ४.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एक घर एक धारा खानेपानी विस्तार कार्यक्रम | सबै घरधुरीमा सुरक्षित तथा नियमित खानेपानी सेवा पुऱ्याउने | २०८१-८०८३ | | सुरक्षित खानेपानीमा पहुँच भएका घरधुरीको संख्या वृद्धि हुने |
| २ | खानेपानी स्रोत संरक्षण तथा पुनर्भरण कार्यक्रम | मुहान, पोखरी तथा जलाधार क्षेत्रको संरक्षण गरी पानीको दिगोपना सुनिश्चित गर्ने | | | पानीका स्रोतहरूको संरक्षण भई वर्षभरि पानी उपलब्ध हुने |
| ३ | पूर्ण सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कार्यक्रम | व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइको व्यवहार विकास गर्ने | | | खुला दिसामुक्त तथा स्वच्छ समुदायको विकास हुने |
| ४ | विद्यालय तथा सार्वजनिक संस्थामा WASH सुविधा सुधार कार्यक्रम | विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलमा सुरक्षित पानी, शौचालय र हात धुने सुविधा विस्तार गर्ने | | | बालबालिका तथा सर्वसाधारणको स्वास्थ्य अवस्था सुधार हुने |
| ५ | | | | | |

### ४.३.९ जोखिम तथा अनुमान

खानेपानि तथा सरसफाइको क्षेत्रमा गर्नुपर्ने कार्यहरु धेरै छन् भने ति कार्यहरु छिटै सम्पन्न गर्नुपर्ने आवश्यकता पनि देखिएको छ । मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएको हुनेछ । जलवायु परिवर्तनबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन व्यवस्थित बसोबास, तरल तथा फोहरमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा सरसफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामै लैंगिक विभेद अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । लालजाडी गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वितरण गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिइरहेको छ । गाउँपालिकाले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्गको महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी कार्यक्रम सञ्चालन भएको छ । आर्थिक तथा सामाजिक रूपमा पिछडिएको वर्गका लागि विशेष कार्यक्रम कार्यान्वयनमा छन् । सामाजिक कुप्रथाका रूपमा रहेका बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरितिको अन्त्य गर्दै बालहिंसा, लैंगिक हिंसा मुक्त शहर बनाउन कार्यक्रमहरू सञ्चालन भएका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएकोछ । गाउँपालिकामा अपाङ्ग, महिला तथा बालबालिका मैत्री संरचना निर्माण नगन्य मात्रामा छन् । जात र लिङ्गका आधारमा हुने हिंसाको अवस्था सामान्य छ । दलित जनजाति पिछडिएका वर्ग आय आर्जनको अवस्था सन्तोषजनक देखिदैन ।

माहिलाहरुमा पुरुषको तुलनामा साक्षरता दर कम छ भने पारिवारिक अचल सम्पत्तिमा महिलाको स्वामित्व ११% को हाराहारि मात्र रहेको छ । जस अन्तर्गत घर र जमिन दुबैको स्वामित्व हुने २% मात्र महिला रहेका छन् । यहाँ ३०% जति बालिकाको बालबिवाह हुने गरको पाइएको छ । राज्यले नै सूचिकृत गरेको थारु समुदायको बाहुल्यता रहेको यस क्षेत्रका सबै सिमान्तकृत समुदायलाइ विकासको मूलधारमा समावेस गर्ने भरमग्दुर प्रयास यस गाउँपालिकाले गरेको पाइन्छ ।

### ४.४.२ समस्या तथा चुनौति

लैङ्गिक तथा जातीय बिभेद कायम हुनु, निर्णायक तहमा महिलाको पहुँच कमजोर हुनु, बालबिबाह, बालमैत्री र अपाङ्गमैत्री पूर्वाधारको कमी, घरेलु हिंसा र कुप्रथा, बढ्दो लागुपदार्थ दुर्व्यसनि, आर्थिक तथा सामाजिक क्षेत्रमा महिला, अपाङ्ग, दलितको समानुपातिक सहभागितामा कमी आदि यद क्षेत्रका प्रमुखसमस्याहरु रहेका छन् । लक्षित वर्ग, पिछडिएको वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ । स्थानीय स्तरको योजना रहेतापनि प्रत्यक्ष अर्थपूर्ण सहभागिता नहुदा तर्जुमा गरिएका कार्यक्रमहरूबाट प्रभावकारी कार्यान्वयनको कमी रहेको पाइन्छ । यहाँ बालबिबाहको बिरुद्दमा गाउँपालिका लगायत सम्पूर्ण निकायको हस्तक्षेपकारी भुमिका आवश्यक देखिन्छ ।

### ४.४.३ लक्ष्य

महिला, बालबालिका तथा सबै लक्षित वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै गुणस्तरीय सेवा, अवसर र निर्णय प्रक्रियामा समान पहुँच सुनिश्चित गरी लैङ्गिक तथा सामाजिक समावेशीकरणयुक्त समृद्ध समाज निर्माण गर्ने ।

"भेदभाव रहित समाजको विकास, सामाजिक समावेशीकरणको दिशामा लालझाडीको आवाज"

### ४.४.४ उद्देश्य

- सबै बर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनितिक सशक्तिकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु
- महिला बिरुद्द हुने सबै किसिमका हिंसा, बिभेद र बहिस्करण अन्त्यका लागि कार्यक्रम संचालन गर्नु

- आर्थिक, राजनितिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरुको सार्थक र समान पहुँचका लागि समान अवसरहरुको सिर्जना गर्नु
- बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्धन गर्नु
- बालबालिका र किशोरकिशोरी उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा र दुर्व्यवहारहरुलाई उन्मुलन गर्नु
- सबै किसिमको बालश्रम र बालबिबाह उन्मुलन गर्नु

### ४.४.५ रणनीति

- लैङ्गिक समानता, सामाजिक न्याय तथा भेदभावमुक्त समाज निर्माण गर्ने ।
- महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको सामाजिक, आर्थिक र राजनीतिक सशक्तीकरण गर्ने ।
- बालअधिकार संरक्षण, बालमैत्री स्थानीय शासन तथा बालहिंसा र बालविवाह न्यूनीकरण गर्ने ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अनाथ तथा असहाय नागरिकका लागि सामाजिक सुरक्षा र संरक्षण प्रणाली सुदृढ गर्ने ।
- समावेशी, पहुँचयुक्त तथा उत्तरदायी सेवा प्रवाह र पूर्वाधार विकासमार्फत सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| बालबिबाह दर | प्रतिशत | ३० | २५ | २२ | १५ | ७ |
| लैंगिक हिंसा र छुवाछुत वार्षिक घटना | संख्या | ० | ० | ० | ० | ० |
| जमीन तथा सम्पत्तिमा महिलाको स्वामित्व भएका घरपरिवार | प्रतिशत | १२ | १५ | २१ | ३० | ४० |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ५ | ५ | ५ | ७ | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सहकारी र स्थानीय संरचनाको नेतृत्वमा रहेका महिला | प्रतिशत | ३५ | ३७ | ४० | ४५ | ४८ |
| गाउँपालिकाभित्र रहेका बालगृह | संख्या | ० | ० | ० | १ | १ |
| सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | १६३५ | १६७० | १६९५ | १७२० | १७५० |
| अपाङ्गतामैत्री भौतिक संरचना | प्रतिशत | १० | १० | ११ | १२ | १५ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | २०३०० | १०५०० | ९८०० | ० | ५४० | १९१६० | ६९० | ० |
| २०८४-८५ | २११०० | ११२३० | ९८७० | ० | ५५० | १९७९० | ७६० | ० |
| २०८५-८६ | २२५०० | १२५०० | १०००० | ० | ५५५ | २१११५ | ८३० | ० |

### ४.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको उद्यमशीलता, सीप विकास तथा जीविकोपार्जन प्रवर्द्धन कार्यक्रम | लक्षित वर्गको आर्थिक सशक्तीकरण, रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गरी आयस्तर वृद्धि गर्ने | २०८३/०८४–२०८५/०८६ | ६,५०० | सीपयुक्त जनशक्ति उत्पादन हुने, स्वरोजगार तथा उद्यमशीलता वृद्धि हुने र लक्षित वर्गको आर्थिक अवस्था सुधार हुनेछ । |
| २ | लैङ्गिक हिंसा, जातीय विभेद, बालविवाह तथा | लैङ्गिक तथा सामाजिक विभेद अन्त्य | २०८३/०८४–२०८५/०८६ | १,५०० | हिंसा, विभेद तथा बालविवाहका घटनामा |

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | बालहिंसा न्यूनीकरण एवं कानुनी सचेतना कार्यक्रम | गरी सुरक्षित, न्यायपूर्ण र समावेशी समाज निर्माण गर्ने | | | कमी आउने, कानुनी सचेतना अभिवृद्धि हुने र सामाजिक सद्भाव कायम हुनेछ । |
| ३ | बालमैत्री स्थानीय शासन तथा बाल संरक्षण प्रणाली सुदृढीकरण कार्यक्रम | बालअधिकार संरक्षण गर्दै बालमैत्री वातावरण र स्थानीय शासन प्रणालीको विकास गर्ने | २०८३/०८४–२०८५/०८६ | २,५०० | बालमैत्री वडा तथा गाउँपालिका निर्माण हुने, बाल संरक्षण संयन्त्र सुदृढ हुने र बालबालिकाको विकासमा सकारात्मक सुधार आउनेछ । |
| ४ | अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा असहाय नागरिकका लागि सामाजिक सुरक्षा तथा संरक्षण सेवा विस्तार कार्यक्रम | सामाजिक सुरक्षा तथा संरक्षण सेवामा सहज पहुँच सुनिश्चित गरी सम्मानपूर्ण जीवनयापनमा सहयोग पुऱ्याउने | २०८३/०८४–२०८५/०८६ | ३,५०० | सामाजिक सुरक्षा सेवाको पहुँच विस्तार हुने, लक्षित वर्गको जीवनस्तर सुधार हुने तथा सामाजिक संरक्षण प्रणाली सुदृढ हुने । |
| ५ | महिला नेतृत्व विकास, राजनीतिक सहभागिता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन कार्यक्रम | निर्णय प्रक्रिया तथा सार्वजनिक जीवनमा महिलासहित लक्षित वर्गको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने | २०८३/०८४–२०८५/०८६ | १,८७० | महिला तथा सीमान्तकृत वर्गको नेतृत्व क्षमता विकास हुने, निर्णय तहमा सहभागिता बढ्ने र समावेशी शासन प्रणाली सुदृढ हुनेछ । |
| ६ | अपाङ्गमैत्री, बालमैत्री तथा ज्येष्ठ नागरिकमैत्री सार्वजनिक पूर्वाधार तथा सेवा पहुँच सुधार कार्यक्रम | सबै नागरिकका लागि समान पहुँचयुक्त, सुरक्षित र समावेशी सार्वजनिक सेवा तथा पूर्वाधार विकास गर्ने | २०८३/०८४–२०८५/०८६ | ३,६०० | सार्वजनिक पूर्वाधार तथा सेवामा पहुँच वृद्धि हुने, अपाङ्गमैत्री तथा बालमैत्री वातावरण निर्माण हुने र समावेशी विकासलाई टेवा पुग्नेछ । |
| ७ | बाल गृह निर्माण | गरिब तथा अनाथ बालबालिकाको संरक्षण, हेरचाह तथा पालनपोषण गर्नु | २०८४/०८५ | ५,००० | कम्तिमा ५० जना बालबालिकालाई सुरक्षित आवास तथा हेरचाहको व्यवस्था हुनेछ । |
| ८ | बाल क्लब गठन तथा सञ्चालन | बालबालिकाको सर्वाङ्गीण विकास | २०८३/०८४–२०८५/०८६ | २०० | प्रत्येक वडा, विद्यालय तथा पालिका स्तरमा बाल |

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | तथा नेतृत्व क्षमता अभिवृद्धि गर्नु | | | क्लब गठन तथा सञ्चालन हुनेछ । |
| ९ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन | लैङ्गिक हिंसाविरुद्ध जनचेतना अभिवृद्धि गरी हिंसा न्यूनीकरण गर्नु | वार्षिक | १,००० | लैङ्गिक हिंसाविरुद्ध समुदायमा व्यापक जनचेतना अभिवृद्धि भई हिंसाका घटनामा कमी आउनेछ । |

### ४.४.९ जोखिम तथा अनुमान

सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीतिगत परिवर्तन भएको हुनेछ । यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ । बालबिबाह उन्मूलन, महिलाहिंसा नियन्त्रण, दलितउत्थान तथा अपाङ्गमैत्री संरचना निर्माणमा प्राथमिकताका साथ कार्यक्रमहरु लागु गरिनेछ ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्त्तन

### ४.५.१ पृष्ठभूमि

सक्षम, स्वस्थ, प्रविधिमैत्री र सृजनशिल यवा समकालीन नेपाली समुदायको परिचय हो । राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेज तथा संयन्त्रहरु जस्तै २०१५ को डिसेम्बर ९ मा संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को ७५७३ औं बैठकले पारित गरेको युवा, शान्ति तथा सुरक्षासँग सम्बन्धीत प्रस्ताव नं. २२५०, दिगो विकासका लक्ष्य, राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, तथा दश वर्षे रणनीतिक योजना, राष्ट्रिय युवा परिषद् ऐन २०७२ र नियमावली २०७३, रोजगारीको हक सम्बन्धी ऐन २०७५ ले पनि युवाको विकास र सहभागीतामा जोड दिएको छ । यसका लागि एकीकृत नीति योजना तथा कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । गाउँपालिकाको कुल जनसंख्याको ४६.५७ प्रतिशत युवा (१६ देखि ४० वर्ष) रहेको अवस्थामा जनसांख्यिक लाभको अवसरलाई पुँजीकृत गरी स्थानीय विकास तथा आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ ।

स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गरी युवाको सशक्तिकरण र विकासमा परिचालनको नीति अवलम्बन गरिएको छ । सीप विकास, स्वरोजगारी र आत्मनिर्भरताका अवसरहरु सिर्जना भएका छन् । खेल क्षेत्रको विकासका लागि स्थानीयस्तरमा खेल आयोजना तथा खेलाडीलाई सहयोग तथा सम्मानको अभ्यास रहेको छ । गाउँपालिकाले युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट सचेत गराउने नीति स्थानीय सरकारले लिएको छ । युवाहरुलाई लक्षित गरी नवप्रवर्त्तनका कार्यक्रमहरु संचालन गरेको खण्डमा गाउँपालिका क्षेत्रभित्र रोजगारीका साथै आम्दानिका अवसरहरु पनि सृजना हुने देखिन्छ जसले युवाशक्ति पलायनमा पनि कमि आने निश्चित छ ।

### ४.५.२ समस्या तथा चुनौति

विभिन्न तहका सरकारबीच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयनको कमि, खेल मैदान लगायतका खेल पूर्वाधारको विकास पर्याप्त नहुनु, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, दुव्र्यसन र वैदेशिक रोजगारीमा आकर्षण, स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविश्यको अनिश्चिता, समस्याको रुपमा रहेको छ ।

यस क्षेत्रका करीव ८ प्रतिशत युवा दुव्र्यसनीमा फसेको देखिन्छ । युवा दुव्र्यसनी, खेल मैदानहरु अव्यवस्थित हुनु, खेल सामाग्रीको अपर्याप्तता, दक्ष प्रशिक्षकद्वारा सिकाई र प्रोत्साहनको अभाव, कवर्ड हलको अभाव, खेलकुदको लागि भौतिक संरचनाको अभाव, युवा बेरोजगारी र बिदेश पलायन यस क्षेत्रको प्रमुख समस्याहरु हुन । युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा स्वभाविक आक्रर्षण रहेको छैन । विभिन्न तहका सरकारबीच युवा तथा खेलकुदसम्बन्धी योजना कार्यान्वयन एवं समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्न एकापसमा सामञ्जस्यको अभाव छ । स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविष्यको अनिश्चिताका कारण खेल क्षेत्रमा आशातित सफलता हासिल गर्न सकिएको छैन । स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्नु, उपलब्ध रोजगारीका अवसरहरुमा युवा आकर्षण वढाउनु, युवा वर्गलाई कुलतबाट जोगाउनु, खेलकुदका लागि न्युनतम पुर्वाधारको व्यवस्था गर्नु, खेलाडीको मनोवल उच्च बनाउनु चुनौतिका रुपमा रहेको छ ।

### ४.५.३ लक्ष्य

युवाको सर्वाङ्गीण विकासमार्फत समृद्ध, सक्षम, आत्मनिर्भर र उद्यमशील लालझाडी गाउँपालिका निर्माण गर्ने ।

### ४.५.४ उद्देश्य

- युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक सामाजिक विकासमा युवा सहभागिता अभिवृद्दि गर्नु
- युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको संवाहक बनाउनु
- खेल पूर्वाधारको विकास तथा विस्तार गर्नु
- खेलाडी तथा खेलकुद प्रतियोगितालाई गनात्मक बनाउनु
- स्काउटको सुदृढीकरण तथा विस्तार गर्नु

### ४.५.५ रणनीति

- युवा स्वरोजगारका लागि तालिम तथा अवसरको सृजना गर्ने
- गाउँस्तरीय तथा वडास्तरीय खेल मैदानको ब्यवस्था गर्ने
- नियमित खलकुद प्रतियोगिताका लागि निजि क्षेत्र र संघसंस्थाहरुसँग समन्वय गर्ने
- संघीय तथा प्रदेश सरकार र गैर सरकारि संस्थासँग समन्वय र सहकार्य गरी खेलकुदका पूर्वाधार निर्माण गर्ने
- खेल प्रशिक्षकको ब्यवस्था गर्ने

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | | | मध्यमकालीन लक्ष्य |
|---|---|---|---|---|

| | | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | २०८१-८२ | २०८२-८३ | २०८३-८४ |
|---|---|---|---|---|---|---|
| स्थानीय रोजगारमा संलग्न युवा | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ६० |
| प्राविधिक र व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्य (वार्षिक) | संख्या | ६० | ६० | ७५ | ८० | १०० |
| युवाक्लब, संजाल तथा संस्था | संख्या | १७ | १८ | १९ | २१ | २५ |
| दुव्र्यसनी न्यूनीकरणका लागि युवा परामर्श तथा कार्यक्रम | संख्या | ४ | ५ | ६ | ९ | १२ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | - | - | - | १ | १ |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | संख्या | १२ | १२ | १२ | १२ | १५ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | ९६१२ | ४८१२ | ४८०० | ० | २२५ | ८९३७ | ४५० | ० |
| २०८४-८५ | १०२५० | ५१४३ | ५१०७ | ० | २५० | ९३२० | ६८० | ० |
| २०८५-८६ | १२५५० | ५६८० | ६८७० | ० | ३१० | ११५२० | ७२० | ० |

### ४.५.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | कार्यक्रमको उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा सीप, उद्यमशीलता तथा रोजगार प्रवर्द्धन कार्यक्रम | युवाको दक्षता, उद्यमशीलता र स्वरोजगार क्षमता विकास गर्नु | २०८३/०८४– २०८५/०८६ | ५,००० | सीपयुक्त तथा उद्यमशील युवा उत्पादन भई रोजगारी तथा स्वरोजगारका अवसर वृद्धि हुने |
| २ | युवा नेतृत्व, नवप्रवर्तन तथा सामाजिक परिचालन कार्यक्रम | सामाजिक, आर्थिक तथा विकास प्रक्रियामा युवा सहभागिता अभिवृद्धि गर्नु | | ३,५०० | स्थानीय विकास र राष्ट्र निर्माणमा युवाको नेतृत्व तथा सहभागिता बढ्ने |
| ३ | खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यक्रम कवर्ड हल निर्माण | खेल मैदान, खेल सामग्री तथा अन्य खेल पूर्वाधारको विकास गर्नु | | ९,७७७ | खेल पूर्वाधारको पहुँच विस्तार भई खेल गतिविधि सञ्चालनमा सहजता आउने |
| ४ | खेलकुद प्रतियोगिता तथा प्रतिभा विकास कार्यक्रम | खेलाडीको क्षमता विकास तथा प्रतिस्पर्धात्मक खेलकुद प्रवर्द्धन गर्नु | | २००० | उत्कृष्ट खेलाडी उत्पादन भई विभिन्न प्रतियोगितामा सहभागिता र उपलब्धि वृद्धि हुने |
| ५ | नेपाल स्काउट सुदृढीकरण तथा विस्तार कार्यक्रम | स्काउट गतिविधिको विस्तार गरी युवामा अनुशासन, नेतृत्व र सामाजिक सेवाको भावना विकास गर्नु | | ५०० | स्काउट सदस्यता र गतिविधि विस्तार भई युवामा नेतृत्व तथा स्वयंसेवा संस्कृतिको विकास हुने |

### ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## ४.६ सामाजिक सुरक्षा तथा पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

सामाजिक सुरक्षा नागरिकको अधिकार हो । यो गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा सहयोग पुर्याउने सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्दछ । आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित, बालबालिका आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयनमा छन् । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा सबै नागरिकको समान सहभागिता गराउन उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

सामाजिक सुरक्षाले विशेष आवश्यकतामा रहेका, विशेष सहयोग र सम्मानको आवश्यकता पर्ने नागरिकहरुको अधिकारको सम्मान गर्दछ । दिगो विकासका लक्ष्यहरु अन्तरगत लक्ष्य नं ३ मा आरोग्यता तथा कल्याण, लक्ष्य नं ४ मा गुणस्तरिय शिक्षा, लक्ष्य नं ५ लैंङ्गिक समानता, लक्ष्य नं ८ मा मर्यादित काम तथा आर्थिक वृद्धि, लक्ष्य नं १० मा असमानतामा न्यूनिकरण, लक्ष्य नं १६ मा शान्ति, न्याय र सक्षम निकायहरुसँग सम्वन्धित लक्ष्यहरु सामाजिक सुरक्षासँग सम्वन्धित छन् । सामाजिक सुरक्षाको क्षेत्रमा यस गाउँपालिकाले संघीय सरकारबाट प्राप्त बजेटबाहेक केहि अत्यन्त गरिबीको रेखामुनिका परिवारजनलाई सहयोग गर्ने नीति लिँदै आएको छ । अहिले सम्म यस गाउँपालिकाका ३१ अनाथ बालबालिकाहरुलाई बार्षिक रु. १०८०० प्रदान गरिँदै एको छ भने समय समयमा गरिब बिद्यार्थिहरुलाई पोषाक, स्टेशनरी सामान बितरण हुँदै आएको छ । त्यसैगरी समुदायमा कम्बल, अपाङ्गका लागी सामाग्रीहरु पनि बितरण गर्ने गरिएको छ । यसैगरी सामाजिक सुरक्षा भत्ता अन्तर्गत १६७० जना लाभान्वित भएका छन् . जस अन्तर्गत एकल महिला १६५ जना, विदुवा महिला १६१ जना, दलित वालवालिका ७१ जना, अपाङ्ग ५२ जना, अति अशक्त १३० जना र दलित ४५ जना ले सामाजिक सुरक्षा भत्ताको सुविधा पाएका छन् ।

### ४.६.२ समस्या तथा चुनौति

संविधानमै नागरिकको पहिचानको अधिकारलाई सुनिश्चित गरिएको भएतापनि विशेषगरी जन्मदर्ताको समस्या अझै पनि रहेको छ । तोकिएको समयमा पंजीकरणको काम नगरी जहिले आवश्यक पर्दछ त्यहि बेला मात्र पंजीकरणका लागि धाउने अवस्था अभ्यासमा छ । सामाजिक सुरक्षा भत्ता घर दैलो सम्म पर्युने गाउँपालिकाको नीति भएता पनि समयमै पुर्यादने चुनौती कायम छ ।

### ४.६.३ सोच

आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण

### ४.६.४ उद्देश्य

- सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।
- सामाजिक संरक्षणका सेवा सुविधाहरू समयमै घर घर सम्म पुर्याउनु
- पञ्जीकरणलाई मौलिक हको रुपमा लिइ अनिवार्य तथा सहज बनाउनु

### ४.६.५ रणनीति

- सामाजिक सुरक्षा प्रणाली अन्तरगत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने ।
- सामाजिक सुरक्षाका क्षेत्रमा छरितो नियमनकारी संरचनाको विकास गर्ने ।
- सामाजिक संरक्षणका सेवा सुविधाहरू समयमै घर घर सम्म पुर्याउने
- पञ्जीकरणका कार्यहरुलाई अनिवार्य गरी सबैको लागि सहज र सुलभ बनाउने

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९२ | ९४ | ९५ | ९७ | १०० |
| सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | १६३५ | १६७० | १६८० | १६९० | १७३० |
| गाउँपालिकाको आफ्नै बजेटबाट सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | - | - | १० | २० | ५० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | ३८६५ | २११० | १७५५ | ० | ३०० | २८१५ | ७५० | ० |
| २०८४-८५ | ४१५२ | २१४० | २०१२ | ० | ३५० | ३००२ | ८०० | ० |
| २०८५-८६ | ४३२५ | २१९० | २१३५ | ० | ५५० | २९२५ | ८५० | ० |

### ४.६.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | कल्याणकारी सेवा प्रदान गर्नु | २०८१-८०८३ | २०० | गाउँ पालिकाका ब्रिद्द असहाय अपाङ्ग |
| २ | | | | | |

### ४.६.९ जोखिम तथा अनुमान

सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

## ५.१ भवन, आवास तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकाका अधिकांश जमिन समथर र सडक (कच्ची) तथा विद्युत जस्ता पूर्वाधारको विकास भएकाले आवास र बस्ती विकासका लागि यो क्षेत्र उपयुक्त रहेको छ। तर सडक संजालको उचित ब्यवस्था नहुँदा वरिपरिका अन्य स्थानीय निकायहरुमा जस्तो बस्ती विकास हुन सकेको छैन । साथै अन्य पालिकाहरुमा जस्तो अब्यवस्थित भूमि खण्डीकरण गरी जग्गा प्लटिङ गर्ने कार्य पनि भएको देखिदैन । समयमै उपयुक्त भू-उपयोग योजना बनाई उचित कार्यान्वयन गर्न सकेको खण्डमा रमणीय थारु बस्तीहरु लगायत अन्य समुदायलाई पनि उचित लाभ मिल्ने निश्चित छ।

यस गाउँपालिकामा अधिकांश घरहरु काठ तथा माटोले बनेका पाइन्छन्। करिब ३ चौथाई घरहरु काठ र माटोले बनेका छन् भने पक्कि घरहरु ५% मात्र रहेका छन्। ६०% भन्दा बढी घरहरुमा टाइलको छाना प्रयोग भएको पाइन्छ भने १७% घरहरुमा जस्ताको छाना प्रयोग गरिएको छ। यहाँ आरसिसि छाना हुने घरहरु १२% जति रहेकाछन् भने खर तथा नलको छाना हुने घरहरु ७% छन्। यसै गरि यो गाउँ पालिकाका करिब एकतिहाई घर परिवार बढी त कथा कटानको समस्याबाट प्रभावित छन . ६०६५ सालको बाढीका कारण सयौ घर परिवार विस्थापित हुनु परेको थियो . हाल त्यो बस्ति वार्ड नै २ को कसुवामा ऐलानी जग्गामा अब्यबस्थित रुपमा बसेको छ . यसलाई सुरक्षित स्थानमा बसोबास बसाउन आवश्यक छ .

### ५.१.२ समस्या तथा चुनौति

आवास निर्माणमा मापदण्डको कार्यान्वयन नहुनु तथा कृषियोग्य जमिनमा आवास निर्माण समस्याको रुपमा रहेको छ। बजार तथा वस्ती क्षेत्रमा खानेपानी, फोहोरमैला तथा ढलनिकासको व्यवस्थापन कमजोर, बढ्दो प्रदूषणका कारण वातावरणीय असन्तुलन हुनु, ब्यबस्थित बस्ति विकास तथा निर्माणमा विपद् व्यवस्थापनको अवधारणा स्थापित नहुनु, अधिकांस घरहरु भूकम्प प्रतिरोधी नहुनु, सडकको मापदण्ड तयारि तथा कार्यान्वयन नहुनु, शहरी सुविधाहरुको उपलब्धता नहुनु यस क्षेत्रका थप समस्या हुन्। त्यस्ता भूमिहिन वर्ग सुकुम्बासी परिवारहरूको समुचित व्यवस्थापन तथा सूरक्षित आवासका एकीकृत योजना निर्माण गरी व्यवस्थित गर्नु एक चुनौती रहेको छ।

### ५.१.३ सोच

समुदायको सहभागितामा सबैका लागि सुरक्षित र व्यवस्थित आवासको व्यवस्था गर्ने।

### ५.१.४ उद्देश्य

- ब्यवस्थित वस्ती बसाल्नु
- बिभिन्न आवश्यकीय पूर्वाधारहरुको समुचित विकास गर्नु
- मानिसका आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नु

### ५.१.५ रणनीति

- सडक, नाली, पार्किङ स्थल, सार्वजनिक शौचालय, सटर, संकलन तथा बिक्रि केन्द्र, हरियाली क्षेत्र र खुल्ला स्थान सहित बजार केन्द्र ब्यवस्थित गर्ने
- हरियाली तथा मनोरञ्जन पार्क सहित निर्माण गर्ने
- सामुदायिक भवन सहित सुरक्षित आश्रयस्थल निर्माण गर्ने
- एकिकृत सेवा प्रवाह सहितको गाउँ कार्यपालिका र वडा कार्यालय भवनहरु निर्माण गर्ने
- गाउँ-वस्तीमा पार्क र सुरक्षित खुल्ला क्षेत्रको ब्यवस्था गर्ने

- प्राविधिक, निर्माण व्यवसायि र सिकर्मी, डकर्मीकालागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बन्धि तालिम प्रदान गर्ने
- नक्सा पास, भूकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्ड बारे सचेतना कार्यक्रम संचालन गर्ने

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | १० | १० | ११ | १२ | १५ |
| भूकम्प प्रतिरोधी भवन निर्माण संबन्धी दक्ष व्यक्ति | संख्या | ६० | ८० | १०० | ११० | १२५ |
| गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | २० | २० | १८ | १२ | ५ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ५० | ५० | ५० | ५१ | ५२ |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | १२३३१० | ६४२५१ | ५९०५९ | ० | २००० | ११७७१० | ३६०० | ० |
| २०८४-८५ | १३२५४० | ६६४७० | ६६०७० | ० | २१०० | १२६४९० | ३९५० | ० |
| २०८५-८५ | १३७५८० | ६९८२० | ६७७६० | ० | २२०० | १३१२६० | ४१२० | ० |

### ५.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका भवन निर्माण | गाउपालिकाको सेवा प्रवाह मा सहजता ल्याउने | २०८३/०८४-२०८५/०८६ | ५०००० | भवन निर्माण भएको हुनेछ |
| २ | अन्य सरकारी तथा सार्वजनिक भवन निर्माण | सेवा रवाह र स्थानीय बासीको सुबिधा बढाउनु | | | स्थानीय वासीलाई सुबिधा पुगेको हुनेछ |
| | ब्यबस्थित बस्ति बिकास | पालिका का अब्यबस्थित असुरक्षित स्थानमा रहेको बस्तीलाई ब्यबस्थित गराउनु | | | बस्ति ब्यबस्थित र सुरक्षित भएको हुनेछ |

### ५.१.९ जोखिम तथा अनुमान

उपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई बजार क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ ।जोखिमयुक्त क्षेत्रको नक्साङ्कन भई सुरक्षित स्थानमा स्थानान्तरणको योजना तयार भएको हुने, सुरक्षित भवन निर्माण आचारसंहिता कार्यान्वयन हुने, बहुसरोकारवाला निकायको सहभागितामा लक्षित वर्गको लागि सुरक्षित आवास निर्माण हुने, गाउँपालिका भित्र अपाङ्गमैत्री सार्वजनिक र संस्थागत भवन निर्माण हुन सकेमा सुरक्षित आवास र बस्ती निर्माण हुने देखिन्छ । स्थानीय निर्माण सामाग्रीको प्रयोगलाई प्रोत्साहन गर्न नसकेमा, भवन निर्माण सम्बन्धी मौलिकताको संरक्षण र भवन निर्माण आचार संहिता कडाईका साथ कार्यान्वयन हुन नसकेमा सुरक्षित आवास निर्माणको लक्ष्य प्राप्ति चुनौतीपुर्ण हुन्छ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

मुलुकको आर्थिक–सामाजिक विकासलाई गतिशील प्रदान गरी सर्वाङ्गीण विकासमा टेवा पु¥याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । दिगो विकास लक्ष्य ९ ले उद्योग, नविन खोज र पूर्वाधार अन्तरगत उत्थानशिल पूर्वाधारको निर्माण, समावेशी र दिगो औधोगिकीकरणको प्रवद्र्धन र नवीन खोजलाई

प्रोत्साहन गर्ने लक्ष्य रहेको छ। नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम तहगत सरकारको अधिनमा रहन जाने सडक सञ्जालको विकास तथा विस्तारको जिम्मेवारी सम्बन्धित सरकारको मातहतमा रहने व्यवस्था गरेको छ। विगतका विकासका प्रयासहरुले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएता पनि तुलनात्मक रुपमा यस क्षेत्रको विकास सन्तोष जनक पाईंदैन। कन्चनपुर जिल्लाकै दुर्गम स्थानीय निकायको रुपमा रहेको लालझाडी गाउँपालिकामा सडक पूर्वाधारको अवस्था नाजुक रहेको छ। पालिकामा जम्मा १९८ कि.मि रडाक रहेको मा वडा नं ५.२ र १ मा २८ कि मि सडक कालोपत्रे, ५० कि कच्ची वा धुले सडक, र बाँकी ग्राभेल सडक रहेको छ । बिगतका केहि बर्षमा धेरै कच्चि सडकहरु नयाँ बनेको भएता पनि बर्षाको समयमा यि सडक संचालनमा समस्या हुने गरेको पाईन्छ। गाउँपालिका भित्र प्रायः सबै वस्तीहरुमा कच्चि सडकको संजाल पुगिसकेको छ। यस गाउँपालिका क्षेत्रभित्र कुनैपनि मुख्य राजमार्ग तथा सहायक सडक नपर्ने कारणले पनि यो क्षेत्र सडकको पहुँचमा पछाडि परेको देखिन्छ। सडक संजाले नजिकका स्थानीय निकाय तथा धनगढी तथा महेन्द्र नगर जस्ता शहर संग पनि जोडिएको छ तारा नियमित र भरपर्दो सार्वजानिक यातायात सेवाको सुविधा भने छैन । यस गाउँपालिकाको नजिक दक्षिणमा रहेको हुलाकि राजमार्ग तथा उत्तरमा रहेको पूर्व-पश्चिम राजमार्ग सँग स्तरीय सडक संचालन हुन सके यस गाउँपालिकाका अन्य सडक विस्तारमा पनि सहजता हुने अवस्था रहेको छ। यस गाउँपालिकाको पूर्वमा लालझाडी संरक्षित वन तथा अन्य दिशामा दोदा नदिले गर्दा सडक संजाल विस्तारमा कठिनाई हुने गरेको छ।

यस गाउँपालिकाको मुख्य जलाधार दोदा नदिमा धेरै पुलहरु निर्माण गर्नु पर्ने छ भने ति मध्ये केहि निर्माणको क्रममा र केहि निर्माण सम्पन्न भइ संचालनको क्रमामा रहेका छन्। यस गाउँपालिकाको सडक संजाललाई मुख्य राजमार्गहरुसँग जोड्ने कार्यलाई प्राथमिकतामा राखी पुलहरुको निर्माण गरिएको छ । यस गाउँपालिकामा भरपर्दो सार्वजनिक यातायातको ब्यवस्था हुन सकेको छैन । प्रायः मानिसहरुले साइकल तथा मोटरसाइकल प्रयोग गरेको पाइन्छ भने सामान ओसारपसारको लागि गोरुगाडा, लडिया आदि प्रयोग गर्ने गरिएको छ आजकाल सामान ढुवानिको लागि। ट्रयाक्टरको प्रयोग बढ्दो क्रममा रहेको छ।

### ५.२.२ समस्या तथा चुनौति

संभावित डुबान तहभन्दा माथि भरान गरेर सडक निर्माण गर्नु पर्ने भएकोले लागत बढ्ने साथै सडक, पुल जस्ता पूर्वाधारको निर्माणमा गाउँपालिकाको बजेट अपुग हुने हुँदा सडक तथा पुलजस्ता आधारभूत पूर्वाधार निर्माणमा समस्या भएको छ । बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापनमा कमी रहेको छ । यस क्षेत्रका पक्की, ग्राभेल र कच्ची सडकहरूमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरूमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढ्दै गइरहेको छ।

### ५.२.३ सोच

सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता

### ५.२.४ उद्देश्य

- गाउँपालिका भित्र दिगो सडक संजालको ब्यवस्था गरी यस गाउँपालिका भित्रका मानिसहरुमा सद्यमशिलता विकास गर्नु
- उत्पादित वस्तुहरु सहज रुपमा बाहिर लैजाने र आवश्यक वस्तुहरु भित्र्याउन कठीन नहुने अवस्थाको सिर्जना गर्नु

- यस क्षेत्रको पर्यटन प्रवर्धनमा टेवा पुर्याउनु

### ५.२.५ रणनीति

- बिद्यमान सडकलाई स्तरोन्नती तथा सडक सुबिधा नपुगेको स्थानमा सडक पूर्वाधारको विस्तार गर्ने
- सडक गुरुयोजनामा आधारित भई सडक सञ्जालको विकास र विस्तार र स्तरोन्नति गर्ने ।
- सडक मापदण्ड निर्धारण गरी भौगोलिक सूचना प्रणालीको प्रयोगद्धारा सडकको रेखाङ्कन, नक्साङ्कन र नामाकरण गर्ने ।
- कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा तथा सुबिधालाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरणमैत्री र विपद्उत्थानशिल सडक तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्ने ।
- पूर्वाधार निर्माणका लागि विकास साझेदारहरू, संघीय, प्रदेश तथा अन्य स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने ।
- सडक सुविधाको स्तरीयताका लागि बिश्वसनीय सहायक पूर्वाधारहरु(पुल, कल्भर्ट, कजवे, नाली आदि) को निर्माण गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| १२ महिना सञ्चालन हुने सडकको २ कि.मि. वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | २५ | ३० | ४० | ५० | ६० |
| कालोपत्रे सडक | कि.मि. | ८ | २८ | ३१ | ३६ | ५१ |
| ग्राभेल सडक | कि.मि. | ११९ | १२० | ११७ | १३१ | १२७ |
| कच्चि सडक | कि.मि. | ५३ | ५० | ४० | ३१ | २० |
| पक्कि पुल | संख्या | ३ | ३ | ३ | ५ | ६ |
| ३० मिनेट भित्र सार्वजनिक यातायातको पहुँचमा भएको जनसंख्या | प्रतिशत | ३० | ३० | ४० | ५० | ६० |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | १२५३१० | ६९५५१ | ५५७५९ | ० | २५०० | ११९२१० | ३६०० | ० |
| २०८४-८५ | १३२५४० | ७०५४२ | ६१९९८ | ० | ३५०० | १२५२४० | ३८०० | ० |
| २०८५-८६ | १३६५१० | ७१६४२ | ६३९६८ | ० | ३७०० | १२८६१० | ४२०० | ० |

### ५.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वार्ड नं 3 को रिंग रोड | नागरिक मा सहज यातायात सुविधा पुर्यानु | २०८३/०८४ देखि २०८५/०८६ | १२००० | रिंग रोड तयार भएको हुने छ |
| २ | सडक कालो पत्रे | नागरिक मा सहज यातायात सुविधा पुर्यानु | | २५००० | १५ किमी सडक कालोपत्रे भएको हुने छ |
| ३ | ग्राभेल गर्ने | नागरिक मा सहज यातायात सुविधा पुर्यानु | | ८५०० | ५० कि मि सडक ग्राभेल भएको हुने छ |
| ४ | नया ट्रयाक खोल्ने | नागरिक मा सहज यातायात सुविधा पुर्यानु | २०८३/०८४ | १५०० | २ कि मि सडकको त्यार्क खोलिएको हुनेछ |
| ५ | सडक पूल निर्माण | नागरिक मा सहज यातायात सुविधा पुर्यानु | २०८४/०८५-२०८५/०८६ | ३८००० | यातायात मा सहजता आएको हुने छ |
| ६ | झोलुंगे पुल मर्मत | नागरिक मा सहज यातायात सुविधा पुर्यानु | २०८४/०८५ | ३०० | नागरिकका आवत जावतमा सुबिधा पुगेको हुनेछ |

### ५.२.९ जोखिम तथा अनुमान

सडक, पुल तथा यातायात जस्ता धेरै बजेट माग हुने कार्यक्रमहरुमा संघीय, प्रदेश तथा अन्य सरोकारालाहरुको सहयोग रहनेछ । संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ । नगर गौरव,

रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा

### ५.३.१ पृष्ठभूमि

भूमिगत पानि यस गाउँपालिकाको प्रमुख जलस्रोतको रुपमा रहेको छ भने यहाँको प्रमुख खोलानालामा दोदा नदि पर्दछ । अन्य साना खोलानालाहरु भएतापनि बाह्रै महिना पानि बगेको पाइदैन । यहाँ केहि ताल, तलैया तथा सिमसार क्षेत्रहरु रहेका छन् । ९५% भन्दा बढी मानिसहरु भूमिगत जलस्रोतकै भर परेको पाइन्छ । गाउँपालिकाका सबै क्षेत्रमा विद्युतको पहुँच पुगेको भएता पनि बिश्वसनीय तथा गुणस्तरीय सेवा पुर्याउनु जरुरि देखिन्छ । यहाँ खाना पकाउनको लागि ९०% भन्दा बढी घरमा दाउराको प्रयोग भएको पाइन्छ भने ६% ले ग्याँस, २ % ले बिजुली, ०.१ प्रतिशतले गुइठा, १.६% ले बायोग्याँस प्रयोग गर्ने गरेको पाइन्छ । यहाँ सुधारिएको चुलो प्रयोग गर्ने परिवार २% रहेका छन् । पछिल्ला दिनमा खाना पकाउने उर्जाको श्रोतका रुपमा दाउराको उपयोगमा कमी आएको छ भने आयातित उर्जामा निर्भरता बढेको र खाना पकाउने उर्जाको प्रमुख श्रोतमा एलपी ग्यास, दाउरा तथा वायो ग्यास रहेको छ गाउँपालिकाले परम्परागत उर्जामा निर्भर परिवारलाई अनुदान सहितको बैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गरिरहेको छ ।

### ५.३.२ समस्या तथा चुनौति

बोरिङ गरेका ठाउँहरुमा पानीको दुरुपयोग हुनु र प्रशस्त लगानीमा खनिएको बोरिङ सञ्चालनमा आउन नसक्नु समस्याका रुपमा रहेको छ । पानीको मुहान आबस्यकता अनुसार नभएकोले पिउने पानी, सिँचाई सुबिधा उपलब्ध गराउनु चुनौतिपूर्ण रहेको छ । भूमिगत जलको अधिक उपयोगका कारण सतह घटदै जानु, एलपी ग्यासमा बढ्दो निर्भरता तथा विद्युत्को नियमित आपूर्तिमा कमी, ऊर्जाको उपयोग प्रवद्र्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक उर्जाको विस्तार गर्न नसक्नु चुनौतिका रुपमा रहेको छ ।

### ५.३.३ लक्ष्य

पूर्ण विद्युतिकरण, जलस्रोतको वहुउपयोग र सरकारी कार्यलाई, विद्यालय तथा स्वास्थ संस्थामा नविकरणीय उर्जाको प्रवर्धन घर घरमा बैकल्पिक उर्जाको प्रयोग बढाउने ।

### ५.३.४ उद्देश्य

- स्वच्छ र नविकरणीय ऊर्जाको अध्ययन गरी गाउँपालिका स्तरमा ऊर्जाको उत्पादन बढाउनु
- बिद्युत लाइन विस्तार हुन बाँकि ठाउँहरुमा बिद्युत लाइन विस्तार तथा क्षमता बृद्दी गरी स्थानीय लघुउद्यम विकासमा टेवा पुर्याउनु
- बैकल्पिक ऊर्जा विकासका संभावनाहरुको निर्माण प्रकृयाहरुमा जोड दिई रोजगारिका अवसरहरु सिर्जना गर्नु

### ५.३.५ रणनीति

- नेपाल विद्युत प्राधिकरण, ग्रामिण विधुतिकरण वितरण सहकारी र गाउँपालिकाको समन्वय र सहकार्यमा पालिका भित्रका सबै स्थानमा विधुत सेवा को क्षमता विकास गर्ने

- बैकल्पिक ऊर्जा प्रवर्धन तथा विस्तारका लागि सचेतना कार्यक्रम संचालन तथा प्रोत्साहन अनुदान प्रदान गर्ने
- नविकरणीय ऊर्जाको उत्पादन र उपयोगमा वृद्दि गर्ने

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | ८५ | ८० | ७० | ६५ |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | २ | ३ | ६ | १२ | २५ |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६ | ७ | ८ | १० | १० |
| खाना पकाउन र पानी तताउन बिद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १ | १.५ | २ | ७ | १२ |
| बायोग्यास तथा गोबर ग्यास उत्पादन गर्ने परिवार | संख्या | ८० | ८५ | १२० | २०० | ३०० |
| गाउँपालिकामा सोलार जडान गरिएका परिवार | प्रतिशत | | | | | |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | ५३८० | २८४० | २५४० | ० | ७५० | ४६३० | ० | ० |
| २०८४-८५ | ५५१० | २८९० | २६२० | ० | ८६० | ४६५० | ० | ० |
| २०८५-८६ | ५७५० | २९१५ | २८३५ | ० | ९२० | ४८३० | ० | ० |

### ५.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सौर्य, बायोग्यास तथा अन्य नवीकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रम | स्वच्छ, भरपर्दो तथा वातावरणमैत्री ऊर्जाको पहुँच विस्तार गरी परम्परागत इन्धनमाथिको निर्भरता घटाउने । | २०८१-८०८३ | | सौर्य, बायोग्यास लगायत नवीकरणीय ऊर्जाको प्रयोग वृद्धि हुने, ऊर्जा पहुँच विस्तार हुने तथा वातावरणीय प्रदूषण न्यूनीकरण हुने। |
| २ | विद्युत पहुँच विस्तार तथा वितरण प्रणाली सुदृढीकरण कार्यक्रम | विद्युत सेवा नपुगेका बस्तीमा विद्युत पहुँच विस्तार तथा वितरण प्रणालीको गुणस्तर सुधार गर्ने। | | | सबै वडामा विद्युत पहुँच विस्तार हुने, विद्युत आपूर्ति नियमित तथा भरपर्दो बन्ने र स्थानीय उत्पादन तथा व्यवसायमा टेवा पुग्ने । |
| | वैकल्पिक ऊर्जा आधारित उद्यम तथा रोजगारी प्रवर्द्धन कार्यक्रम | वैकल्पिक ऊर्जा क्षेत्रमा आधारित उद्यम विकास तथा रोजगारीका अवसर सिर्जना गर्ने। | | | ऊर्जा क्षेत्रमा आधारित साना तथा लघुउद्यम स्थापना हुने, स्थानीय रोजगारी सिर्जना हुने र आयआर्जनका अवसर वृद्धि हुने। |

### ५.३.९ जोखिम तथा अनुमान

गुणस्तरीय बिद्युत, नविकरणीय ऊर्जाको प्रयोगमा वृद्दि भएको हुनेछ । गुणस्तरीय बिद्युत र नविकरणीय ऊर्जामार्फत गाउँपालिकास्तरमा रोजगारिको सिर्जना भई यस गाउँपालिकाको मानव विकास सूचकाङ्कमा सुधार हुने अपेक्षा गरिएको छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन भएको हुनेछ वैकल्पिक ऊर्जा लाई प्रोत्साहन अनुदानमा विस्तार, वायोग्यासको उत्पादनमा वृद्धि, शौर्य उर्जाकोउपयोग विस्तार भएको हुनेछ ।सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवद्र्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। आर्थिक विकासको संवाहक एवम् उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा प्रविधि क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाउने दायित्व र जिम्मेवारी गाउँपालिकाको रहेकोछ। दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा वृद्धि गर्ने उल्लेख गरेको छ। नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ। करीव ८५ प्रतिशत परिवारले मोवाईल फोनको प्रयोग तथा ३५ प्रतिशतले टेलिभिजनको प्रयोग गर्छन । गाउँपालिका बासीहरुमा इन्टरनेटको उपयोग विस्तार क्रमशः भइरहेको छ । करिब १५% भन्दा बढी परिवारमा इन्टरनेटको विस्तार भइसकेको पाइन्छ । स्वास्थ्य चौकी, विद्यालयहरु, सार्वजनिक सेवा प्रदायकहरुमा सूचना प्रविधिको व्यवस्था गरिएको छ। गाउँपालिकाका सेवाहरुलाई पुर्णरुपमा कम्प्युटरकृत गर्ने प्रयास गरिएको छ ।

### ५.४.२ समस्या तथा चुनौति

आधुनिक संचार सुविधामा पहुँचको कमी, संचार माध्यमको सदुपयोगमा कमी, सूचना प्रविधि सम्बन्धि पर्याप्त ज्ञानको कमी आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

सूचना तथा प्रविधिको विकासका लागि प्रर्याप्त मात्रामा अनुसन्धान र खोजमुलक कार्य , संचार क्षेत्रमा आवश्यक बजेट विनियोजन नहुन प्रमुख समस्याको रुपमा रहेको छ । संचार क्षेत्रलाई केवल मनोरञ्जनको साधनका रुपमा मात्र प्रयोग गर्नु यस क्षेत्रको अर्को समस्या हो । गाउँपालिका क्षेत्रको वस्ति स्तरसम्म दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर कायम गर्नु प्रमुख चुनौती हो ।

### ५.४.३ लक्ष्य

गुणस्तरीय सूचना तथा सञ्चार प्रविधिमा नागरिकको पहुँच विस्तार गरी डिजिटल साक्षर, सूचना प्रविधिमैत्री र प्रविधिमा आधारित स्थानीय अर्थतन्त्रको विकास गर्ने ।

"सूचना प्रविधिमा आधारित स्थानीय अर्थतन्त्रको निर्माण"

### ५.४.४ उद्देश्य

- गाउँपालिकाका सबै वडा तथा टोलसम्म गुणस्तरीय सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी नागरिकको डिजिटल पहुँच र सूचना प्राप्तिको अधिकार सुनिश्चित गर्ने ।

- एफ.एम., रेडियो, इन्टरनेट तथा अन्य सञ्चार माध्यमहरूको विकास र सुदृढीकरणमार्फत स्थानीय सूचना प्रवाह, जनचेतना तथा सार्वजनिक सूचनामा नागरिकको पहुँच अभिवृद्धि गर्ने ।
- स्थानीय स्तरमा पत्रपत्रिका प्रकाशन, डिजिटल सूचना प्रणाली तथा जनचेतनामूलक सूचना प्रसारणलाई प्रवर्द्धन गरी सूचना प्रविधिमा आधारित ज्ञानमूलक, पारदर्शी र उत्तरदायी स्थानीय शासनको विकास गर्ने ।

### ५.४.५ रणनीति

- वडा कार्यालय, स्वास्थ्य संस्था, कृषी तथा पशुसेवा केन्द्रहरु र मा. बि. हरुमा इन्टरनेट सेवा जडान गर्ने
- ब्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा लगत अनलाइन प्रणालीबाट संचालन गर्ने
- प्रोफाइल योजना, जिन्सि सम्बन्धि सफ्टवेयर, डिजिटल नोटिस बोर्ड, मोबाइल एप्स तयार गरी संचालन गर्ने
- सामुदायिक एफ. एम. रेडियो स्थापना गर्ने
- सूचना प्रविधिको प्रयोग बारे पदाधिकारी तथा कर्मचारीका लागि क्षमता विकास तालिम चालन गर्ने
- पदाधिकारी तथा सेवाग्राही संवाद कार्यक्रम संचालन गर्ने

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | २० | २५ | ३० | ५० | ६० |
| डिजिटल बोर्ड रहेको सार्वजनिक स्थल | संख्या | २ | ५ | ७ | १० | १२ |
| मोबाइल प्रयोगकर्ता घर परिवार | प्रतिशत | ८५ | ९० | ९२ | १०० | १०० |
| सूचना प्रविधिमैत्री शिक्षण हुने विद्यालय | संख्या | १ | ० | २ | ४ | ७ |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | ६४६५ | ३४६८ | २९९७ | ० | ५२५ | ५५७० | ३७० | ० |
| २०८४-८५ | ६८८५ | ३५६० | ३३२५ | ० | ६४० | ५४६५ | ७८० | ० |
| २०८५-८६ | ७२२५ | ३६८० | ३५४५ | ० | ७२० | ५२५५ | १२५० | ० |

### ५.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडा तथा टोलस्तरमा सूचना तथा सञ्चार प्रविधि पहुँच विस्तार कार्यक्रम | सबै वडा तथा टोलसम्म इन्टरनेट, डिजिटल सेवा तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्ने। | २०८३/८०८४ देखि २०८५/०८६ सम्म | | सूचना तथा सञ्चार सेवामा नागरिकको पहुँच वृद्धि हुने, डिजिटल विभाजन न्यूनीकरण हुने तथा सूचना प्रविधिको प्रयोग बढ्ने। |
| २ | सूचना तथा सञ्चार सेवामा नागरिकको पहुँच वृद्धि हुने, डिजिटल विभाजन न्यूनीकरण हुने तथा सूचना प्रविधिको प्रयोग बढ्ने। | स्थानीय सञ्चार माध्यमको क्षमता अभिवृद्धि गरी सूचना, शिक्षा तथा जनचेतना प्रवाहलाई प्रभावकारी बनाउने। | | | स्थानीय एफ .एम. तथा रेडियोमार्फत सूचना प्रवाह सुदृढ हुने, नागरिकमा जनचेतना वृद्धि हुने तथा स्थानीय विषयवस्तुको प्रचारप्रसार बढ्ने। |
| | डिजिटल साक्षरता तथा सूचना प्रविधि क्षमता विकास कार्यक्रम | नागरिक, विद्यार्थी, जनप्रतिनिधि तथा कर्मचारीको सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने । | | | डिजिटल साक्षरता दर वृद्धि हुने, सूचना प्रविधिको सुरक्षित तथा प्रभावकारी प्रयोग बढ्ने र सेवा प्रवाह थप प्रभावकारी बन्ने । |
| | स्थानीय पत्रपत्रिका तथा डिजिटल सूचना | स्थानीय समाचार, सूचना तथा विकास गतिविधिको नियमित | | | स्थानीय सूचना तथा समाचारमा नागरिकको पहुँच |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रकाशन प्रवर्द्धन कार्यक्रम | प्रकाशन र प्रसारणलाई प्रोत्साहन गर्ने । | | | विस्तार हुने, स्थानीय पहिचान प्रवर्द्धन हुने तथा सूचनाको हकको कार्यान्वयनमा टेवा पुग्ने । |
| | ईशासन तथा - डिजिटल सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | गाउँपालिकाका सार्वजनिक सेवाहरूलाई सूचना प्रविधिमा आधारित, छिटोछरितो र पारदर्शी बनाउने । | | | अधिकांश सेवा डिजिटल माध्यमबाट उपलब्ध हुने, सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि हुने तथा सेवाग्राहीको समय र लागत बचत हुने । |

### ५.४.९ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ६: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन भूसंरक्षण तथा जैविक विविधता, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकाको सबै भन्दा बढी भूभाग वनले ओगटेको छ । ९५४० हेक्टर क्षेत्रफल सहित यस गाउँपालिकाको ६२.१% भू-भागमा वन रहेको छ । यहाँ २७ वटा सामुदायिक वनले कुल वन क्षेत्रको ६.४३% क्षेत्रफल ओगटेको छ भने बाँकि ९३.५६% राष्ट्रिय वन रहेको पाइन्छ । वन तथा वन पैदावार यहाँका वासिन्दाहरुको प्रमुख जिविकोपार्जनको साधनको रुपमा रहेको छ। यहाँको वनमा बिशेष गरि साल, साँज, सिसौ जस्ता असल काठ लगायत अन्य बिभीन्न प्रजातिका रुख, बुट्यान तथा झाडीहरु पाइन्छन् । गाउँपालिकाका वासिन्दाहरुको दैनिक जीवन यापनका लागि आवश्यक दाउरा, घाँसपात तथा जडिबुटीहरु वनमार्फत उपलब्ध भइरहेको छ । यहाँका वनक्षेत्रमा बाघ, हात्ति, जरायो, चित्तल, बँदेल, बाँदर, दुम्सी लगायतका बन्यजन्तुका साथै कोइली, सुगा, मयुर, कालिज जस्ता पन्छीहरु पनि रहेको पाइन्छ ।

भू तथा जलाधार संरक्षणमा तीन तहका सरकारको पहल र अग्रसरता रहेको छ । नदि किनारा संरक्षण, बाढी नियन्त्रण, जलाधार क्षेत्रको संरक्षण र पोखरीहरुको सफाई जस्ता गतिबिधि सञ्चालन भएका छन् । लालझाडी गाउँपालिकाको भू–उपयोगको अवस्था हेर्दा सबैभन्दा बढी अर्थात् ६२.१ प्रतिशत भू–भाग वन क्षेत्रले ओगटेको छ। कूल क्षेत्रको २२.९ प्रतिशत खेतोयोग्य जमिन रहेकोमा करिब ६ प्रतिशत आवास क्षेत्रका लागि उपयोग भएको छ । नगरपालिकाले विभिन्न ठाउँमा बृक्षारोपणको कार्य पनि गर्दै आएको छ । बाढी तथा पहिरो नियन्त्रण, खोला तथा खहरे संरक्षण तथा ताल, पोखरीको संरक्षण र वैज्ञानिक व्यवस्थापन पनि नगन्य मात्रामा भएको देखिन्छ। भू-संरक्षणको क्षेत्रमा यस गाउँपालिकामा धेरै कार्यहरु गर्न आवश्यक देखेको छ। बर्षातको समयमा नदि कटान र भू-क्षय यहाँका प्रमुख समस्याहरु हुन् ।मुख्य रुपमा दोदा नदिको कटानले धेरै ठाउँमा खेतियोग्य जमिन बगरमा परिणत हुने गरेको छ। जैवीक विविधताले सम्पन्न यस गाउँपालिकाका वन, सिमसार क्षेत्र, नदिनाला, खोल्सा, जलाधार, सार्वजनिक क्षेत्रहरुको पहिचान गरि संरक्षण र संवर्धन गर्न सम्पूर्ण सरोकारवालाहरु एकजुट हुनुपर्ने देखिन्छ ।

### ६.१.२ समस्या तथा चुनौति

वन पैदावारको दीगो तथा बैज्ञानिक उपयोग हुन नसक्दा गाउँपालिकावासिलाई वनबाट हुनसक्ने जति फाईदा पुगेको छैन । वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन । वातवरणीय स्वच्छता, प्राकृतिक स्रोत र साधनको समुचित उपयोग र संरक्षण हुन सकेको छैन । शहरीकरण तथा अतिक्रमणका कारण वन क्षेत्रको संरक्षणमा चुनौति थपिएकोछ । सामुदायिक वनहरूको संरक्षण र व्यावसायिक उपयोगका लागि कानुनी अड्चनहरू रहेको छ । जलवायु परिवर्तनका कारण यस क्षेत्रमा नदि कटान तथा डुबान जस्ता प्राकृतिक प्रकोपको प्रतिकूल असर परेको छ ।स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको सेवाबारे कम जानकारी रहेको छ । शहरीकरणलाई व्यवस्थित हुन नसक्दा वन तथा जैविक विविधताको संरक्षणमा कठिनाइ भएको छ ।

दिगो र वैज्ञानिक वन व्यवस्थापन प्रणालीको अनुसरण हुन सकेको छैन । विश्वब्यापीरुपमा बढ्दै गएको जलवायु परिवर्तनको असरबाट सुरक्षित तरिकाले वन सम्पादको संरक्षण तथा वनजन्य स्रोतहरुको दिगो व्यवस्थापन अर्को चुनौतिको विषय रहेको छ ।

### ६.१.३ सोच

"दिगो वन, जलाधार तथा पर्यावरणमार्फत समृद्दि"

वन, भूसंरक्षण तथा जैविक विविधताको दिगो संरक्षण, संवर्द्धन र वैज्ञानिक व्यवस्थापनमार्फत वनजन्य स्रोतको उत्पादन तथा उपयोग अभिवृद्धि गर्दै मानववन्यजन्तु द्वन्द्व न्यूनीकरण–, प्राकृतिक स्रोतको संरक्षण तथा स्थानीय समुदायको जीविकोपार्जन र समृद्धिमा टेवा पुऱ्याउने ।

### ६.१.४ उद्देश्य

- दीगो ब्यवस्थापन द्वारा वनक्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्दि गर्नु
- वनजनित कृयाकलापहरुको प्रवर्धनबाट आयआर्जन तथा रोजगारिका अवसरहरु सृजना गर्नु
- जैवीक विविधता  र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्दि र न्यायोचित वितरण गर्नु
- जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनिकरण तथा अनुकुलन रबिपद् जोखिम न्यूनिकरणका उपाय अवलम्बन गर्दै जलस्रोत तथा भूमि संरक्षणबाट भूमिको उत्पादकत्व वृद्दि गर्न वनक्षेत्रको एकिकृत संरक्षण र ब्यवस्थापन गर्नु

### ६.१.५ रणनीति

- वनजंगल संरक्षण गर्न वन उपभोक्ता समितीलई कृयाशील गराउने
- नियमित बृक्षारोपण र वनको संरक्षणलाई ब्यवस्थित गर्ने
- जग्गा यकिन गरि वन अतिक्रमण रोक्के
- बहुउपयोगी जातजातीको बिरुवाको लागी नर्सरी स्थापना गर्ने
- जोखिमक्षेत्र पहिचान गरी घेराबार एवं संरक्षण गर्ने
- सम्बन्धित बिज्ञबाट पहिचान गराई जडिबुटिको ब्यवसायिक खेती गर्ने
- जैवीक विविधतालाई संरक्षण गर्ने उपायको खोजी तथा कार्यान्वयन गर्ने
- जडिबुटि उत्पादन र संकलनलाई ब्यवस्थित गर्ने
- वन पैदावार र जडिबुटिको बजार प्रवर्धन गर्ने
- उपभोक्ता समितीका पदाधीकारीको लागी क्षमता विकास, लेखा ब्यवस्थापन तालिम संचालन गर्ने
- उपभोक्ताहरुलाई सिपमूलक तथा जीविकोपार्जन सम्बन्धि कार्यक्रम संचालन गर्ने

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| सामुदायिक वन | संख्या | २७ | २७ | २८ | २८ | २९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पार्क तथा उद्यान | संख्या | १ | १ | १ | २ | ३ |
| संरक्षित ताल तलैया तथा सिमसार क्षेत्र | संख्या | ० | ० | ० | १ | १ |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | कि मि. | २ | ३ | ४ | ५ | ६ |
| नदि नियन्त्रण पश्चात पुन कृषि गरिएको क्षेत्र | हे. | १० | १५ | २५ | ५० | ९० |
| नयाँ वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | ० | ० | ० | २ | ५ |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १४३५ | ८५० | ५८५ | ० | ० | ११२५ | ३ १० | ० |
| २०८४/८५ | १५७० | ९३० | ६४० | ० | ० | ११२० | ४५० | ० |
| २०८५/८६ | १७५० | ९८० | ७७० | ० | ० | १२४० | ५१० | ० |

### ६.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामुदायिक तथा राष्ट्रिय वन संरक्षण एवं वैज्ञानिक व्यवस्थापन कार्यक्रम | वन क्षेत्रको संरक्षण, संवर्द्धन तथा वैज्ञानिक व्यवस्थापनमार्फत वनको उत्पादकत्व र जैविक विविधता संरक्षण गर्ने। | २०८३-०८६ | | वन विनाश, अतिक्रमण तथा अवैध कटानीमा कमी आउने, वन क्षेत्रको गुणस्तर सुधार हुने तथा वनजन्य स्रोतको दिगो उपयोग सुनिश्चित हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वन्यजन्तु व्यवस्थापन तथा मानव वन्यजन्तु–द्वन्द्व न्यूनीकरण कार्यक्रम | जंगली जनावरबाट हुने मानविय, कृषि तथा पशुधन क्षति न्यूनीकरण गरी मानववन्यजन्तु – सहअस्तित्व प्रवर्द्धन गर्ने। | | | वन्यजन्तुबाट हुने क्षति घट्ने, वन क्षेत्र वरिपरि सुरक्षात्मक संरचना विस्तार हुने तथा स्थानीय समुदायमा सुरक्षा अनुभूति बढ्ने । |
| | भूसंरक्षण–, नदी नियन्त्रण तथा हरित पूर्वाधार विकास कार्यक्रम | नदी कटान, भूक्षय तथा – जमिनको क्षयीकरण न्यूनीकरण गरी कृषि तथा वन क्षेत्रको संरक्षण गर्ने। | | | नदी कटान तथा भू–मी आउनेक्षयमा क, जोखिमयुक्त क्षेत्र संरक्षण हुने तथा प्राकृतिक स्रोतको दिगो उपयोगमा सहयोग पुग्ने । |
| | जैविक विविधता तथा सिमसार संरक्षण कार्यक्रम | | | | |
| | वनजन्य उद्यम तथा हरित जीविकोपार्जन प्रवर्द्धन कार्यक्रम | वनजन्य उत्पादनको मूल्य अभिवृद्धि, प्रशोधन तथा बजारीकरणमार्फत स्थानीय आयआर्जन वृद्धि गर्ने । | | | वनमा आधारित उद्यम विकास हुने, स्थानीय रोजगारी सिर्जना हुने, वनजन्य उत्पादनबाट आय वृद्धि हुने तथा समुदायको जीवनस्तर सुधार हुने। |

### ६.१.९ जोखिम तथा अनुमान

देशभित्रका सबै निकायहरुको समन्वयका साथै यस क्षेत्रको अपरिहार्यता बुझी प्राथमिकताका साथ बजेट ब्यवस्थापन हुनसकेमा यो क्षेत्रबाट उच्चतम लाभ लिनसकिने छ । संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन् तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन नभएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिककलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक व्यवस्था गरी यसको व्यवस्थापनलाई तीनै तहका सरकारको उच्च प्राथमिकतामा राखेको छ । वातावरणीय व्यवस्थापन भनेको प्राकृतिक स्रोतहरूसँग मानवको विवेकपूर्ण संयोजन हो जहाँ कानुनी दायरा, आर्दशतम उपभोग, पर्यावरणीय सन्तुलनजस्ता आधारभूत तथ्यहरू पनि समावेश भएको हुनुपर्दछ । लालझाडी गाउँपालिकाको अधिकांश

क्षेत्र वन तथा कृषी क्षेत्रको रुपमा रहेकोले यहाँको वातावरण स्वच्छ, सफा र हराभरा देखिन्छ । वायू तथा ध्वनि प्रदुषण यो क्षेत्रमा नगन्य रहेको पाइन्छ । तर निकासिको कमजोर अवस्थाले जलप्रदुषण कमजोर अवस्थामा रहेको छ । गाउँपालिकाका बिभिन्न खुल्ला क्षेत्र, सार्वजनिक स्थल, पाटी पौवा तथा चौतारीहरुले पनि यस क्षेत्रको वातावरणलाई शुद्द राख्न मद्दत पुर्याएका छन् ।
पालिका क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरु नभएता पनि बैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत प्रवर्धन गर्ने, सौर्य ऊर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको रुपमा दाउराको प्रयोग कम गर्दै जाने, बायो ग्याँसमा अनुदान उपलब्ध गराउने जस्ता कार्यक्रमहरु संचालन भैरहेको पाइन्छ । गाउँपालिकालाई खुल्ला दिशापिशावमक्त गाउँपालिका घोषणा गरोसकेको  भएता पनि सरसफाईको अवस्था हेर्दा यस गाउँपालिकामा एक घर एक चर्पिको कार्यान्वयन पूर्ण रुपमा नभएको देखिन्छ ।

### ६.२.२ समस्या तथा चुनौति
यस क्षेत्रमा फोहोरमैला व्यवस्थापनको लागि संकलन, ढुवानी र सुरक्षित विसर्जनको सुरुवात गरेतापनि त्यसको व्यवस्थापन भने भैसकेको छैन । वस्ति तथा गाउँ क्षेत्रमा जथाभावी फोहोर फ्याक्ने, प्लाष्टिकको अत्याधिक प्रयोग गर्ने, ढल तथा प्रशोधन केन्द्रको व्यवस्था नहुँदा फोहोरको उचित व्यवस्थापन नहुने, वायु, जल तथा ध्वनी प्रदूषण जस्ता वातावरणीय समस्याहरू वृद्धि भईरहेका छन् । वातावरण सम्बन्धी यस क्षेत्रको प्रमुख समस्यामा फोहोर व्यवस्थापन तथा दोश्रो समस्याको रुपमा जल प्रदूषण रहेका छन् । वन तथा वातावरण क्षेत्रको संरक्षणमा समन्वय र सहकार्यको अभिवृद्धि गर्नु, मानव र वन्य जन्तु बीचको व्यवस्थापन गर्नु, जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गर्नु र उत्पादित फोहोरको व्यवस्थित व्यवस्थापन गर्नु वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रका चुनौती हुन् ।

### ६.२.३ लक्ष्य
स्वच्छ, सन्तुलित तथा वातावरणमैत्री दिगो विकास सुनिश्चित गर्दै वातावरण संरक्षण तथा हरित विकासलाई प्रवर्द्धन गर्ने ।

### ६.२.४ उद्देश्य
- समुदायका पायक पर्ने स्थानहरुमा फोहर संकलनको ब्यवस्था मिलाउनु
- सरसफाई सुविधाको पहुँचको सुनिश्चितता गर्नु

### ६.२.५ रणनीति
- बजार केन्द्रहरुमा सार्वजनिक शौचालयहरुको ब्यवस्था गर्ने
- बिद्यालय तथा सरकारी कार्यालय हातामा नियमित सरसफाईको ब्यवस्था गर्ने
- जनचेतना कार्यक्रम, फोहर बर्गीकरण तथा ब्यवस्थापन सम्बन्धि कार्ययोजना तर्जुमा गरि लागु गर्ने
- प्रत्येक घरधुरीमा कम्तीमा दुइ बिरुवा रोप्ने अभियान संचालन गर्ने
- बगैँचा र करेसाबारी प्रवर्धन गर्ने
- सुधारीएको चुलो लगायत बैकल्पिक ऊर्जाका प्रविधिहरु प्रवर्धन गर्ने, सौर्य वस्ति विस्तार गर्ने
- प्लास्टिक झोला तथा शिशामुक्त गाउँपालिका निर्माण गर्ने

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य
आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | संख्या | २७ | २७ | | | |
| ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | ० | ० | १ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | ० | १ | ० |
| स्रोतमा नै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ० | १ | ४ |

## ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ५०० | १०० | ४०० | ० | ५० | ३०० | १५० | ० |
| २०८४/८५ | ७०० | १०० | ६०० | ० | ५० | ५०० | १५० | ० |
| २०८५/८६ | १५०० | १०० | १४०० | ० | १०० | १३०० | १०० | ० |

## ६.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | २०८३-२०८४ देखि ०८५/०८६ | | |
| १ | घरदैलो तथा सामुदायिक फोहर व्यवस्थापन अभियान | घरधुरी तहबाट फोहरको उचित व्यवस्थापन र वर्गीकरणलाई प्रोत्साहन गर्नु | | ६०० | घरधुरीमा कुहिने र नकुहिने फोहर छुट्याउने अभ्यास विकास भई वातावरणीय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सरसफाइमा सुधार आउने |
| २ | सार्वजनिक शौचालय तथा सरसफाइ पूर्वाधार निर्माणस्तरोन्नति / कार्यक्रम | सर्वसाधारणलाई सुरक्षित तथा सहज सरसफाइ सुविधा उपलब्ध गराउनु | | ७०० | सार्वजनिक स्थानमा सरसफाइ सुविधाको पहुँच वृद्धि भई खुला स्थानमा फोहोर तथा अस्वच्छ अभ्यास न्यूनीकरण हुने |
| ३ | सार्वजनिक स्थानमा फोहर संकलन केन्द्र )Dustbin/Collection Point) स्थापना कार्यक्रम | समुदायका मुख्य स्थानहरूमा फोहर संकलनको सहज व्यवस्था गर्नु | २०८५/०८६ | २५०० | टोल, बजार तथा सार्वजनिक स्थलहरूमा व्यवस्थित फोहर संकलन प्रणाली स्थापना भई जथाभावी फोहर फाल्ने प्रवृत्तिमा कमी आउने |
| ४ | | | | | |

### ६.२.९ जोखिम तथा अनुमान

आन्तरिक तथा बह्य फोहरमैलाको उचित ब्यवस्थापनको कार्ययोजना बनाई लागु गरिएको खण्डमा वातावरण प्रदुषणका साथै महामारि लगायतका समस्याहरुबाट उन्मुक्ति मिलेकोहुनेछ। उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

यस गाउँपालिकाको सबै भन्दा ठूलो बिपद् डुबानको कारणले हुने गरेको छ। बाढी, हावाहुरी, चट्याङ, नदि कटान, अगलागी, खडेरी अन्य बिपद्का घटनाहरु पनि बारम्बार दोहोरिने गरेका छन्। स्थानीय बिपद् जोखिम योजना अन्तर्गत केहि तालिम र औजारहरुको ब्यवस्था भएता पनि पूर्णरुपमा ब्यवस्थापन हुन सकेको छैन। गाउँपालिका क्षेत्रभित्र आगलागि भएमा छिमेकी नगरपालिका तथा अन्य निकायमा सम्पर्क गर्नुपर्ने अवस्था रहेको पाइन्छ। त्यस्तै मानवीय क्रियाकलापबाट वातावरणमा पर्न जाने नकारात्मक प्रभावहरूले वातावरणीय प्रकोपको जोखिमलाई बढाउँदै गएको छ। यस्ता जोखिमलाई स्वीकार्य र संभाव्य तहमा घटाउन विपद् व्यवस्थापनलाई नीतिगत, क्षेत्रगत तथा कार्यक्रमिक सवै तहमा मूलप्रवाहीकरण गर्दै लैजानु जरुरी छ।

लालझाडी गाउँपालिकाको ६ वटा वडामा विपद् व्यवस्थापनका लागि प्राथमिक उपचार केन्द्र स्थापना गरिएको छ। गाउँपालिकाका ६ वटै वडामा समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति रहेको छ। जलवायु परिवर्तन अनुकूलनका लागि अन्तर सरकार सहकार्यमा विस्तार हुँदै गएको छ।

### ६.३.२ समस्या तथा चुनौति

बर्षायामको डुबान यो क्षेत्रको प्रमुख समस्याको रुपमा रहेको छ। विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन। गाउँपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको विपद् व्यवस्थापमा क्षमताको कमी रहेको, आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा गर्नु जरुरी रहेको, बर्षाको समयमा डुबान तथा नदि कटान भई खेतीवारी, बाटो, घर, वस्ती डुब्ने तथा भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या बढदै गएको छ। जलवायु परिवर्तनको असर जैविक विविधता, वर्षाको प्रवृति तथा जलाधार क्षेत्रमा प्रत्यक्ष रुपमा परेको छ। आगालागी, डढेलो, महामारी जस्ता प्राकृतिक प्रकोप यस क्षेत्रका अन्य समस्या हुन।

### ६.३.३ लक्ष्य

“सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील स्थानीय सरकार” विपद जोखिम व्यवस्थापन गर्ने।
“जलवायु उत्थानशिल गाउँपालिकोको निर्माण” जलवायु परिवर्तन अनुकूलन

### ६.३.४ उद्देश्य

- विकासका योजनामा विपद् ब्यवस्थापनलाई समाहित गराई विपदबाट हुने मानवीय एवं भौतिक लगायतका क्षतिलाई न्यूनिकरण गर्नु
- दीगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु
- वातावरणमा दूरगामी असर पार्ने प्लाष्टिकजन्य वस्तुको प्रयोगमा कमी ल्याउनु

### ६.३.५ रणनीति

- बिपद् पूर्वतयारि, न्यूनिकरण, आकस्मिक उद्दार, राहत लगायत बिपद् ब्यवस्थापनका सबै आयाम समेट्ने गरि बिपद् ब्यवस्थापन कार्यक्रम संचालन गर्ने
- बिपद् जोखिमबाट बच्ने उपायको अभ्यास लगायत झटपट झोला प्रयोगको तालिम गर्ने
- भवन आचार संहिता कार्यान्वयनमा ल्याउने, भवनलाई भूकम्प प्रतिरोधि बनाउने
- सबै बिद्यालय भवन सबलीकरण गरी भूकम्प प्रतिरोधि बनाउने
- सुरक्षा निकायहरुमा तालिमप्राप्त टोली खटाउन सम्बन्धित निकायमा समन्वय गर्ने
- स्वास्थ्य संस्थाको स्तरोन्नति सहित प्रत्येक स्वास्थ्य चौकीमा एक थान एम्बुलेन्स ब्यवस्था गर्ने
- हरेक वस्तीपिच्छे खुला क्षेत्र तथा सुरक्षित आवास गृहको निर्माण गर्ने
- नदि तटीय क्षेत्रमा साइरन आदि बाढी पूर्वसूचना प्रणाली कार्यान्वयनमा ल्याउने
- नदि किनारमा तारजालि तथा बायो ईन्जिनियरिङ बिधिबाट तटबन्धन गर्ने
- भू-उपयोग नीति र योजना कार्यान्वयन गर्ने

- जोखिमयुक्त क्षेत्र संरक्षण गर्न विस्तृत अध्ययन प्रतिवेदनका आधारमा कार्ययोजना ल्याई कार्यान्वयन गर्ने
- सडक निर्माण गर्दा भूगोल र वातावरणीय सर्वेक्षण गरी मापदण्ड पुरा गरेर मात्र निर्माण गर्ने
- जंगली जनावरको आतंक नियन्त्रणका लागि वन कार्यालयसँग समन्वय गर्ने
- आगलागि नियन्त्रणका लागि कृत्रिम अभ्यासहरु संचालन गर्ने

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| राहत वितरण गरिएका विपद् प्रभावित घरधुरी | संख्या | २७ | ३० | ५० | ६५ | ९० |
| बिपद् व्यवस्थापन कोष | रु. हजार | ३००० | ५००० | ६००० | ७००० | १०००० |
| पहिचान तथा नियन्त्रण भएका वाढी तथा डुवान स्थल | संख्या | १७ | १७ | १७ | २२ | २२ |
| पहिचान तथा अभिलेख भएका सुरक्षित खुल्ला क्षेत्र | संख्या | ७ | ७ | १० | १० | १२ |
| सञ्चालनमा रहेका दमकल, एम्बुलेन्स तथा शव वाहन | संख्या | १ | २ | २ | २ | ३ |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ संस्था | संख्या | १७ | १७ | १७ | १९ | २२ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | १३३५० | ६५४० | ६८१० | ० | १०५० | ११०५० | १२५० | ० |
| २०८२/८३ | १३९६० | ६५४० | ७४२० | ० | १२५० | १११६० | १५५० | ० |
| २०८३/८४ | १४१०० | ६६५० | ७४५० | ० | १५२० | १०६९० | १८९० | ० |

### ६.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद जोखिम पहिचान तथा नक्साङ्कन कार्यक्रम | स्थानीय तहमा रहेका विपद जोखिम क्षेत्रहरूको पहिचान र अभिलेखीकरण गर्नु | २०८३/८०८४ देखि २०८५/०८६ | १५०० | जोखिमयुक्त क्षेत्रहरूको नक्साङ्कन भई विपद व्यवस्थापन योजनाको प्रभावकारी कार्यान्वयन हुने |
| २ | समुदायमा आधारित विपद पूर्वतयारी तथा सचेतना कार्यक्रम | समुदायको विपद प्रतिकार्य क्षमता अभिवृद्धि गर्नु | | १२०० | विपद सम्बन्धी जनचेतना वृद्धि भई समुदायको पूर्वतयारी तथा सुरक्षात्मक व्यवहारमा सुधार आउनेछ |
| | विपद उद्धार तथा प्रतिकार्य सामग्री व्यवस्थापन कार्यक्रम | विपदका समयमा तत्काल उद्धार तथा राहत सेवा प्रदान गर्ने क्षमता विकास गर्नु | | १२०० | आवश्यक उद्धार सामग्री तथा उपकरणको व्यवस्था भई आपतकालीन अवस्थामा छिटो प्रतिकार्य सम्भव हुने |
| | तटबन्ध निर्माण | प्राकृतिक विपदबाट हुने क्षति न्यूनीकरण गर्नु | | ३५००० | जोखिमयुक्त क्षेत्रमा संरक्षण संरचना निर्माण भई जनधन तथा पूर्वाधारको क्षति कम हुने |
| | जलवायु अनुकूलन तथा उत्थानशील पूर्वाधार विकास कार्यक्रम | जलवायु परिवर्तनका असर सामना गर्न सक्षम | | २५०० | जलवायुमैत्री पूर्वाधार निर्माण भई समुदायको अनुकूलन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पूर्वाधार तथा प्रणाली विकास गर्नु | | | क्षमता र उत्थानशीलता वृद्धि हुने |

### ६.३.९ जोखिम तथा अनुमान

वन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ । संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि भएको हुनेछ । स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ । जलवायू परिवर्तनको असर, आर्थिक मन्दी, प्राकृतिक स्रोतको अनुचित दोहन, महामारी, प्राकृतिक बिपत्तिमा वृद्धि जस्ता जोखिमहरु यस क्षेत्रमा रहेका छन् ।

## परिच्छेद ७: संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप–क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

### ७.१ नीति, कानून, न्याय तथा सुशासन

#### ७.१.१ पृष्ठभूमि

लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता हो । न्याय व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट मात्र संवैधानिक व्यवस्थाले परिकल्पना गरेको कानुनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवद्र्धन तथा शान्ति, सुशासन र विकासका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सम्भव हुन्छ । यसका लागि नगरपालिकामा न्याय प्रणालीको विकास, विस्तार र कार्यान्वयन गर्नु आवश्यक छ । यस गाउँपालिकाले प्रशासकीय ऐन २०७४, शिक्षा ऐन २०७४, सहकारी ऐन २०७५, फोहोरमैला व्यवस्थापन ऐन, संस्था दर्ता ऐन लगायतका ११ विषयमा ऐन, ३ वटा नियमावली, ११ वटा निर्देशिका, ३० वटा कार्यविधी र ३ वटा मापदण्ड प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । विगत तीन आर्थिक वर्षको तथ्यांकअनुसार हालसम्म न्यायिक समितिमा जम्मा ४२ वटा उजुरीहरू परेकामा निर्णय तथा मेलमिलाप गरी जम्मा ३८ मुद्दाहरू फछ्र्यौट भएका, २ ओटा मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा विचाराधीन रहेको र ३ ओटा दरपिट र बाँकी तामेलीमा रहेका छन् । सङ्घीय संरचना अनुसार गठित स्थानीय सरकार आफै संवैधानिक रुपमा अधिकार प्राप्त सार्वभौम सरकार भएकाले गाउँपालिकाले पनि आफ्नो परिस्थिती अनुसारको संस्थागत संरचनाको निर्माण गरी शासकीय अवस्थालाई चुस्त बनाउन सक्ने देखिन्छ । गाउँपालिकाको निर्णय प्रकृयामा स्थानीयको सहभागितालाई सुनिश्चित गर्न सूचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोगलाई बढवा दिन थालिएको छ ।

#### ७.१.२ समस्या तथा चुनौति

योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापनालगायतका चुनौति विद्यमान रहेका छन् । नेपालको संविधान व्यवस्थाअनुसार गाउँपालिकाले अझै विपद् व्यस्थापन तथा अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरणलगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानूनको समेत पूर्ण कार्यान्वयन हुन सकेको छैन। तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेषगरी विपन्न तथा लक्षित वर्गलाई सुसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालन हुन सकिरहेको छैन ।

#### ७.१.३ लक्ष्य

“पारदर्शी, जिम्मेवार र जवाफदेही गाउँपालिका बनाउने ”

#### ७.१.४ उद्देश्य

- भ्रष्टाचारजन्य कसुरलाई कडा कारवाहिको प्रकृयामा लग्नु
- आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा दीगोपनमा स्थानीय सहभागिता सुनिश्चित गर्नु

- लेखा समितिलाई प्रभावकारि बनाई आय र ब्ययको जानकारी सार्वजनिक गरि सबै सरोकारवालासम्म पुर्याउनु
- उत्तरदायित्वले अख्तियारीको दुरुपयोगलाई नियन्त्रण गरि गुणस्तरीय सेवाको उपलब्धता सुनुश्चित गर्नु

### ७.१.५ रणनीति

- सामाजिक जवाफदेहिता तथा पारदर्शिता सम्बन्धि कार्यबिधी निर्माण तथा कार्यान्वयन गर्ने
- सार्वजनिक सुनुवाई ब्यवस्थित गर्ने
- उपभोक्ता समितिमा सार्वजनिक लेखा परिक्षण सम्बन्धि क्षमता विकास तालिम कार्यक्रम गर्ने
- सबै कार्यालयहरुमा नागरिक वडापत्र तयार गरि राख्ने
- कार्यबिधी बनाई सेवाग्राहिको सन्तुष्टि मापन गर्ने
- सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोक्ने
- पेश्कि फछ्यौट तथा बेरुजु असुल गर्न प्रभावकारी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने
- गुनासो पेटिका सहित नियमित गुनासो सुनुवाईको ब्यवस्था गर्ने

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| **सूचक** | **एकाइ** | **गत आ.ब. सम्मको उपलब्धि** | **चालु आ.ब.को अनुमानित उपलब्धि** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| गाउँ पालिकामा कार्यरत मानब संसाधन | **संक्या** | **१२५** | **१२५** | १२५ | १३० | १३५ |
| नयाँ नीति, कानून र कार्यविधि तर्जुमा (मस्यौदा समेत) | संख्या | ७५ | ७७ | ७७ | ७८ | 81 |
| नयाँ दर्ता भएका मुद्दा | संख्या | ५२ | ४२ | ३८ | ३३ | २५ |
| न्याय निरुपण भएका मुद्दा | संख्या | ४० | ३८ | ३२ | ३० | २२ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ८ | ८ | १० | ११ | १४ |
| सार्वजनिक सुनुवाई आयोजना (बार्षिक) | संख्या | १२ | १२ | १२ | १८ | १८ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब..... | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल..... | चालु..... | पूँजिगत | बित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | ६२५० | २५०० | ३७५० | ० | २०० | ६०५० | ० | ० |
| २०८४-८५ | ६३२० | २६५० | ३६७० | ० | ५०० | २१५० | ० | ० |
| २०८५-८६ | ६५५० | २७१० | ३८४० | ० | ५०० | ६०५० | ० | ० |

### ७.१.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम | स्थानीय सरकारका योजना तथा सेवामा नागरिकको सहभागिता र निगरानी सुनिश्चित गर्नु | २०८३/०८४-२०८५/०८६ | १२५० | नागरिक सहभागिता वृद्धि भई सार्वजनिक निकायप्रति उत्तरदायित्व र पारदर्शिता मजबुत हुने |
| २ | न्यायिक समिति तथा मेलमिलाप क्षमता अभिवृद्धि कार्यक्रम | स्थानीय स्तरमा छिटो, सरल र प्रभावकारी न्याय सम्पादनलाई सुदृढ बनाउनु | | ७५० | स्थानीय विवादहरूको न्यायोचित समाधान भई न्यायमा नागरिकको पहुँच वृद्धि हुने |
| | विद्युतीय सुशासन )E-Governance) तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन | सेवा प्रवाहलाई सरल, छिटो, पारदर्शी र नागरिकमैत्री बनाउनु | | १४५० | सेवाग्राही सन्तुष्टि वृद्धि भई गुनासो सुनुवाइ तथा सेवा प्रवाहको गुणस्तरमा सुधार आउने |

### ७.१.९ जोखिम तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध

भएमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ ।

## ७.२ सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

यस गाउँपालिकाको कार्यालय हालमा पुरानो स्वास्थ्य चौकि भवनमा संचालन हुँदै आएको छ । नयाँ गाउँपालिका भवनको लागि आबश्यक जमीनको खोजि भइरहेको छ । सबै वडा कार्यालयहरु निर्माण भई संचालनमा आइसकेका छन् । एकीकृत सेवासहितको गाउँ कार्यपालिका, ६ वटै वडाको केन्द्रमा आधारभूत सुविधासहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह भइरहेको छ । गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरिएको छ ।

गाउँपालिकामा हाल रहेका प्रशासन, योजना, जिन्सी, लेखा, राजस्व, पूर्वाधार, नक्शा, शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा जेष्ठ नागरिक, पञ्जीकरण, गैसस, कृषि, पशुपंछी, सहकारी, आन्तरिक लेखा परीक्षण, वन वातावरण तथा विपद् व्यवस्थापन, कानून र सूचना तथा प्रविधि शाखामा कुल १९१ कर्मचारी कार्यरत रहेका छन् । गाउँपालिकाको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वे गरी संस्थागत संरचना निर्माण गर्ने लक्ष्य रहेको छ । गाउँपालिकाका सबै वडा कार्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउँदै सहज र सरल सेवा प्रवाहमा जोड दिदै लगिएको पाइन्छ ।

### ७.२.२ समस्या तथा चुनौति

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ । गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन सकेको छैन । जनशक्तिको परिचालन तथा गाउँपालिकाको सेवा र सुबिधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी हुन सकेको छैन । गाउँपालिकाबाट भएका कार्यहरुको उचित अभिलेख व्यवस्थापन र सबैले बुझ्ने गरि पसिूचकहरु सहितको प्रतिवेदन प्रकाशन गर्ने प्रचलन नभएकोले पारदर्शितामा प्रश्न उठ्ने गरेको छ ।

### ७.२.३ लक्ष्य

पारदर्शी, जनउत्तरदायी, सदाचारयुक्त र सूचना प्रविधिमा आधाारित विधिको शासन तथा सेवा प्रवाह गर्ने ।

### ७.२.४ उद्देश्य

- स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु
- छरितो संगठन संरचना, क्षमतावान जनशक्ति गुणस्तरीय सेवा प्रबाहको सुनिश्चित गर्नु
- नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली चुस्त र मजबुत पार्नु

### ७.२.५ रणनीति

- स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राही मैत्री बनाउने
- कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने
- गाउँ कार्यपालिका तथा वडा कार्यालयको संगठन तथा क्षमता विकास सुदृढीकरण गर्ने

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| नगरपालिका कार्यरत मानव संशाधन | संख्या | १२५ | १९१ | १९१ | १९५ | २१० |
| गाउँपालिका कार्यरत प्राविधिक र बिषयबिज्ञ कर्मचारी | संख्या | १६ | १६ | १६ | १७ | २१ |
| कार्यपालिका र वडा कार्यालय भवन | संख्या | ७ | ७ | ७ | ८ | ८ |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ५६५० | ३२०० | २४५० | ० | ० | ५६५० | ० | ० |
| २०८४/८५ | ५९८० | ३३५० | २६३० | ० | ० | ५९८० | ० | ० |
| २०८५/८६ | ६५४० | ३६८० | २०८० | ० | ० | ६५४० | ० | ० |

### ७.२.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युतीय सुशासन तथा डिजिटल सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | सूचना प्रविधिमा आधारित, सरल, सहज र सेवाग्राहीमैत्री सेवा प्रवाह सुनिश्चित गर्नु | २०८३/०८४–२०८५/०८६ | २२०० | अधिकांश प्रशासनिक सेवा डिजिटल माध्यमबाट प्रवाह भई सेवाप्रवाह छिटो, पारदर्शी र प्रभावकारी हुने |
| २ | कर्मचारी क्षमता विकास तथा मानव संसाधन सुदृढीकरण कार्यक्रम | स्थानीय सेवाको व्यवस्थापन क्षमता, दक्षता र कार्यसम्पादन अभिवृद्धि गर्नु | | १८५० | दक्ष, जिम्मेवार र सेवामुखी जनशक्ति विकास भई गुणस्तरीय सेवा प्रवाह सुनिश्चित हुने |
| ३ | आन्तरिक नियन्त्रण, वित्तीय सुशासन तथा पारदर्शिता प्रवर्द्धन कार्यक्रम | आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु | | १७५० | सार्वजनिक वित्त व्यवस्थापन प्रभावकारी भई सुशासन तथा नागरिक विश्वासमा वृद्धि हुने |
| ४ | वडा तथा गाउँ कार्यपालिका संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | वडा तथा गाउँ कार्यपालिकाको संगठनात्मक क्षमता र सेवा प्रवाह सुदृढ गर्नु | | १३६० | वडा स्तरबाट प्रभावकारी, छरितो र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित हुने |

### ७.२.९ जोखिम तथा अनुमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजस्व तथा श्रोत परिचालनको लागि विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिई कार्यक्रम कार्यान्वयन गरिएको छ। गाउँपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका श्रोत परिचालनको अभ्यास रहेको छ। वेरुजु न्यूनीकरणका लागि नीति तथा कार्यक्रम निर्माण एवम् लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिएको छ। राजस्व

सुधार कार्ययोजना तर्जुमा तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ । आन्तरिक राजस्व सुधार तथा अभिवृद्धि कार्यक्रम वित्तीय स्रोत परिचालन तथा पूँजी निर्माण कार्यक्रम कार्यान्वयनमा रहेका छन् ।

### ७.३.२ समस्या तथा चुनौति

आर्थिक क्रियाकलाप न्यून हुनु, राजस्वको ठूलो हिस्सा संघीय र प्रदेश अनुदानमा निर्भर रहनु, राजस्वमा करको अंश कम हुनु, करको दायरा कम हुनु तथा सम्भावना अनुरुप राजस्व उठ्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । सबै साना ठुला आर्थिक क्रियाकलापहरुलाई करको दायराभित्र ल्याउनु, आर्थिक वृद्धि र राजस्वबिच सबल अन्तरसम्बन्ध कायम गर्नु, करदाता र कर प्रशासनमा व्यावसायिकता, पारदर्शिता र सदाचारिता कायम गर्नु चुनौति छ ।

### ७.३.३ लक्ष्य

सुदृढ र प्रगतिशिल राजस्व प्रणाली तथा व्यवस्थित रुपमा स्रोत परिचालन गर्ने ।

### ७.३.४ उद्देश्य

- उत्पादन, लगानी, व्यावसाय तथा करदातामैत्री एवम् स्वच्छ, तटस्थ, पारदर्शी, प्रगतिशील कर प्रणालीको विकास तथा स्वैच्छिक कर सहभागिताबाट अधिकतम राजस्व संकलन गर्नु
- राजस्वका नयाँ क्षेत्रहरुको पहिचान र विद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउनु
- आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु

### ७.३.५ रणनीति

- राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड गर्ने
- स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धि | चालु आ.ब.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४/८५ | २०८५/८६ |
| वार्षिक आन्तरिक आय रकम | रु. हजार | ५४५१८ | ७००० | ७५०० | ८५०० | ९२०० |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. हजार | १७४३४ | १८४३४ | १९५० | २११० | २२१० |
| कुल वार्षिक बजेट खर्च | प्रतिशत | ८५ | ८३ | ८६ | ८६.६ | ८८ |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३-८४ | ६७२० | ३५७० | ३१५० | ० | ० | ५४७० | १२५० | |
| २०८४-८५ | ६९५० | ३७४० | ३२१० | ० | ० | ५६३० | १३२० | ० |
| २०८५-८६ | ७१६० | ३९१० | ३३५० | ० | ० | ५८१० | १३५० | ० |

### ७.३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व सुधार तथा करदातामैत्री प्रशासन सुदृढीकरण कार्यक्रम | कर प्रणालीलाई पारदर्शी, प्रविधिमैत्री तथा करदातामैत्री बनाई राजस्व संकलन वृद्धि गर्नु | २०८३/०८४ देखि २०८५/०८६ सम्म | ३००० | करदाताको दायरा विस्तार भई आन्तरिक राजस्व संकलनमा उल्लेखनीय वृद्धि हुने |
| २ | राजस्वका नयाँ स्रोत पहिचान तथा कर आधार विस्तार कार्यक्रम | सम्भावित राजस्व क्षेत्रहरूको अध्ययन गरी नयाँ आयस्रोत विकास गर्नु | | २५०० | नयाँ राजस्व स्रोत पहिचान भई गाउँपालिकाको आन्तरिक आय वृद्धि हुने |
| ३ | करदाता शिक्षा, राजस्व सचेतना तथा स्वैच्छिक कर सहभागिता कार्यक्रम | कर तिर्ने संस्कृतिको विकास गरी स्वैच्छिक कर सहभागिता बढाउनु | | २००० | करदाताको सचेतना वृद्धि भई समयमै कर दाखिला गर्ने प्रवृत्ति विकास हुने |
| ४ | आन्तरिक तथा बाह्य स्रोत परिचालन सुदृढीकरण कार्यक्रम | संघ, प्रदेश, विकास साझेदार तथा निजी क्षेत्रबाट स्रोत परिचालन वृद्धि गर्नु | | ३५०० | विकास निर्माणका लागि थप वित्तीय स्रोत सुनिश्चित भई वित्तीय आत्मनिर्भरता बढ्ने |

### ७.३.९ जोखिम तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजस्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गरी तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्दछ । उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ७.४ तथ्याङ्क प्रणाली र योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

लालझाडी गाउँपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक योजना तर्जुमा गरी सोको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयारीको अभ्यास भएको छ । आयोजना बैंक तयार गर्ने, मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गर्ने र मध्यमकालीन खर्च संरचना अनुसार वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामूखी विकास पद्धति कार्यान्वयनमा ल्याइएको छ ।

गाउँसभाबाट न्यायिक समिति, विद्यान समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापनलगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

### ७.४.२ समस्या तथा चुनौति

योजना तथा बजेट तर्जुमा र निर्णय प्रक्रियामा समावेशी तथा सहभागितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन् । शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना अनुसार गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । संविधानले दिएका साझा अधिकारका बुझाइमा अन्योलता सिर्जना हुनु, कतिपय अवस्थामा एउटै शिर्षकमा फरक फरक तहका सरकारले कर लगाइनु, स्थानीय तहमा भौतिक पुर्वाधार तथा जनशक्ति व्यवस्थापनमा कठिनाई हुनु र सन्तुलित विकासको लागि भौगोलिक विकटता रहनु प्रमुख समस्या रहेकाछन् ।

### ७.४.३ लक्ष्य

प्रमाण तथा नतिजामा आधारित विकास प्रशासन संचालन गर्ने

### ७.४.४ उद्देश्य

- योजना तर्जुमालाई तथ्यपरक, सहभागितामूलक र नतिजामूलक तुल्याउनु
- स्थानीय शासन प्रणालीको सन्तुलीत र दिगो विकास गर्नु

### ७.४.५ रणनीति

- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने
- तथ्याङ्क उत्पादन र आपूर्तिमा सबै तथ्याङ्कीय स्रोतहरु जस्तै घरधुरी सर्वेक्षण तथा प्रशासनिक अभिलेख को उपयोग गर्ने
- सङ्घीय र प्रदेश सरकारको सहयोग र समन्वयमा आफ्नो भौगोलिक क्षेत्रको बस्तुस्थिति विश्लेषण गरी सोको सही सदुपयोग गर्ने गरी विविध उपायको अवलम्बन गर्ने
- गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| **सूचक** | **एकाइ** | **गत आ.ब. सम्मको उपलब्धि** | **चालु आ.ब.को अनुमानित उपलब्धि** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| कुल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ७० | ७० | ७१ | ७३ | ७६ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | संख्या | ३ | ४ | ४ | ४ | ५ |
| नगरमा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | १० | ११ | १३ | १५ | १८ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ७० | ७२ | ७४ | ७६ | ८१ |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग ब्यापार तथा ब्यवसाय उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

| आ. ब. | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजिगत | बित्तिय ब्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८१/८२ | ८९५० | ४८५० | ३७०० | ० | ० | ८३०० | ६५० | ० |
| २०८२/८३ | ८६७० | ४२६० | ४४१० | ० | ० | ७६९० | ९८० | ० |
| २०८३/८४ | ९१४० | ४३१० | ४८३० | ० | ० | ८११० | १०३० | ० |

### ७.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त बिवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| क्र. स. | आयोजना/कार्यक्रम | कार्यक्रमको उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क व्यवस्थापन तथा स्थानीय प्रोफाइल अद्यावधिक कार्यक्रम | योजना तर्जुमाका लागि भरपर्दो तथ्याङ्क तथा सूचनाको आधार तयार गर्नु | २०८३/०८४–२०८५/०८६ | ३०० | अद्यावधिक तथ्याङ्क तथा स्थानीय प्रोफाइल उपलब्ध भई तथ्यमा आधारित योजना तर्जुमा हुने |
| २ | सहभागितामूलक योजना तर्जुमा तथा अनुगमन प्रणाली सुदृढीकरण कार्यक्रम | योजना निर्माण तथा अनुगमनमा नागरिक र सरोकारवालाको सहभागिता सुनिश्चित गर्नु | | ३७०० | योजना प्रक्रियामा जनसहभागिता वृद्धि भई स्थानीय आवश्यकता अनुसारका योजना तर्जुमा हुने |
| ३ | नतिजामूलक योजना कार्यान्वयन तथा मूल्याङ्कन प्रणाली विकास कार्यक्रम | विकास आयोजनाको प्रभावकारिता मापन तथा नतिजामा आधारित व्यवस्थापन प्रवर्द्धन गर्नु | | २९४० | योजनाको कार्यसम्पादन, अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी हुने |
| ४ | संस्थागत क्षमता विकास तथा सुशासन प्रवर्द्धन कार्यक्रम | स्थानीय शासन प्रणालीलाई सुदृढ, उत्तरदायी र दिगो बनाउनु | | २८०० | संस्थागत क्षमता अभिवृद्धि भई सेवा प्रवाह र सुशासनमा सुधार आउने |

### ७.४.९ जोखिम तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुनेछ । उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ ।